सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

८ असोज २०८२, बुधबार (24 Sep 2025, Wednesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १६४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ पहिरोको इपिसेन्टर तुइनखोला

डेढ सातामा १३ पहिरो

राजधानी काठमाडौंसँग देशका धेरैजसो जिल्ला जोड्ने लाइफलाइन मानिएको मुग्लिन–नारायणगढ सडकखण्डको तुइनखोलामा दिनदिनै गइरहेको पहिरोले दसैँमा हजारौँ यात्रुको बिचल्ली



तुइनखोलामा मंगलबार अपराह्न ४:५५ बजे गएको पहिरो । यसअघि गत शुक्रबार गएको पहिरोले अवरुद्ध पारेको सडक तीन दिन लगाएर सोमबार मात्रै पूर्ण रूपमा खुलाइएको थियो ।

■ २८ भदौयता तुइनखोलामा कहिले-कहिले गयो पहिरो ?

- २८ भदौ : बिहान ९ बजे (आधा घण्टामा सडक सञ्चालन)
- २८ भदौ : बिहान साढे ९ बजे (बिहान ११ बजे सडक सञ्चालन)
- २९ भदौ : बिहान ११ बजे (मध्याह्न १२ बजे सडक सञ्चालन)
- ३० भदौ : बिहान साढे ९ बजे (बिहान ११ बजे सडक सञ्चालन)
- ३१ भदौ : राति ८:१५ बजे (१ असोज बिहान ८:१५ बजे सडक सञ्चालन)
- १ असोज : मध्याह्न १२ बजे (दिउँसो ३ बजे सडक सञ्चालन)
- २ असोज : बिहानै (बिहान ८:३० बजे सडक सञ्चालन)
- २ असोज : दिउँसो (साँझ ५:३० बजे सडक सञ्चालन)
- ३ असोज : साँझ ६:३० बजे (सडक ठप्प)
- ४ असोज : बिहान ८ बजे ठुलो पहिरो, त्यसपछि निरन्तर पहिरो
- ५ असोज साँझ ४:१५ मा एकतर्फी सडक सञ्चालन
- ६ असोज : सडक दुईतर्फी सञ्चालनका लागि पहिरो पन्छाउन दिउँसो १ बजेदेखि ५:३० बजेसम्म सडक बन्द (साँझ ५:३० बजे सडक दुईतर्फी सञ्चालन)
- ७ असोज : बिहानै ढुंगा खस्दा केही घण्टा सडक अवरुद्ध (बिहान ८:१५ बजे एकतर्फी सडक सञ्चालन)
- ७ असोज : दिउँसो १ बजे पहिरो (सडक ठप्प)
- ७ असोज : साँझ ४: ५५ झन् ठुलो पहिरो (सडक ठप्प)

तत्काल सडक खुल्ने अवस्था नरहेकाले वैकल्पिक मार्ग प्रयोग गर्न प्रशासनको अपिल

यम बम/नयाँ पत्रिका

पोहोर दसैँको मुखमा मध्यअसोजको बाढीले काठमाडौं उपत्यकालाई जोड्ने सबैजसो सडकमा क्षति गऱ्यो । रोशी र सुनकोशी नदीले पूर्वी नेपालको लाइफलाइन बिपी राजमार्ग नौ ठाउँमा बगायो । अस्थायी ट्र्याकमार्फत आवागमन भइरहे पनि सडक बनिसकेको छैन ।

यसपालि पनि दसैँको मुखमै राजधानी काठमाडौंलाई जोड्ने प्रमुख मार्ग मुग्लिन-नारायणगढ हरेक दिन पहिरोको ट्र्यापमा पर्न थालेको छ । मुग्लिन बजारदेखि करिब दुई किलोमिटरमा रहेको चितवनको इच्छाकामना गाउँपालिका- ६ स्थित तुइनखोला पुलछेउमा २८ भदौबाट हरेक दिन पहिरो खस्न थालेपछि यात्रुले सास्ती खेप्नुपरेको हो । पहिरोको इपिसेन्टर तुइनखोलामा डेढ सातामा १३ पहिरो खसेको छ ।

पछिल्लोपटक तीन दिन अवरुद्ध र त्यसपछि एक दिन एकतर्फी बनेको सडक पहिरो पन्छाएर दुईतर्फी सञ्चालन गरेको भोलिपल्टै मंगलबार भीषण पहिरो खसेपछि

» पृष्ठ २ मा क्रमशः

■ ३० प्रतिशत मतदाता विदेशमा

मतदानको व्यवस्था गर्न कति सहज ?

२१ फागुनको निर्वाचनमा विदेशमा रहेका नेपालीलाई मताधिकार दिने सरकारको प्रारम्भिक योजना, तर कानुनदेखि स्रोत-साधनसम्म चुनौती, आइ-भोटिङ प्रावधानसमेत समावेश भएको विधेयक २७ महिनादेखि गृह मन्त्रालयमा अलपत्र

०७५ मा निर्वाचन आयोगका आयुक्त नरेन्द्र दाहाल नेतृत्वको कार्यदलको सुझाव–

मतदानपूर्व टुंग्याउनुपर्ने ६ काम

१ कानुनी प्रबन्ध : **विदेशमा बस्ने नेपाली नागरिकलाई मताधिकार दिने स्पष्ट कानुनी व्यवस्था**

२ भोटिङ प्रणालीको छनोट : **हुलाकमार्फत मतदान वा इन्टरनेटमार्फत 'आइ-भोटिङ'मध्ये कुन प्रणाली अपनाउने ?**

३ देश चयन : **सम्भाव्यता अध्ययनका आधारमा कुन-कुन मुलुकमा मतदान गराउने भन्ने निर्णय**

४ मतदाता नामावली व्यवस्थापन : **विदेशस्थित नेपाली नागरिकलाई कसरी नामावलीमा समावेश गर्ने भन्ने स्पष्ट प्रणाली**

५ नागरिकताको पहिचान : **नेपाली नागरिक र गैरआवासीयको दस्ताबेजका आधारमा पहिचान**

६ 'निर्वाचन नहुने' देशका चुनौती : **कतार वा दुबईजस्ता मुलुक, जहाँ ठुलो संख्यामा कामदार छन्, त्यहाँ मतदान गर्दा रोजगारीमा असर पर्न सक्ने भएकाले कूटनीतिक समन्वयमार्फत समाधान**

कमलराज भट्ट/नयाँ पत्रिका

जेन-जी विद्रोहपछि बनेको अन्तरिम सरकारले आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनमा विदेशमा रहेका नेपाली नागरिकलाई मताधिकार दिने प्रारम्भिक योजना अघि सारेको छ । अन्तरिम सरकारले यस्तो व्यवस्था मिलाउन सबै उपाय अपनाइने प्रतिबद्धता जनाए पनि कानुन निर्माणदेखि प्रक्रिया, प्रणाली र स्रोत-साधन व्यवस्थापनसम्म चुनौती छन् ।

०७२ मा संविधान जारी भएपछि भएका हरेक निर्वाचनअघि प्रवासी नेपालीलाई मतदानमा

» पृष्ठ २ मा क्रमशः



विदेशमा रहेका नेपाली नागरिकलाई मताधिकार दिनेबारे २७ महिनादेखि गृहमा अलपत्र विधेयकमा यस्तो छ व्यवस्था

निर्वाचन आयोगले विदेशमा रहेका नेपाली नागरिकलाई मतदानमा सहभागी गराउने उद्देश्यसहित १८ असार ०८० मा 'निर्वाचनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक' गृह मन्त्रालयमा पठाएको थियो । जुन २७ महिनादेखि अलपत्र छ ।

विधेयकको दफा २०४ मा विदेशमा रहेका मतदाताले पनि मतदान गर्न पाउने भनेर प्रस्ताव गरिएको छ । यसका लागि मतदाता नामावलीमा नाम समावेश हुनुपर्ने उल्लेख छ । यस्तो व्यक्तिलाई सम्बन्धित मुलुकमा रहेको वा सम्बन्धित मुलुकका लागि तोकिएको नेपाली कूटनीतिक नियोगको सहयोगमा सोही मुलुकबाटै मतदान गर्न पाउने व्यवस्था मिलाउन सकिने विधेयकमा भनिएको छ । त्यस्ता मतदाताले प्रतिनिधिसभाको समानुपातिकतर्फको निर्वाचन प्रणालीअनुसार हुने निर्वाचनमा तोकिएबमोजिम मतदान गर्न सक्नेछन् । मतदानको व्यवस्था मिलाउने तथा त्यसरी मतदान भएको मतपत्रको गणनासम्बन्धी अन्य व्यवस्था कानुनमा तोकिएबमोजिम हुने भनिएको छ । त्यस्तै, मतदान गर्ने व्यवस्था गरिएको मुलुकको विवरण नेपाल राजपत्रमा प्रकाशन गरिने विधेयकमा उल्लेख छ । सूचना प्रविधि (अनलाइन)को प्रयोग गरी मतदान गर्दा वा गराउँदा मतदाताले गरेको मतदानको गोपनीयता भंग हुँदैन भन्ने कुरामा आयोग विश्वस्त भएमा त्यस्तो प्रविधिमार्फत समानुपातिकतर्फ मतदान गराउन बाधा नपर्ने विधेयकमा भनिएको छ ।

मतदानको व्यवस्थाबारे के भन्छन् सरकार, आयोग र विज्ञ ?

● **दिनेश थपलिया**, पूर्वप्रमुख निर्वाचन आयुक्त



हामीले पठाएको मस्यौदा २७ महिनादेखि गृहमा अड्किएको छ । एक वर्षअघि कानुन आएको भए सबै व्यवस्थापन सकिन्थ्यो । अहिले सबै विषय सम्बोधन गरेर अगाडि लैजान चुनौतीपूर्ण देखिन्छ, तर असम्भव छैन ।

● **ओमप्रकाश अर्याल**, गृहमन्त्री



विदेशमा रहेका नेपालीले समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत भए पनि मतदान गर्न पाउनैपर्छ भन्ने छ । सर्वोच्चले आदेश दिएको पनि धेरै भयो । अब यसलाई सम्भव बनाउनैपर्छ । सकेसम्म सबैलाई समेट्ने प्रयास हुन्छ । कुनै देशमा प्राविधिक समस्या रहे जहाँ-जहाँ सम्भव बनाउन सकिन्छ, त्यसमा प्रयास रहन्छ ।

● **रामप्रसाद भण्डारी**, कार्यवाहक प्रमुख आयुक्त



हामी पनि अध्ययन गर्दै छौं । सरकारले पनि गरिरहेको छ । मुख्य कुरा कानुनले कति सहजीकरण गर्छ भन्ने हो । हामीले त पहिलेदेखि नै आवाज उठाएको हो । विधेयकमा पनि प्रस्ताव गरेर पठाएको हो ।

● **डा. दीपेश घिमिरे**, प्राध्यापक, त्रिवि



६ महिना एकदमै छोटो समय हो । नीतिगत र संरचनागत अध्ययनविना नै गृहमन्त्रीले विदेशमा रहेका नेपालीको मतदान सुनिश्चित गर्छु भन्नुभयो । म भने निकै चुनौतीपूर्ण देख्छु ।

■ कांग्रेसमा विशेष महाधिवेशनको बहस

शेखर-गगन पक्षले थाल्यो हस्ताक्षर अभियान, संस्थापन पक्ष नियमित महाधिवेशनको पक्षमा



शेखर कोइराला



गगन थापा

प्रेम गौतम/नयाँ पत्रिका

कांग्रेस केन्द्रीय कार्यसमितिको चारवर्षे कार्यकाल आगामी मंसिरमा सकिँदै छ । पार्टी विधानअनुसार नियमित महाधिवेशन मंसिरमा गर्नुपर्छ । तर, जेन-जी आन्दोलनमा पार्टी कार्यालय ध्वस्त भएको, अभिलेख जलेर नष्ट भएको र सदस्यताको विषय नटुंगिएको कारण देखाउँदै संस्थापन म्याद थप्ने दाउमा रहँदा इतर समूहले तत्काल विशेष महाधिवेशनका लागि दबाब बढाएको छ ।

संस्थापनइतर पक्षले हस्ताक्षर अभियान चलाएर संस्थापनमाथि दबाब बढाएको छ । काठमाडौंमा उपलब्ध १०९ महाधिवेशन प्रतिनिधिको हस्ताक्षर भइसकेको छ । बाँकीलाई पनि हस्ताक्षर गराउन फर्म्याट तयार हुँदै गरेको युवानेता गुरुराज घिमिरेले बताए । दसैँभर आवश्यक संख्या

» पृष्ठ २ मा क्रमशः

विशेष महाधिवेशनका लागि कोजाग्रत पूर्णिमाआसपास लिखित प्रस्ताव दर्ता गर्छौं



● **गुरुराज घिमिरे**, इतर पक्षका नेता

मुलुकको विषम राजनीतिक परिस्थितिका कारण पार्टीमा पनि विशेष परिस्थिति उत्पन्न भयो । नियमित महाधिवेशनको कुनै छाँटकाँट छैन । पार्टीका अभिलेख खरानी भएका छन् । पार्टी केन्द्रीय कार्यालय ध्वस्त भएको छ । जिल्ला-जिल्लाको अवस्था पनि त्यस्तै छ । वडा कार्यालयसमेत जलेको अवस्था छ । यस्तो वेला आगामी मंसिरमा नियमित महाधिवेशन हुने सम्भावना छैन । त्यसैले विशेष महाधिवेशनका लागि आह्वान गरेका छौं । साथीहरू उत्साहित हुनुहुन्छ । कोजाग्रत पूर्णिमाआसपास लिखित प्रस्ताव दर्ता गर्छौं ।

पार्टी विधानअनुसार नै चल्छ, कसैले सडकबाट भन्दैमा हुँदैन



● **डा. प्रकाशशरण महत**, कांग्रेस प्रवक्ता

अभिभावकमाथि सांघातिक प्रहार हुँदा उपचार अवधिसम्म पनि पर्खन नसक्ने प्रवृत्तिले पार्टीलाई राम्रो गर्दैन । हामी नियमित महाधिवेशनमै जाँदै छौं । महाधिवेशन आवश्यक काम सकिएपछि हुन्छ । विधि, विधानअनुसार कांग्रेस चल्छ । कसैलाई मन लाग्यो भनेर सडकबाट भन्दैमा हुँदैन ।

चाडपर्वमा ६ हजार प्रहरी परिचालन हुने, ड्रोनबाट समेत निगरानी

घटस्थापनादेखि सुरु गरिएको सुरक्षा योजना छठ पर्वसम्म कायम रहने

(विस्तृत पृष्ठ ३)

कर्नर किक

● रवि मिश्र



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

शिक्षामन्त्री पुनलाई मन्त्रालयमै सुत्ने कोठा र भान्सा


नयाँ पत्रिका

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनका लागि मन्त्रालयमै आवासको व्यवस्थापन गरिएको छ । सोमबार पदभार ग्रहण गर्दै मन्त्री पुनले आफ्नो लागि मन्त्रालयमै ओछ्यानको प्रबन्ध मिलाउन निर्देशन दिएका थिए । 'मेरो त जहाँ काम गऱ्यो त्यहीं बस्ने बानी छ । एउटा कोठा बनाउनुस्, मन्त्रालयमै बस्छु । एउटा कुर्सी चाहिन्छ । किचन चाहियो । आफैं पकाएर खान्छु,' उनले भनेका थिए ।

मन्त्रीको निर्देशनअनुसार मन्त्रालयमै आवासको व्यवस्था गरिएको शिक्षा मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले बताए । 'मन्त्रीज्यूले मन्त्रालयमै आवासको व्यवस्था गर्न भन्नुभएको थियो । मन्त्रालयले व्यवस्थापन गरेको छ,' उनले भने, 'अब मन्त्रीज्यू मन्त्रालयमै बस्नुहुन्छ ।' उनका अनुसार मन्त्रालयको पहिलो तलामा मन्त्रीकै कार्यकक्षकै छेउमा सुत्ने कोठा तयार गरिएको छ । बेडहरू राखिएको छ । ओछ्यान तयार पारिएको छ ।

भान्साका लागि भने मन्त्रालयकै पुरानै भान्सा प्रयोग हुने भएको छ । भान्सामा दाल-चामल, भाँडाकुँडालगायत आवश्यक सामान प्रबन्ध भइसकेको छ । 'कार्यकक्षसँगै सुत्ने बेड तयार भएको छ । भवनकै किचेनमा उहाँले भान्सा प्रयोग गर्नुहुन्छ । यो पनि कोठानजिकै छ,' सापकोटाले भने । मन्त्री पुनले आफैं पकाउने घोषणा गरिसकेका छन् । उनले भान्से लिएका छैनन् । मन्त्रीको सचिवालयका अनुसार पुनले राति अबेरसम्म विज्ञसँग परामर्श गर्ने र दिउँसो कार्यान्वयन गर्ने रणनीति बनाएका छन् ।







शिक्षामन्त्री महावीर पुनका लागि मन्त्रालयमै व्यवस्था गरिएको सुत्ने कोठा र भान्सा । पदभार ग्रहण गरेलगत्तै उनले आफूलाई मन्त्रालयमै बस्ने प्रबन्ध मिलाउन निर्देशन दिएका थिए । मन्त्रालयको पहिलो तलामा कार्यकक्षको छेउमा सुत्ने कोठा तयार गरिएको छ । भान्साका लागि सहयोगी पनि लिएका छैनन् । तस्बिर : **सतिश पोखरेल**/नयाँ पत्रिका

शिक्षामन्त्री पुनले दिए तीन निर्देशन

१ **हरेक सामुदायिक माविमा कम्प्युटर शिक्षकको दरबन्दी अनिवार्य**
सामुदायिक माध्यमिक विद्यालयमा पढ्ने विद्यार्थी कम्प्युटर शिक्षाबाट वञ्चित नहुन् भन्ने उद्देश्यले हरेक विद्यालयमा एक कम्प्युटर शिक्षकको दरबन्दी अनिवार्य थप्न निर्देशन दिएका छन् ।

२ **तीन महिनाभित्र परीक्षाफल नदिने विश्वविद्यालयको अनुदान रोक्का**
केही विश्वविद्यालयले परीक्षा लिएको आठ महिनादेखि एक वर्षसम्म पनि परीक्षाफल सार्वजनिक नगर्दा विद्यार्थीलाई अपूरणीय क्षति पुगेको भन्दै बढीमा तीन महिनाभित्र अनिवार्य परीक्षाफल निकाल्न निर्देशन दिएका छन् । यो निर्देशन पालना नगर्ने विश्वविद्यालयको अनुदान रोक्का गर्ने चेतावनी पनि दिएका छन् ।

३ **त्रिवि कीर्तिपुर हाताभित्र बगैंचासहित फुटपाथ बनाउने**
त्रिभुवन विश्वविद्यालय कीर्तिपुर हाताभित्र ठुलो क्षेत्रफलमा रहेको झाडी फाँडेर सुन्दर बगैंचासहित फुटपाथ निर्माण गरी आकर्षक बनाउने पनि मन्त्री पुनले बताएका छन् ।

■ राष्ट्रिय गौरवका योजनाको कछुवा प्रगति

सुनकोशी-मरिण र भेरी-बबईको ठेक्का तोड्ने ऊर्जामन्त्री घिसिङको चेतावनी



सुनकोशी–मरिण डाइभर्सन



भेरी–बबई डाइभर्सन

- **सुनकोशी–मरिणको ठेक्का अलपत्र, बाँध विद्युत्गृह-लगायतका संरचना निर्माणको प्रगति १० प्रतिशत मात्रै**
- **जलविद्युत् हेडवर्क्समा १० प्रतिशत मात्रै प्रगति**
- **१४ वर्षमा पनि पूरा भएन भेरी–बबई सिँचाइ आयोजना**
- **सिभिलको काम पाँच वर्षमा ५७ प्रतिशत मात्रै प्रगति**
- **हाइड्रो मेकानिकलको काम आधा मात्रै सम्पन्न**
- **इलेक्ट्रो मेकानिकलको काम गर्न पनि समय थपेको थप्यै**

मिलन विश्वकर्मा

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले दुई ठुला गौरवका आयोजना सुनकोशी-मरिण र भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय सिँचाइ आयोजनाको ठेक्का तोड्ने संकेत गरेका छन् ।

लामो समयदेखि निर्माण थालिएका दुवै आयोजनाको प्रगति सन्तोषजनक नभएको र थपिएको म्यादमा समेत निर्माण सम्पन्न हुने बलियो आधार नभेटिएपछि उनी म्याद थप गर्नुको सट्टा ठेक्का तोडेर नयाँ टेन्डर प्रक्रिया सुरु गर्ने मनस्थितिमा पुगेका हुन् । मंगलबार दिउँसो मन्त्रालयका सचिव सरिता दवाडी, सिँचाइ विभागका महानिर्देशक मित्र बराल, दुवै आयोजनाका प्रमुख, परामर्शदाता र निर्माण व्यवसायी राखेर उनले

» पृष्ठ २ मा क्रमशः

सुनकोशी–मरिण...

पृष्ठ १ बाट क्रमशः

आयोजनाका ठेक्का तोडेर नयाँ सिराबाट अगाडि बढ्नुको विकल्प नभएको बताएका हुन् । तराई क्षेत्रमा सिँचाइ पुऱ्याएर कृषिको उत्पादकत्व वृद्धि गरी मुलुकको अर्थतन्त्रमा योगदान पुऱ्याउने आयोजनाका निर्माणमा भइरहेको अस्वाभाविक ढिलाइले आयोजनाबाट प्राप्त हुने प्रतिफल गुमिरहेको उनको भनाइ छ । 'एक पक्षले अर्को पक्षलाई दोष देखाएर बसेको देखिन्छ, निर्माण व्यवसायी छिद्र खोज्दै बस्ने र आयोजना त्यस्तो वातावरण दिइराख्ने । यस्तो अवस्थामा निर्माण कसरी अगाडि बढ्छ ? राज्यको अर्बौं रुपैयाँ लगानी भइसकेको छ, ब्याजको मात्र हिसाब गर्ने हो भने अर्बौं हुन्छ, यस्तो अवस्थामा आयोजना सुरु गर्दा गरिएको वित्तीय विश्लेषण कहाँ पुग्यो, प्रतिफलको अवस्था के भयो ?' घिसिङले छलफलमा सहभागी सरकारी अधिकारीहरूलाई प्रश्न गरेका छन् । सिँचाइ विभागका महानिर्देशक मित्र बरालले सर्वपक्षीय रूपमा छलफल गरेर यसबारे निर्णय गरिने बताए । 'यी ठेक्काहरू यथास्थितिमा अगाडि बढाउने अवस्था छैन । मन्त्रीज्यूले भनेअनुसार परियोजना, निर्माण कम्पनी र परामर्शदातासँग छलफल गरेर सात-आठ दिनमा के गर्ने भनेर निर्क्योल गर्छौं,' उनले भने, 'यी दुवै परियोजनाको अहिले चालू ठेक्काको प्रगति राम्रो छैन ।'

प्रा.डा. गान्धी पण्डित कानुनी प्रक्रिया पूरा गरेर ठेक्का तोड्न सकिने बताउँछन् । 'सरकारले ठेक्का तोड्ने नै भए, भविष्यमा मुद्दा मामिला व्यहोर्न नपर्ने वा मुद्दा जित्ने गरी ठेक्का तोड्नुपर्छ । कानुनी प्रक्रिया पूरा नगरी ठेक्का तोड्दा अनावश्यक दायित्व सिर्जना हुने जोखिम पनि छ,' उनले भने ।

सुनकोशी–मरिणको ठेक्का अलपत्र, बाँध विद्युत् गृहलगायतका संरचना निर्माणको प्रगति १०% मात्रै

सुनकोशी-मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजनाको १३ किलोमिटर सुरुङ निर्माण सकिएको छ । तर, बाँध, विद्युत् गृहलगायतका संरचना निर्माणको प्रगति १० प्रतिशत मात्रै छ । ठेक्का समयावधि भने करिब ६० प्रतिशत बितिसकेको छ । यस आयोजनाको निर्माण व्यवसायी पटेल–रमण जेभी हो । तराईका धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारा जिल्लाका करिब एक लाख २२ हजार हेक्टर जमिनमा वर्षैभरि सिँचाइ र ३१.०७ मेगावाट विद्युत् उत्पादन गर्ने गरी यो परियोजना अघि बढाइएको हो ।

जलविद्युत् हेडवर्क्समा १० प्रतिशत मात्रै प्रगति

भेरी-बबईको सिभिल निर्माण कार्य अलपत्र पारेको रमणले सुनकोशी-मरिण डाइभर्सन बहुउद्देश्यीय परियोजनाको 'हेडवर्क्स प्याकेज'को निर्माण कार्य अलपत्र पारेको छ । रमणले भारतको पटेल कम्पनीसँग मिलेर यसको ठेक्का लिएको थियो ।

सिँचाइ विभागले भारतको पटेल इन्जिनियरिङ र नेपालको रमण कन्स्ट्रक्सनको जोइन्ट भेन्चरसँग परियोजनाको जलविद्युत्को हेडवर्क्स, पावरहाउस, हाइड्रो मेकानिकललगायतका संरचना बनाउने गरी १७ पुस ०७९ मा ठेक्का सम्झौता गरेको थियो । ठेक्का सम्झौतामार्फत ५५ महिना अर्थात् १८ असार ०८४ सम्मको म्याद दिइएको छ । १४ अर्ब सात करोड ५९ लाख रुपैयाँमा ठेक्का सम्झौता गरिएको छ । तर, साउन मसान्तसम्म ठेक्का सम्झौता गरेको दुई वर्ष सात महिना (५६%) समय सकिँदा भौतिक प्रगति भने १०% मात्रै रहेको छ ।

काममा प्रगति नदेखिएपछि परियोजनाले पाँच महिनाअघि नै निर्माण कम्पनीलाई 'नोटिस टु करेक्ट' पत्र जारी गरेको थियो । त्यसको जवाफ नआएपछि ५० प्रतिशत पेस्की फिर्ता गर्न पनि पत्रचार गऱ्यो । पत्र प्राप्त भएको एक सातामा पेस्की फिर्ता गर्नुपर्ने प्रावधान छ । तर, त्यो नभएपछि 'एडभान्स पेमेन्ट ग्यारेन्टी'बापत ५० प्रतिशत रकम भुक्तानी गर्न जमानी बसेका बैंकहरूलाई पत्राचार गरिएको थियो । ठेकेदारले मोबिलाइजेसन पेस्कीबापत १० प्रतिशत अर्थात् एक अर्ब २० करोड १४ लाख रुपैयाँ पेस्की लगेको थियो । परामर्शदाताले पनि निर्माण कम्पनीले पेस्की रकम आयोजनामा प्रयोग नगरेर अन्यत्रै दुरुपयोग गरेको प्रतिवेदन दिइसकेको छ ।

१४ वर्षमा पनि पूरा भएन भेरी–बबई सिँचाइ आयोजना

आर्थिक वर्ष ०६७/६८ देखि सुरु भएको भेरी-बबई सिँचाइ आयोजना १४ वर्ष बितिसक्दा पनि निर्माण सकिएको छैन । ३.१९ अर्ब लागत अनुमानको परियोजना निर्माणका लागि पाँचवटा भागमा टेन्डर आह्वान भएको थियो । अहिलेसम्म १८ अर्ब २० करोड रुपैयाँ खर्च भइसकेको छ भने करिब ७० प्रतिशत मात्रै संरचना निर्माण भएका छन् ।

भेरी नदीको पानीलाई सुरुङमार्फत बबई नदीमा खसालेर बाँके र बर्दियाको ५१ हजार हेक्टरभन्दा बढी जमिनमा सिँचाइ सुविधा पुऱ्याउने र ४६.८ मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्यसहित यो परियोजना अघि बढाइएको हो । हालसम्म सुरुङ मात्रै निर्माण सकिएको छ । १२.२ किलोमिटर सुरुङ ३ वैशाख ०७६ मै ब्रेक थ्रु भइसकेको छ ।

सिभिलको काममा पाँच वर्षमा ५७ प्रतिशत मात्रै प्रगति

सिभिल निर्माणका लागि १५ साउन ०७६ मा ग्वाङडङ र रमण जेभीसँग ६ अर्ब ८८ करोड ८९ लाख रुपैयाँमा ठेक्का सम्झौता भएको थियो । ४८ महिनामा अर्थात् साउन ०८० भित्र निर्माण कार्य सक्नुपर्ने सम्झौता थियो । तर, त्यो अवधिमा काम नसकिएपछि ३७० दिन, ३६४ दिन र २३० दिन गरेर तीनपटकमा कुल ९६४ दिन (करिब तीन वर्ष) म्याद थप भइसकेको छ । अन्तिमपटक थपेको म्याद आगामी २० चैतसम्म छ । तर, हालसम्म ठेक्काको भौतिक प्रगति ५७ प्रतिशत मात्रै छ ।

हाइड्रो मेकानिकलको काम आधा मात्रै सम्पन्न

हाइड्रो मेकानिकलतर्फको निर्माण कार्य गर्न ७ मंसिर ०७८ मा चिनियाँ कम्पनी झेजियाङ ओरिएन्ट इन्जिनियरिङ कम्पनी लिमिटेडसँग सम्झौता भएको थियो । दुई अर्ब १३ करोड ७४ लाखमा गरिएको उक्त ठेक्काको पहिलो म्याद ३६ महिना अर्थात् मंसिर ०८१ सम्म थियो । त्यसमा ३६२ दिन म्याद थपेर आगामी मंसिरसम्म निर्माण सक्न समय दिइएको छ । तर, हालसम्म ठेक्को भौतिक प्रगति ५२ प्रतिशत र वित्तीय प्रगति ३१ प्रतिशत मात्रै छ ।

इलेक्ट्रो मेकानिकलको काम गर्न पनि समय थपेको थप्यै

इलेक्ट्रो मेकानिकल निर्माणका लागि १९ साउन ०७९ मा तीन अर्ब २८ करोड ८० लाख रुपैयाँमा झेजियाङ ओरिएन्ट इन्जिनियरिङ कम्पनीसँग ठेक्का सम्झौता भएको थियो । त्यसको पहिलो म्याद गत साउनसम्म थियो । त्यो अवधिमा काम नभएपछि ३९९ दिन म्याद थप गरेर १८ असोज ०८३ सम्म काम सक्नुपर्ने समय तोकिएको छ । हालसम्म यो ठेक्काको भौतिक प्रगति ५८ प्रतिशत र वित्तीय प्रगति ४२.३ प्रतिशत मात्रै भएको छ । आउँदो एक वर्षभित्र काम सक्न निर्माण कम्पनीले प्रतिबद्धतासमेत जाहेर नगरेकोमा मन्त्री घिसिङ रुष्ट छन् । विशेष गरी सिभिल निर्माणको काम पाएको ग्वाङडङ र रमण जेभीको कामप्रति मन्त्री घिसिङ सन्तुष्ट छैनन् । तत्काल त्यसको ठेक्का तोड्नुपर्ने उनको अडान छ ।

मतदानको व्यवस्था...

पृष्ठ १ बाट क्रमशः

सहभागी गराउने बहस भए पनि जटिलताका कारण कार्यान्वयन हुन सकेको छैन । विशेषतः प्रवासी नेपाली निर्णायक शक्ति बन्ने सम्भावनाले राजनीतिक दलहरू स्रोत-साधन अभावको बहाना गर्दै टार्दै आएका छन् । कुल मतदातामध्ये करिब ३० प्रतिशत नेपाली विदेशमा रहेको अनुमान छ, जसमा भारतबाहेक २३ प्रतिशत पर्दछन् । अन्तरिम सरकारका गृहमन्त्री ओमप्रकाश अर्यालले प्रवासमा रहेका नेपालीलाई मतदानमा सहभागी गराउन सबै उपाय अपनाइने प्रतिबद्धतासहित निर्वाचन आयोगसँग परामर्श बढाएपछि यो विषय पुनः चर्चामा छ । सरकारको प्रतिबद्धतासँगै लामो समयपछि प्रवासी नेपालीमा मतदान गर्न पाउने आशा पलाएको छ । जेन-जी समूहको पनि ठुलै तप्का विदेशमा छ ।

गृहमन्त्री अर्यालले आयोगमै पुगेर सरकारले सम्भव भएसम्मका सबै उपाय खोज्ने बताएका छन् । 'विदेशमा रहेका नेपालीले समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत भए पनि मतदान गर्न पाउनैपर्छ भन्ने छ । सर्वोच्चले आदेश दिएको पनि धेरै भयो । अब यसलाई सम्भव बनाउनैपर्छ,' उनले भने, 'सकेसम्म सबैलाई समेट्ने प्रयास हुन्छ । कुनै देशमा प्राविधिक समस्या रहे जहाँ-जहाँ सम्भव बनाउन सकिन्छ, त्यसमा प्रयास रहन्छ । मतदानको पूर्ण सम्भावना नभएका देशमा राजदूतावासमार्फत प्रविधि प्रयोग गरेर मतदान व्यवस्था मिलाउनुपर्छ ।'

प्रवासी नेपालीलाई मतदानको अधिकार दिने मन्त्रीले प्रतिबद्धता जनाए पनि अहिलेकै अवस्थामा यसको कार्यान्वयन त्यति सजिलो भने छैन । यसका लागि विभिन्न अध्ययन भए पनि कानुन नै छैन । सबैभन्दा पहिला ऐन बनाउनुपर्छ । संसद् नभएकाले अध्यादेशमार्फत यो गाँठो फुकाउन त सकिन्छ, तर त्यसपछिका जटिलता पनि धेरै नै छन् ।

पूर्वप्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाका अनुसार प्रवासी नेपालीलाई मतदान अधिकार दिने हो भने सबैभन्दा पहिला विगतका अध्ययन प्रतिवेदनका आधारमा सबै पक्षसँग छलफल गरेर कानुनी व्यवस्था गर्नुपर्ने हुन्छ । त्यसपछि विदेशमा रहेका मतदाता नेपाली नागरिकलाई सम्भाव्यता अध्ययनका आधारमा अग्रिम मतदानको व्यवस्था गर्न सकिन्छ । असम्भव भएका ठाउँ किटान गरेर थाती राख्न सकिने उनी बताउँछन् ।

कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले प्रवासी नेपालीलाई मतदान अधिकार दिनेबारे आयोग पनि अध्ययनमै रहेको बताए । 'हामी पनि अध्ययन गर्दै छौं । सरकारले पनि गरिरहेको छ । मुख्य कुरा कानुनले कति सहजीकरण गर्छ भन्ने हो । हामीले त पहिलेदेखि नै आवाज उठाएको हो । विधेयकमा पनि प्रस्ताव गरेर पठाएको हो । विधेयक दुई वर्षदेखि अड्किएको छ । प्रस्तावित नयाँ ऐनमा सबै कुरा समावेश गरेका छौं,' भण्डारीले भने ।

त्रिभुवन विश्वविद्यालयका प्राध्यापक डा. दीपेश घिमिरे ६ महिनाको अवधिमा कानुन बनाएर विदेशमा रहेका नेपालीलाई मताधिकार सुनिश्चित गराउन निकै चुनौतीपूर्ण रहेको बताउँछन् । '६ महिना एकदमै छोटो समय हो । नीतिगत र संरचनागत अध्ययनविना नै गृहमन्त्रीले विदेशमा रहेका नेपालीको मतदान सुनिश्चित गर्छु भन्नुभयो । मैले निकै चुनौतीपूर्ण देख्छु,' उनी भन्छन् ।

निर्वाचन आयोगका अधिकारीहरू विदेशमा रहेका नेपालीलाई मताधिकार दिने सन्दर्भमा धेरै चुनौती रहेको बताउँछन् । नेपाली नागरिकको पहिचान, कुन-कुन मुलुकमा गर्ने स्पष्टता र स्रोत-साधन व्यवस्थापनलगायत चुनौती आउने उनीहरूको बुझाइ छ । आयोगका एक अधिकारीले यसअघि दूतावासमार्फत नाम दर्ता गराउन खोज्दा स्रोत नभएपछि एनआरएनएसँग समन्वय गरिएको सुनाए । 'पूर्ण प्रविधिमैत्री वा अनलाइन भोटिङ हुँदा मात्र प्रवासका विभिन्न कुनाबाट भोट हाल्न सक्ने होला । यसमा पनि लगानी गर्न सकियो भने । तर, यो काम आफैँमा चुनौतीपूर्ण छ । पहिला आयोगले नै कहाँ-कहाँ दिन सकिन्छ भनेर व्यावहारिक अध्ययन गर्नुपर्ने देखिन्छ,' उनले भने ।

कार्यवाहक प्रमुख आयुक्त भण्डारीले प्रवासी नेपालीलाई मतदान अधिकार दिनेबारे आयोग पनि अध्ययनमै रहेको बताए । 'विज्ञहरूको समूहबाट अध्ययन गराएर आएको राय-सुझावका आधारमा आयोग अगाडि बढ्ने बताए । 'प्रवासी नेपालीलाई मतदानको अधिकार दिन ठुलो स्रोत-साधनको आवश्यकता पर्छ,' उनले भने ।

गृहमन्त्री अर्यालले पनि विदेशमा रहेका नेपालीलाई मताधिकार सुनिश्चित गर्नू भनेर सर्वोच्चले नै निर्देश गरेअनुसार यसलाई सम्भव बनाउन अध्ययन गर्ने र निचोडमा पुग्ने बताए । 'विदेशमा रहेका नेपालीलाई कुन-कुन कानुनले रोकेको छ र कहाँ-कहाँ सम्भव हुन्छ भन्ने अध्ययन हुन्छ । कतिवटा देश समेट्न सकिन्छ भनेर ठोस रूपमा अध्ययन हुन्छ,' उनले भने, 'यसका लागि हामीले निर्वाचन आयोगमा निर्वाचन कानुनका विज्ञ खटाएका छौं । कानुन मन्त्रालयले पनि अध्ययन गर्छ र एउटा निचोडमा पुग्छौं ।'

गृहमन्त्री अर्यालले मतदाता नामावलीमा नाम दर्ता संकलन खुलाउन अध्यादेशको तयारी भइरहेको बताएका छन् । 'मतदाता नामावलीमा नाम थप्न आयोगले तोकेको मितिसम्म पाइनेछ भनेर आयोगले तयार पारेको मस्यौदा आएको छ । क्याबिनेटले छिटै अध्यादेश ल्याउँछ,' अर्यालले भने । कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले पनि मस्यौदा गृह मन्त्रालय पठाइसकेको बताए । 'सरकारसँग समन्वय भइसकेको छ । हामीले मस्यौदा प्रस्ताव गरिसकेका छौं । सरकारबाट अध्यादेशमार्फत सम्बोधन हुने प्रतिबद्धता पाइसकेका छौं,' उनले भने ।

सर्वोच्चको परमादेशपछि सरकार, संसद् र निर्वाचन आयोगले के-के गरे ?

प्रवासमा रहेका नेपालीलाई मतदानको अधिकार दिन तथा व्यवस्था गर्न सर्वोच्च अदालतले ०७१ मै सरकार, संसद् र निर्वाचन आयोगका नाममा परमादेश जारी गरेको थियो । यसका लागि अहिलेसम्म धेरै अध्ययन भए, तर उनीहरूलाई मताधिकार दिने विषय भने कार्यान्वयनमा आउन सकेन ।

पूर्वप्रमुख निर्वाचन आयुक्त थपलियाका अनुसार सर्वोच्चले कानुन बनाएर अध्ययन गरी मतदान अधिकार दिन परमादेश जारी गरेपछि यो विषय अगाडि बढेको हो । तर, परमादेशपछि बनेको निर्वाचन कानुनमा यो विषय नसमेटिएको उनले बताए । उनका अनुसार ०७३ मा बनेको निर्वाचनसम्बन्धी कानुनले सर्वोच्चको परमादेशको सम्बोधन गर्न सकेन । त्यति मात्र होइन, त्यसपछि बनेका कानुनमा पनि सम्बोधन हुन सकेन ।

०७४ को निर्वाचनपछि परमादेश कार्यान्वयन नभएको भनेर सर्वोच्चमा निवेदन पऱ्यो । त्यसपछि मात्रै ०७५ मा आयोगले कार्यदल बनाएर अध्ययन गऱ्यो । तत्कालीन आयुक्त नरेन्द्र दाहालको संयोजकत्वमा बनेको कार्यदलमा गृह, कानुन, परराष्ट्रसहित विभिन्न मन्त्रालयका सचिवहरू र महान्यायाधिवक्ता सदस्य थिए । कार्यदलले बाह्य मतदानका जटिलता र उपाय समेटेर प्रतिवेदन दियो । कानुन बनाउँदा प्रतिवेदनमा उल्लेखित विषय सम्बोधन गर्न कार्यदलले सिफारिस गऱ्यो ।

दाहाल नेतृत्वको कार्यदलको प्रतिवेदनका आधारमा आयोगले नेपाल कानुन समाजको संलग्नतासहित अर्को कार्यदल बनाएर नयाँ निर्वाचन कानुनको गृहकार्य गऱ्यो । कार्यदलले चरणबद्ध छलफल गरेर विदेशमा रहेका नेपालीलाई मतदानमा सहभागी गराउन सम्बोधन गर्नुपर्ने ६ वटा विषय पहिचान गऱ्यो । यी विषय सम्बोधन नभई मताधिकारमा जान नसकिने कार्यदलको निष्कर्ष रह्यो ।

तत्कालीन प्रमुख निर्वाचन आयुक्त थपलियाका अनुसार कार्यदलको पहिलो सुझाव विदेशमा बस्ने नेपालीको मताधिकारको सन्दर्भमा कानुनी प्रबन्ध गर्ने दियो ।

थपलियाका अनुसार हुलाकबाट जाने वा आइ-भोटिङ प्रणाली अपनाउने निर्क्योल गर्न कार्यदलको दोस्रो सुझाव थियो । अहिले मतदाता नामावलीमा नाम भएको व्यक्ति सम्बन्धित मतदान केन्द्रमा गएर मतपत्रमार्फत भोट हाल्छ । यसलाई इनपर्सन भोट भनिन्छ । विदेशमा यसरी त सम्भव हुँदैन,' थपलिया भन्छन्, 'कार्यदलले हुलाकमार्फत मतदान गराउने एउटा विकल्प हुन सक्छ भनेको छ । यो भनेको प्रवासमा रहेको नेपाली मतदाताले मतपत्र माग्छ । आयोगले कूटनीतिक नियोगमार्फत मतपत्र पठाउँछ । मतदाताले मतदान गरेर खामबन्दी गरेर फिर्ता पठाउँछ । अर्को विकल्प भनेको इन्टरनेटबाट गरिने आइ-भोटिङ हो । हुलाकबाट जाने कि आइ-भोटिङ प्रणाली अपनाउने निर्क्योल गर्नुपर्ने कार्यदलको सुझाव थियो ।'

तेस्रोमा देशहरू चयन गर्नुपर्ने कार्यदलको सुझाव थियो । 'हामी कुन-कुन देशमा जान्छौं भनेर हेर्नुपऱ्यो । धेरै कामदार भएको खाडी जाने हो कि विश्वभर जाने ? यकिन गरेर जानुपर्छ भन्ने सुझाव थियो,' उनले भने । सम्भाव्यता अध्ययनका आधारमा यकिन नगर्दा निर्वाचन वैधतामा प्रश्न उठ्ने उनको भनाइ छ ।

कार्यदलको चौथो सुझाव मतदाता नामावली कसरी व्यवस्थित गर्ने भन्ने स्पष्ट पार्नुपर्नेछ । 'अहिले त देशभित्र नामावली संकलन हुन्छ । नागरिकता चाहिन्छ । कम्प्युटरअगाडि फोटो खिचेर पठाउनुपर्छ,' थपलिया भन्छन्, 'तर, विदेशमा के गर्ने ? टुंग्याउनुपर्छ भन्ने सुझाव छ । सबै मानिस दूतावास आउदैनन् । नागरिकता वा पासपोर्ट के आधारमा गर्ने हो ? नागरिकता सबैले बोकेका हुँदैनन् । अनलाइनबाट गर्ने हो कि ? यो टुंग्याउनुपर्छ ।'

कार्यदलको पाँचौं सुझावमा नेपाली नागरिक हो वा गैरआवासीय भनेर पहिचान गर्नुपर्ने भनिएको छ । 'संविधानले विदेशमा बसेर उतैको नागरिक भएको गैरआवासीय नेपालीलाई राजनीतिक अधिकार दिएको छैन । विदेशमा भएर डिभी-पिआर लिएको छ कि छैन कसरी थाहा पाउने ? त्यहाँको नागरिक भए-नभएको यकिन गर्नुपऱ्यो,' कार्यदलको सुझावमा उल्लेख छ ।

यस्तै, कार्यदलको छैटौं सुझावमा निर्वाचन नहुने देशहरूमा कसरी मतदान गराउने भन्ने पनि स्पष्ट पार्नुपर्ने भनिएको छ । 'यस्ता देशहरू जहाँ ठुलो संख्यामा मतदाता छन्, तर त्यहाँ निर्वाचन नै हुँदैन भनेर कसरी मिलाउने भन्ने हुन्छ । जस्तै, कतार वा दुबईमा लाइन लगाएर भोट गर्न सकिन्छ कि सकिँदैन ? मताधिकार प्रयोग गर्दा राजीरोटी खोसिन सक्छ कि,' थपलियाले भने, 'यी ठाउँहरूमा कुटनीतिक रूपमा संवाद गरेर उचित प्रबन्ध गर्नुपर्छ भन्ने सुझाव छ ।'

पूर्वप्रमुख आयुक्त थपलियाले विदेशमा रहेका नेपालीलाई मतदान गराउन आइ-भोटिङमा जाने भनेर नयाँ कानुनको मस्यौदामा उल्लेख गरिएको, तर विधेयक अगाडि नबढेको बताए । 'मस्यौदा २७ महिनादेखि गृहमा अड्किएको छ । एक वर्षअघि कानुन आएको भए सबै व्यवस्थापन सकिन्थ्यो । अहिले सबै विषय सम्बोधन गरेर अगाडि लैजान चुनौतीपूर्ण देखिन्छ । तर, असम्भव छैन,' उनी भन्छन् ।

डेढ सातामा...

पृष्ठ १ बाट क्रमशः

अनिश्चित बनेको छ । मंगलबार दिउँसो १ बजे पहिरो खस्दा सडक अवरुद्ध बनेकामा साँझ ४:५५ मा फेरि भीषण पहिरो खसेको सडक डिभिजन कार्यालय भरतपुरका इन्जिनियर कृष्णप्रसाद आचार्यले बताए । 'ठुलो पहिरो खसेको छ, सडक १६० मिटर ढाकेको छ । पहिरोपछि पनि ढुंगा खसिरहेको छ,' आचार्यले भने, 'थप पहिरो खसेन भने पनि पन्छाउन बुधबार दिनभर लाग्न सक्छ, त्यही भएर सडक कहिले खुल्छ भनेर भन्न सकिने अवस्था छैन, हामीले वैकल्पिक सडकमार्ग प्रयोग गर्न अनुरोध गरेका छौं ।' सडकमाथिको भिरबाट ठुलो पहिरो खसेकाले सडकको बेसमेन्टमा पनि क्षति पुगेको हुन सक्ने कतिपयले अनुमान गरिरहेका छन् । तर, इन्जिनियर आचार्यले पहिरो नपन्छाई भन्न सक्ने अवस्था नरहेको र सडक भासिएको छैन भन्ने आफूहरूको अनुमान रहेको बताए ।

घटस्थापनासँगै काठमाडौं उपत्यका छाड्ने यात्रुको चाप बढेका वेला मुग्लिन-नारायणगढ सडक हरेक दिन अवरुद्ध भइरहेको छ । मुग्लिन-नारायणगढ मात्र होइन, काठमाडौंलाई पोखरासँग जोड्ने पृथ्वी राजमार्गमा पनि पहिरो खस्न थालेको छ ।

नारायणगढ-मुग्लिन सडक मुग्लिन बजारमा पुगेपछि पृथ्वी राजमार्गसँग जोडिन्छ । तर, ३ असोजको पहिरोले अवरुद्ध मुग्लिन-नारायणगढ सडक आइतबार एकतर्फी र सोमबार साँझ दुईतर्फी सञ्चालन भएका वेला सोमबार मध्यराति नै पृथ्वी राजमार्ग (मुग्लिन-नागढुंगा) मा पर्ने धादिङको बेनिघाटस्थित जवाङखोलामा पहिरो खसेर नागढुंगा नाकाबाट राजधानीसँग सडक सञ्जाल अवरुद्ध भएको थियो । जवाङखोलाको पहिरो पन्छाएर मंगलबार दिउँसो ३ बजे सडक सञ्चालन गरिए पनि मुग्लिन-नारायणगढ सडकखण्डमा भने त्यसअघि दिउँसो १ बजेदेखि नै सडक अवरुद्ध बन्यो । सडक डिभिजन कार्यालय भरतपुरले मुग्लिन-नारायणगढ सडकको तुइनखोलाको पहिरो पन्छाउने तयारी गरेका वेला मंगलबार साँझ ४: ५५ बजे भीषण पहिरो खसेपछि झनै अनिश्चित बनेको हो । हुन त तुइनखोलामा मंगलबार बिहान पनि पहिरो खसेको थियो, तर पन्छाएको केही घण्टामै फेरि अवरुद्ध भएको हो ।

यसैबिच, जिल्ला प्रशासन कार्यालय चितवनले तत्काल सडक खुल्ने अवस्था नरहेकाले सम्बन्धित जिल्लाका स्थानीय प्रशासनसँग समन्वय गरी उपयुक्त वैकल्पिक मार्ग प्रयोग गर्न अनुरोध गरेको छ ।

शेखर–गगन...

पृष्ठ १ बाट क्रमशः

पुऱ्याएर विशेष महाधिवेशनका लागि लिखित आग्रह गर्ने उनको भनाइ छ । कांग्रेसको विधानअनुसार सभापति शेरबहादुर देउवा अब तेस्रो कार्यकालका लागि सभापतिको उम्मेदवार बन्न पाउँदैनन् । तर, विधानअनुसार नै म्याद थपेर थप एक वर्ष नेतृत्वमा रहन सक्छन् । कांग्रेस विधानले नै केन्द्रीय कार्यसमितिको म्याद एक वर्ष थप्ने अधिकार दिएको छ । यही व्यवस्थामा टेकेर संस्थापन पक्ष एक वर्ष म्याद थप्ने रणनीतिमा देखिँदा इतर समूहले विशेष महाधिवेशनमा जोड दिँदै हस्ताक्षर अभियानसमेत सुरु गरेको हो ।

कांग्रेस विधानमा केन्द्रीय सदस्यले नै विशेष महाधिवेशन बोलाउनुपर्ने व्यवस्था छ । तर, अहिले केन्द्रीय सदस्यहरूको हस्ताक्षर गराइएको छैन । कांग्रेस विधानको धारा १७ को उपधारा २ मा विशेष महाधिवेशनसम्बन्धी व्यवस्था छ । केन्द्रीय समिति वा महाधिवेशन प्रतिनिधिको ४० प्रतिशतले कारण खुलाएर विशेष महाधिवेशन बोलाउन सक्ने वैधानिक व्यवस्था छ । 'केन्द्रीय कार्यसमितिले आवश्यक ठानेमा वा केन्द्रीय महाधिवेशनका ४० प्रतिशत सदस्यले केन्द्रीय महाधिवेशनको बैठक बोलाउन विशेष कारण खुलाई केन्द्रसमक्ष लिखित अनुरोध गरेमा निवेदन परेको तीन महिनाभित्रमा विशेष केन्द्रीय महाधिवेशन बोलाउनुपर्नेछ,' विधानमा छ ।

४० प्रतिशत प्रतिनिधिको हस्ताक्षरसहित लिखित अनुरोध गरे केन्द्रीय समितिले तीन महिनाभित्र विशेष महाधिवेशन बोलाउनुपर्ने हुन्छ । ०७८ मंसिरमा भएको १४औं महाधिवेशनमा चार हजार ७४३ जना प्रतिनिधि थिए । त्यसको ४० प्रतिशत अर्थात् एक हजार ८९८ जनाले हस्ताक्षर गर्नुपर्छ । जेन-जी आन्दोलनपछि गत शुक्रबार बसेको कांग्रेस कार्यसम्पादन समितिको बैठकमा महामन्त्री गगन थापाले विकसित परिस्थितिमा विशेष महाधिवेशन गरेर जानुपर्ने प्रस्ताव राखेका थिए ।

संस्थापन पक्ष भने परिस्थिति सम्हालिएपछि नियमित महाधिवेशन गर्ने पक्षमा छ । कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महत कार्यसम्पादन समितिको निर्णयभन्दा बाहिरबाट थालिएको छलफलले राम्रो नगर्ने बताए ।

विश्लेषकका ६ सुझाव

● **गेजा शर्मा वाग्ले**, राजनीतिक विश्लेषक

पहिलो, हालसम्मको असफलताको नैतिक जिम्मेवारी लिएर सभापतिले जनभावनाअनुसार अविलम्ब राजीनामा गरी राजनीतिबाट स्वेच्छिक अवकाश लिनुपर्छ र एकदेखि दुई महिनाभित्र कांग्रेसको विशेष महाधिवेशन गर्नुपर्छ ।

दोस्रो, समग्र जनता र विशेषगरी युवा पुस्ताले समेत विश्वास गरेको लोकप्रिय, भिजनरी र स्वच्छ छवि भएको नेतृत्व छनोट गर्नुपर्छ । जेन-जीको जनविद्रोहपछि आत्मसमीक्षा, आत्मचिन्तन र आत्मालोचना गरी क्षमायाचनासहित महामन्त्री गगन थापाजीले प्रकाशित गरेका सार्वजनिक धारणा र विज्ञप्तिका आधारमा विश्लेषण गर्दा विगतका गल्ती तथा कमी-कमजोरीलाई अन्तरआत्मादेखि नै रियलाइज गर्दै नयाँ कांग्रेस बनाउने संकल्प गरेको देखिन्छ । यसैगरी, राजनीतिक जोखिम लिएर भए पनि गगनजीले पार्टीमा रियल टाइम इन्टरभेन्सन गर्न खोजेको देखिन्छ । उहाँको यस्तो प्रयास, पहल र संकल्पप्रति केवल कांग्रेसजन मात्रै होइन, जनता र जेन-जी पुस्तासमेत सकारात्मक भएको देखिन्छ र उहाँप्रति विश्वास र भरोसा बढ्दै गएको देखिन्छ । गगनजी र विश्वजीको यसबारेमा समान दृष्टिकोण छ । त्यसैले अब गगनजीको नेतृत्वमा कांग्रेस पुनर्गठन र रूपान्तरण गर्नु सबैभन्दा उत्तम विकल्प हुनेछ ।

तेस्रो, विशेष महाधिवेशनबाट केवल नयाँ नेतृत्व मात्रै होइन, परिवर्तित परिवेशमा पार्टीलाई मौलिक रूपमा पुनर्गठन गरी जनताको आकांक्षाअनुसार नयाँ सिद्धान्त, विचार र नयाँ नीति अंगीकार गर्नुपर्छ । किनभने कांग्रेसले हालसम्म अंगीकार गर्दै आएको सिद्धान्त र विचार पनि समयानुकूल परिमार्जन, व्याख्या र पुनर्व्याख्या गर्नु अपरिहार्य छ ।

चौथो, अत्यन्त भीमकाय, भद्दा र अनावश्यक अस्थिपञ्जरजस्ता संरचना छन् । तर, सिद्धान्त, नीति र आत्मा छैन । नागरिकमुखी, कार्यमूलक र उत्तरदायी चुस्त संरचना र कार्यप्रणाली स्थापित गर्नु अपरिहार्य छ । अब कम्युनिस्टजस्तो क्याडर बेस्ड होइन, पूर्ण रूपमा मास बेस्ड पार्टी हुनुपर्छ र क्रियाशील र साधारण गरी हाल प्रचलित दुई सदस्यता प्रणाली होइन, एकल सदस्यता प्रणाली हुनुपर्छ । पाँचौं, कर्मचारी, प्राध्यापक, शिक्षक, चिकित्सक, वकिल, पत्रकारिताजस्ता गैरराजनीतिक र व्यावसायिक क्षेत्रलाई समेत भ्रातृ तथा शुभेच्छुक संस्थाको नाममा पार्टीकरण गर्दै आइएको छ । यो तहको राजनीतिक हस्तक्षेप र पार्टीकरण लोकतान्त्रिक प्रणालीको मूल्य-मान्यता र अभ्यासविपरीत हो । त्यसैले यस्तो क्षेत्रका भ्रातृ तथा शुभेच्छुक संस्था खारेज गर्नुपर्छ । यसैगरी युवा, विद्यार्थी, महिला, मजदुर, आदिवासी-जनजाति, दलितबाहेकका भ्रातृ संस्थाहरूबारे समेत पुनर्विचार गरी खारेज गर्नुपर्छ ।

छैटौं, पुस्तान्तरणसहितको भिजनरी र लोकप्रिय नेतृत्व तथा नयाँ भिजन नै कांग्रेस पुनर्गठनको मार्गचित्र एक मात्र हो । होइन भने यथास्थितिमा अब कांग्रेसको भविष्य मात्रै अन्धकार होइन, पार्टीको औचित्य नै समाप्त हुन सक्छ । तर, कांग्रेसलाई पुनर्गठन र रूपान्तरण गर्ने यो अन्तिम अवसर हो भने गगन-विश्व पुस्ताको अन्तिम परीक्षा हो । अब गगन-विश्वलाई विगतमा जस्तो असफल हुने छुट छैन । यदि उनीहरू यसपटक पनि असफल भए भने उनीहरूले अर्को परीक्षा दिने अवसरसमेत पाउनेछैनन् ।

नेपाल सरकार
कम्पनी रजिष्ट्रारको कार्यालय
लगानीकर्ता संरक्षण कोषको सचिवालय
त्रिपुरेश्वर, काठमाडौं

दक्ष/विज्ञको सूची (रोष्टर) मा नाम समावेश गर्ने सम्बन्धी सूचना

प्रकाशित मिति :- २०८२।०६।०८

लगानीकर्ताको हित संरक्षण सम्बन्धी विविध पक्षहरुमा आवश्यक पर्ने तालिम कार्यक्रम संचालन, पाठ्यक्रम तर्जुमा, अध्ययन अनुसन्धान सम्बन्धी कार्य गर्न र लगानीकर्ता शिक्षा सम्बन्धी प्रशिक्षण गर्न न्यूनतम योग्यता पुगेका इच्छुक कम्पनी/महानुभावहरुले तोकिएको निवेदनका साथ आवश्यक पर्ने कागजातहरु कार्यालयको वेवसाईट www.ocr.gov.np मार्फत प्राप्त गरि यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र यस कोषको सचिवालयमा आईपुग्ने गरी पठाउन हुन अनुरोध छ ।

१	पुंजीवजार सम्बन्धी अध्ययन अनुसन्धान	२	संस्थागत सुशासन तथा कम्पनी प्रशासन
३	लेखापरीक्षण र वित्तीय विवरण सम्बन्धी परामर्श सेवा	४	कानूनी परामर्श सेवा तथा अध्ययन अनुसन्धान
५	लगानीकर्ता शिक्षा, प्रशिक्षण तथा सचेतना अभिवृद्धि	६	सूचना प्रविधि सम्बन्धी अध्ययन

शिव श्री हाइड्रोपावर लिमिटेड
Shiva Shree Hydropower Limited
रजिष्टर्ड कार्यालय : का.म.न.पा , वडा नं. १०, बुद्धनगर, काठमाण्डौं
फोन : ०१–४७९६३४६, इमेलः info@shivashreehydro.com.np, वेवसाइटः www. shivashreehydro.com.np
को

हकप्रद शेयर निष्काशन तथा बिक्री खुला अवधि थप गरिएको बारेको सूचना !

शिव श्री हाइड्रोपावर लिमिटेडको मिति २०८२/०४/१६ गतेभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुको लागि १ कित्ता साधारण शेयर बराबर १ कित्ता शेयर (१:१) को अनुपातमा रु.१००/– अङ्कित दरको १,४७,६४,००० कित्ता हकप्रद साधारण शेयरको निष्काशन तथा बिक्री खुला मिति २०८२ भदौ १९ गतेदेखि मिति २०८२ असोज ०८ गतेसम्म निष्काशन तथा बिक्री खुला गरिएकोमा कम्पनीको स्वीकृत "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"को दफा "र" मा भएको व्यवस्था अनुसार यस हकप्रद शेयरको बिक्री खुला अवधि **मिति २०८२ असोज २३ गते बैंकिङ्ग समयसम्मका** लागि थप गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

क्र.सं.	दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान
१	श्री सिटिजन्स क्यापिटल लिमिटेड, डिल्लीबजार, काठमाण्डौं ।
२	श्री सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडको शाखा कार्यालयहरु : कुमारीपाटी, ठीमी, बिराटनगर, बिर्तामोड, बिरगंज, सुर्खेत, जनकपुर (भानुचोक), नेपालगंज, नारायणगढ, धनगढी, पोखरा (न्यूरोड), बुटवल र हेटौंडा ।
३	श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट सि आस्वा (CASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिनेछ तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा सिटिजन्स क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरिदका लागि दरखास्त फारम सिधै हुलाक वा कुरियर द्वारा सिटिजन्स क्यापिटल लिमिटेड, डिल्लीबजार, काठमाण्डौंमा पठाउन सकिनेछ । हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

दरखास्त फारमको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ । शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी श्री शिव श्री हाइड्रोपावर लिमिटेडको वेवसाइट www.shivashreehydro.com.np तथा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री सिटिजन्स क्यापिटल लिमिटेडको वेवसाइट www.citizenscapital.com.np मार्फत हेर्न सक्नेछन् ।

अन्य विस्तृत जानकारीका लागि **मिति २०८२/०५/०१ गतेको नयाँपत्रिका राष्ट्रिय दैनिकमा** प्रकाशित कम्पनीको हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना हेर्नुहुन अनुरोध गर्दछौं । साथै, उक्त सूचना धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट: www.citizenscapital.com.np वा निष्काशन कम्पनीको वेवसाइट:www.shivashreehydro.com.np मा हेर्नुहुन समेत अनुरोध गर्दछौं ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक
Citizens Capital Ltd.
(A Subsidiary Of Citizens Bank International Limited)
सिटिजन्स क्यापिटल लिमिटेड
बाटुलेघर, डिल्लीबजार, काठमाडौं, नेपाल फोन नं. ०१-४५१७७२३/४५१७४५७
इमेलः info@citizenscapital.com.np, वेवसाइटः www.citizenscapital.com.np

Nepal Electricity Authority
Chameliya Hydropower Station

Notice Regarding Intent to Accept Technical Bid

Notice Publication Date: 2082/06/08

Sealed Tender No. / Type of Bidding	Name & Address of Qualified Bidders in Technical Evaluation	Price Bid Opening Date, Time & Place
NEA-CHEPS-2081/082-EMT-07	Ms. Malhotra Enterprises, Kathmandu, Nepal	NEA,Chameliya Hydropower Station., Balanch, Darchula. on 2082/06/19 (5th October 2025) [14:00]
NEA-CHEPS-2081/082-EMT-09	Ms Gorakhkali Suppliers, Bidur, Nuwakot, Nepal	

नेपाल सरकार
उधोग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर काठमाण्डौ

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

प्रकाशित मिति २०८२।०६।०८

यस कार्यालयबाट Maintenance and Support of the Company Administration Management Information System (CAMIS) F/Y 2082/83 सम्बन्धी परामर्श सेवाको लागि मिति २०८२।०५।०१ मा प्रस्ताव माग गरिएकोमा तोकिएको म्याद भित्र रितपूर्वक पेश हुन आएका प्रस्तावहरुको प्राविधिक प्रस्ताव मूल्यांकन गर्दा निम्न प्रस्तावदाताहरुले पेश गरेको प्राविधिक प्रस्ताव छनौटमा परेको हुँदा छनौटमा परेका प्रस्तावदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव तपसिलको मिति, समय र स्थानमा खोलिने भएकोले सार्वजनिक खरिद नियमाली, २०६४ को नियम ७८ बमोजिम यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो लगत्तै कार्यालय खुलेको दिन सोही समयमा आर्थिक प्रस्ताव खोलिनेछ ।

तपसिल

सि. नं.	प्रस्तावदाताको नाम ठेगाना	आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान
१	Info Developers Pvt. Ltd.	मिति: २०८२।०६।२०
२	Aster-Infrasoft JV	समय: दिउँसो २:०० बजे
३	Softech-CEMC JV	स्थान: कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौ ।

चाडपर्वमा ६ हजार प्रहरी परिचालन हुने, ड्रोनबाट समेत निगरानी

घटस्थापनादेखि सुरु गरिएको सुरक्षा योजना छठ पर्वसम्म कायम रहने

● एसएसपी **शेखर खनाल**, प्रवक्ता
काठमाडौं उपत्यका प्रहरी कार्यालय



काठमाडौं उपत्यकाभित्र पर्वलक्षित सुरक्षा योजना कार्यान्वयनमा आएको छ। यो योजना छठ पर्वसम्म कार्यान्वयनमा रहनेछ। यसका लागि ६ हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको छ। उनीहरूको कमान्ड सेक्टरवाइज खटिएका एसपीहरूले गर्नेछन्।



टेकराज थामी/नयाँ पत्रिका

प्रहरीले काठमाडौं उपत्यकाभित्र चाडपर्वलक्षित विशेष सुरक्षा योजना कार्यान्वयनमा ल्याएको छ। दसैंको घटस्थापनादेखि सुरु गरिएको सुरक्षा योजना छठ पर्वसम्म कायम हुनेछ।

काठमाडौं उपत्यका प्रहरी कार्यालयका अनुसार पर्वलक्षित सुरक्षा योजनाका लागि मात्रै ६ हजार १०६ प्रहरी परिचालित हुनेछन्। उनीहरूलाई उपत्यकाभित्र खटाइएका आठ एसपीले नेतृत्व गर्नेछन्। जेन-जी आन्दोलनका क्रममा बिग्रिएको सुरक्षा व्यवस्था मजबुत पार्ने उद्देश्यले उपत्यका प्रहरी कार्यालयले उपत्यकालाई आठ सेक्टरमा विभाजन गरी आठ एसपी परिचालन गरेको हो। पर्वलक्षित सुरक्षा योजनाको फिल्ड कमान्ड उनीहरूले नै गर्नेछन्। सेक्टरवाइज खटिएका एसपी भने सम्बन्धित जिल्ला प्रहरी परिसर प्रमुखको नेतृत्वमातहत रहनेछन्।

काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रवक्ता एसएसपी शेखर खनालले उपत्यकाभित्र पर्वलक्षित सुरक्षा योजना कार्यान्वयनमा आएको र जसको फिल्ड नेतृत्व आठ एसपीले गर्ने बताए। उनले भने, 'काठमाडौं उपत्यकाभित्र पर्वलक्षित सुरक्षा योजना कार्यान्वयनमा आएको छ। यो योजना छठ पर्वसम्म कार्यान्वयनमा रहनेछ। यसका लागि ६ हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको छ। उनीहरूको कमान्ड सेक्टरवाइज खटिएका एसपीहरूले गर्नेछन्।'

उपत्यका प्रहरी कार्यालयले गत २९ भदौमा एसपीहरू पवन भट्टराई, दीपक श्रेष्ठ, कविता कटुवाल, रामेश्वर पौडेल, रुगम कुँवर, डिबी मल्ल, केशव भट्टराई र बालनरसिंह राणालाई खटाएको थियो। उनीहरूको माहतमा उपत्यकाभित्रका सम्बन्धित प्रहरी वृत्त रहनेछन्। वृत्तमातहत सिआरभी (कन्ट्रोल रुम भेहिकल), क्युआरटी (क्विक रेस्पोन्स टिम), पैदल गस्ती, साइकल गस्ती परिचालन हुनेछन्।

उपत्यकाका सबै नाकामा 'डग स्निपिङ'मार्फत चेकजाँच सुरु भइसकेको छ। विशेषगरी उपत्यका भित्रिने र बाहिरिने सवारीसाधनको चेकजाँच 'डक स्निपिङ'मार्फत हुनेछ। ठुला व्यापारिक कम्प्लेक्स, मल, बैंक, सुनचाँदी पसल सुरक्षाका लागि सादा पोसाकका सुरक्षाकर्मी परिचालन गरिएका छन्। प्रहरीका अनुसार आर्थिक कारोबार धेरै हुने संवेदनशील मानिएको क्षेत्र सुरक्षामा ड्रोन पनि परिचालन गरिएको छ। कार्यालयका प्रवक्ता एसएसपी खनालले भने, 'नाकाहरूमा 'डग स्निपिङ' टोली खटिएका छन्। यसले नाका सुरक्षालाई बजबुत बनाउनेछ। भित्री सहर सुरक्षाका लागि भने सिआरभी, क्युआरटी, पैदल गस्ती, साइकल गस्ती परिचालन हुनेछ।

आन्दोलनमा लुटिएका हतियार अझै फिर्ता भएनन्

२४ भदौको आन्दोलनका लुटिएका प्रहरीका कतिपय हतियार अझै फिर्ता भएका छैनन्। अपराधीले सोही हतियार प्रयोग गरी सम्भावित अर्को अपराध निम्त्याउन सक्छन्। अर्कोतर्फ प्रहरीका कार्यालय जलेका छन्। उनीहरू चढ्ने सवारीसाधन जलेका छन्। यस्तो वेला अपराध भए प्रहरी सम्बन्धित ठाउँमा तत्काल पुग्न सक्दैन। उपत्यकाभित्र अहिले देखिएको यो अर्को सुरक्षा चुनौती हो। उपत्यका प्रहरी कार्यालयका प्रवक्ता एसएसपी खनालले भने, 'हो अहिले सुरक्षा चुनौती विगतको भन्दा धेरै छन्। हाम्रा कार्यालय जलेका छन्। सवारीसाधन ध्वस्त बनेका छन्। लुटिएका कतिपय हतियार अझै फिर्ता हुन सकेका छैनन्। त्यसमाथि जेलका कैदीबन्दी भागेका छन्। यिनै चुनौतीलाई विश्लेषण गरेर नै हामीले सुरक्षा योजना बनाएका हौं। सीमित स्रोतसाधनका बाबजुद पनि अपराध न्यूनीकरण गर्न प्रहरीको अधिकतम प्रयास रहनेछ।

गस्ती परिचालन गरिएको छ। सादा पोसाकका सुरक्षाकर्मी पनि परिचालन गरिएका छन्। त्यसबाहेक संवेदनशील मानिएका क्षेत्रमा ड्रोनमार्फत निगरानी गरिरहेका छौं।'

पर्वलक्षित आवागमनलाई व्यवस्थित गर्न ट्राफिक प्रहरीले बसपार्क क्षेत्रमा विशेष सहायता कक्ष स्थापना गरेको छ। सहायता कक्षले टिकटमा हुने कालोबजारी, क्षमताभन्दा धेरै यात्रु नियन्त्रण, मापसे परीक्षणलगायत काम गर्नेछ। त्यसबाहेक ट्राफिक प्रहरीले उपत्यकाभित्र विभिन्न ७८ अस्थायी चेकप्वाइन्ट स्थापना गर्नेछ। जहाँबाट यात्रुवाहक बसको निगरानी हुनेछ।

पर्वमा बढ्दो सुरक्षा चुनौती

सुन्धारास्थित केन्द्रीय कारागारको तथ्यांकअनुसार गत २४ भदौंमा फरारमध्ये करिब एक हजार तीन सय मात्रै कैदीबन्दी कारागार फिर्ता भएका छन्। बाँकी दुई हजार ४८ कैदीबन्दी अझै फरार छन्। तथ्यांकअनुसार फरारमध्ये भद्र जेलका ६ सय, महिला बन्दीगृहका २४८ र केन्द्रीय बन्दीगृहका एक हजार दुई छन्। यस्तै, ललितपुरको नक्खु कारागारबाट पनि फरारमध्ये सात सयजना कैदीबन्दी फर्किएका छैनन्।

अन्य जिल्लाबाट फरार कैदीबन्दी लुक्ने ठाउँ पनि काठमाडौं उपत्यका नै हो। कारागार व्यवस्थापन विभागका अनुसार फरारमध्ये अधिकांश बलात्कार, लागुऔषध, कर्तव्य ज्यान, ठगी, चोरी र डकैत कसुरका छन्। जुन काठमाडौं उपत्यकाभित्र सुरक्षा चुनौतीको मुख्य कारण हो।

प्रहरी हत्यामा संलग्न पक्राउ

२४ भदौको जेन-जी आन्दोलनका क्रममा प्रहरीलाई कुटीकुटी हत्या गर्ने घटनामा संलग्नमध्ये युवराज क्याप्छाकी मगरलाई प्रहरीले पक्राउ गरेको छ। उनलाई प्रहरीले काभ्रेपलाञ्चोक जिल्लाबाट पक्राउ गरेको हो। कर्तव्य ज्यान कसुरअन्तर्गत उनीविरुद्ध अदालतबाट पाँच दिनको म्याद थप भएको छ। उनीसहितको टोलीले महाराजगन्जस्थित प्रहरी वृत्तमा कार्यरत असइ मिलन राय र जवान उत्तम थापाको हत्या गरेका थिए।

जिल्ला प्रहरी परिसर काठमाडौंका डिएसपी पूर्णिमा चन्दले सुरक्षाकर्मी हत्यामा संलग्नमध्ये एक पक्राउ परेको बताइन्। उनले भनिन्, 'गत २४ भदौका प्रदर्शनमा दुई सुरक्षाकर्मीको हत्या भयो। घटनामा संलग्नमध्ये एकजना पक्राउ परेका छन्। अन्यको खोजी भइरहेको छ।' सोही दिन प्रहरी प्रभाग कोटेश्वरका प्रहरी सहायक हवल्दार अमृत गुरुङको पनि कुटीकटी हत्या भएको थियो।

■ बालेनलक्षित ओलीको टिप्पणी

जसले पहिले सिंहदरबार जलाउँछु भन्थ्यो उसकै योजनामा जलाइयो

शुरोजंग पाण्डे/नयाँ पत्रिका



पूर्वप्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी ओलीले योजनाबद्ध रूपमा सिंहदरबार जलाइएको टिप्पणी गरेका छन्। सेनाको सुरक्षा घेराबाट फर्केर भक्तपुरको गुन्डुमा बस्दै आएका ओलीले पहिलोपल्ट मंगलबार सार्वजनिक रूपमा टिप्पणी गर्दै काठमाडौं महानगरका मेयर बालेन्द्र शाह बालेनको योजनामा सिंहदरबार जलाइएको आरोप लगाए।

बालेनले १८ भदौ ०८० मा फोहोर व्यवस्थापनको विषयमा संघीय सरकारको सहयोग नपाउँदा सिंहदरबार जलाइदिने धम्की दिँदै सामाजिक सञ्जालमा स्टाटस लेखेका थिए। त्यसैलाई आधार मान्दै ओलीले मंगलबार भक्तपुरको गुन्डुस्थित निवासमा आयोजित युवा-विद्यार्थी भेटघाटका क्रममा बालेनलक्षित टिप्पणी गरेका हुन्। 'आजको लागि केही भएन। भोलिबाट हाम्रो महानगरपालिकाको कुनै पनि गाडी सरकारबाट रोकियो भने सिंहदरबारमा आगो लगाइदिन्छु। याद राख चोर सरकार।' बालेनले त्यतिवेला सामाजिक सञ्जालमा भनेका थिए।

'अरूले उचालेको भरमा गएर कसले जलायो थाहा छैन। सिंहदरबार जलाइयो। कसले जलायो ? देश र इतिहासलाई माया गर्ने मान्छेले सिंहदरबार जलायो होला र ? पक्कै जलाएन,' ओलीले भने, 'अरू नै कुनै घुसपैठिया तत्त्वले गरे, जो पहिलेदेखि नै भन्दै थिए त सिंहदरबार जलाउँछु भनेर। यो एउटा योजनाबद्ध काम हो।'

ओलीले नयाँ पुस्ता देश र समाजप्रति जिम्मेवार हुनुपर्ने भए पनि सामाजिक सञ्जालको प्रभावमा हल्का-फुल्का ढंगले चल्ने प्रवृत्ति बढेको पनि दाबी गरे। 'सामाजिक सञ्जालको प्रभावमा पर्ने, डिजिटल प्लाटफर्म मा सहभागी हुने र त्यसको सदुपयोग गरिरहेको छु कि छैन भनेर राम्ररी विचार नगरी हल्काफुल्का ढंगले चल्ने प्रवृत्ति बढेका छन्,' उनले भने, 'यस प्रवृत्तिलाई हामीले अन्त्य गर्नुपर्छ।'

उनले अहिले संकटको स्थिति आए पनि यस्ता अप्ठ्यारा दिन धेरै नटिक्ने र कर्मठ बनेर गन्तव्यमा अगाडि बढ्न युवा-विद्यार्थीहरूलाई आग्रह गरे। 'बादल लाग्यो भन्दैमा हट्दैन भन्ने छैन। साँझ पऱ्यो भन्दैमा भोलि बिहान उज्यालो हुन्छ भन्ने विश्वास गर्नुपर्छ। उज्यालो हुँदैन भन्ने हुँदैन, उज्यालो हुन्छ,' ओलीले भने।

उनले देश र जनतालाई माया गर्ने इमानदार र कर्तव्यनिष्ठ युवापंक्ति तयार गर्नुपर्नेमा पनि जोड दिए। 'युवाहरूलाई देशभक्त युवा बनाउनुपर्छ। देश, जनतालाई माया गर्ने युवापंक्ति तयार गर्नुपर्छ। नयाँ जेनेरेसन देशप्रति अत्यन्त जिम्मेवार, समाजप्रति जिम्मेवार जेनेरेसन हुनुपर्छ। हामी आफू अत्यन्त जिम्मेवार कर्मठ नागरिकका रूपमा अघि बढ्नुपर्छ। हाम्रा बानी, व्यवहार अत्यन्त मिठो, समाज उपयोगी हुनुपर्छ। हामी सभ्य सुसंस्कृत हुनुपर्छ। देशका कर्णधार युवा, देश बनाउने कर्मठ युवा। हावामा कुद्ने होइन, आफ्नो देश, समाज, परिवारप्रतिको कर्तव्य, आफन्त, साथीभाइप्रतिको कर्तव्य, विद्यार्थीले आफ्नो पढाइमा कति ध्यान दिनुपर्छ। जहाँ पनि हामीले क्लिन, इमानदार हुन, छलकपट होइन, पारदर्शी हुन सिक्नुपर्छ,' ओलीले भने।

नेपाल अहिले विश्वमै बदनाम भएको भन्दै ओलीले फेरि देशलाई पहिलेकै अबस्थामा फर्काउन लाग्नुपर्नेमा जोड दिए। 'अहिले नेपाली युवाहरूलाई भिसा नदिने, काम नदिने अवस्था भइसक्यो, नेपाल एउटा बदनाम अवस्थामा पुगिसक्यो, त्यसबाट हामीले जगाउनुपर्छ। नेपाल इमानदार र कर्मठ मानिसहरूको देश हो। एउटा सभ्यताको इतिहास भएको देश हो हामी अघि बढ्नुपर्छ,' ओलीले भने।

संक्षेप

निर्वाचन गर्न आवश्यक कानुनी गाँठो फुकाइदिने प्रधानमन्त्रीको प्रतिबद्धता

काठमाडौं/ प्रधानमन्त्री सुशीला कार्कीले २१ फागुनमा तोकिएको प्रतिनिधिसभा निर्वाचन सम्पन्न गराउन आवश्यक कानुनी अप्ठ्यारोको समाधान गर्ने प्रतिबद्धता जनाएकी छिन्। मंगलबार निर्वाचन आयोगका पदाधिकारीसँगको भेटमा उनले 'कानुन सुधार गर्नुपर्छ वा अन्य अप्ठ्यारो छ भने के के हो पहिचान गरेर ल्याउनुस्। हामी गाँठो फुकाइदिन्छौं' भनेको कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले बताए। उनका अनुसार प्रधानमन्त्री कार्कीले सरकारका तर्फबाट चाहिने सहयोग उपलब्ध गराइदिने भन्दै तोकिएको समयमा निर्वाचन गर्न आग्रह गरेकी थिइन्। आयोगले निर्वाचनका लागि शान्ति सुरक्षा, आर्थिक स्रोत र भौतिक संरचनाको पुनर्निर्माण र व्यवस्थापनका लागि सरकारलाई अनुरोध गरेको थियो। प्रधानमन्त्री कार्कीले निर्वाचन सम्पन्न गर्न सरकारका तर्फबाट निर्वाचन आयोगलाई आवश्यक पर्ने स्रोत-साधन र जनशक्ति उपलब्ध गराइने, शान्ति सुरक्षाको भरपर्दो व्यवस्था मिलाइने, निर्वाचनका लागि अनुकूल वातावरण तयार गर्न सरोकारवालासँग छलफल गरिने बताएकी थिइन्। उनले आयोगलाई निर्वाचन तयारीका सम्पूर्ण कार्य तत्काल अगाडि बढाउन आग्रह गरिन्। प्रतिनिधिसभाको निर्वाचन स्वच्छ, स्वतन्त्र, भयरहित, निष्पक्ष र मितव्ययी रूपमा सम्पन्न गर्नु नेपाल सरकारको उच्च प्राथमिकताको विषय भएको जानकारी गराएकी थिइन्।

अपहरणपछि बालकको हत्या, आफन्तसहित आठजना पक्राउ

लहान/ सिराहाको गोलबजार नगरपालिका- १३ दुर्गापुर डंग्राहा गाउँका एक बालकको अपहरण गरी हत्या भएको छ। स्थानीय करिब १४ वर्षीय अभिषेक सिंहको अपहरण गरी हत्यामा संलग्न रहेको आशंकामा मृतकका काका पर्नेहरू पाँच र अन्य तीन छिमेकीसहित आठजनालाई प्रहरीले नियन्त्रणमा लिइएको छ। जिल्ला प्रहरी कार्यालय सिराहाका प्रमुख प्रहरी उपरीक्षक अनन्तराम शर्माका अनुसार प्रदेश प्रहरी कार्यालयबाट भिकाइएको कुकुरसहितको टोलीले घटनास्थलमा गरेको प्रारम्भिक अनुसन्धान र स्थानीय बासिन्दाले दिएको सूचनाका आधारमा आठजनालाई नियन्त्रणमा लिइएको हो। नियन्त्रणमा लिइएकालाई इलाका प्रहरी कार्यालय गोलबजार पुऱ्याएर सोधपुछ गरिरहेको उनले बताए।

मधेश प्रदेश प्रहरी कार्यालयबाट आएको कुकुरसहितको टोली, जिल्ला प्रहरी र गोलबजार प्रहरीको टोलीले मंगलबार बिहानदेखि घटनास्थल मुचुल्कासहित अन्य कानुनी प्रक्रिया पूरा गरी बालकको शव पोस्टमार्टमका लागि दिउँसो धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाएको छ। शव भेटिएको ठाउँदेखि करिब १० मिटर दक्षिणपट्टि नयाँ खाल्डोसमेत खनिएको पाइएकाले हत्यामा संलग्न भएकाले सोही खाल्डोमा पुर्ने योजना बनाएको प्रहरीको आशंका छ। स्थानीय सञ्जयकुमार सिंह र रेखा सिन्हाकी एक्लो छोरा अभिषेकको शव मंगलबार बिहान घरनजिकैको अर्जुन आधारभूत विद्यालय जाने बाटोमा भेटिएको थियो। चार छोरीपछि जन्मिएका अभिषेकका बाबुको करेन्ट लागेर मृत्यु भएपछि नातिको मुख हेरेर चित्त बुझाएका हजुरबुवा लक्ष्मण महतो नातिको शव भेटिएपछि रुनसमेत सकिरहेका छैनन्। छोरा हराएदेखि नै विक्षिप्त बनेकी आमा रेखा छोरा मृत भेटिएपछि पटक-पटक मुर्छा परिरहेको गोलबजार- १३ का वडाध्यक्ष नन्दकुमार महतोले बताए।

धारिलो हतियार प्रयोग गरी तामाङको हत्या

झापा/ बिर्तामोड- ७ खाँदबारीका ३६ वर्षीय फुर्वा तामाङको हत्या भएको छ। उनलाई छिमेकी प्रेमकुमार राई र रामकुमार राईले धारिलो हतियार खुकुरी र बसिला प्रहार गरी हत्या गरेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ। तामाङलाई छिमेकी प्रेमकुमार र रामकुमारले घरमै मंगलबार बिहान हत्या गरेको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता प्रहरी नायब उपरीक्षक खगेन्द्र खड्काले जानकारी दिए। प्रेमकुमार र रामकुमार दाजुभाइ हुन्। उनीहरूलाई प्रहरीले पक्राउ गरेको छ। उनीहरूले मादक पदार्थ सेवन गरेर हत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको उनले बताए। यद्यपि, हत्याको कारण खुल्न नसकेको उनको भनाइ छ। हत्या आरोपी दुवैजनालाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखेर अनुसन्धान भइरहेको उनले बताए।

युएई पुगेका म्यानमारका दुई सय नागरिकसँग 'नेपाली पासपोर्ट'

● **रामचन्द्र तिवारी**, महानिर्देशक, अध्यागमन विभाग



म्यानमारका दुई सयजना नागरिक नेपाली पासपोर्टमा छन् भन्ने कुरा आएको छ, यसमा प्रस्ट प्रमाण भेटिएको छैन। पासपोर्ट नै नक्कली हो वा के हो बुझ्ने काम भइरहेको छ।

काठमाडौं/ वैदेशिक रोजगारीका लागि संयुक्त अरब इमिरेट्स (युएई) पुगेका म्यानमारका करिब दुई सय नागरिकसँग नेपाली पासपोर्ट रहेको पाइएको छ। कसरी उनीहरूले नेपाली पासपोर्ट लिए भन्नेमा छानबिन सुरु भएको छ। मंगलबार नौ देशका राजदूत, सहचारीसहितको भर्चुअल छलफलमा यस्तो तथ्य खुलेको हो।

अध्यागमन विभागले जेन-जी आन्दोलनले वैदेशिक रोजगारीको क्षेत्रमा पार्न सक्ने प्रभाव र विदेशमा नेपालको छवि सुधार गर्न अवलम्बन गर्नुपर्ने उपायबारे गरेको छलफलमा राजदूतहरूले नेपाली पासपोर्ट दुरुपयोगबारे बताएका हुन्। 'छलफलका क्रममा दुई सयजना म्यानमारका नागरिक नेपाली पासपोर्टमा छन् भन्ने कुरा आएको छ, यसमा प्रस्ट प्रमाण भेटिएको छैन,' अध्यागमन विभागका महानिर्देशक रामचन्द्र तिवारीले भने, 'पासपोर्ट नै नक्कली हो वा के हो बुझ्ने काम भइरहेको छ।

अध्यागमन विभागको सक्रियतामा भएको सो छलफलमा परराष्ट्रसचिव तथा नौ देशका राजदूत र सहचारी सहभागी थिए। राजदूत र सहचारीले वैदेशिक रोजगार क्षेत्रका विविध समस्याबारे जानकारी गराएका थिए। बैठकले वैदेशिक रोजगार क्षेत्रको कुशासन हटाउनेदेखि भिजिट भिसासम्बन्धी नियमलाई समसामयिक रूपमा परिमार्जन गर्ने विषयमा छलफल गरेको अध्यागमन विभागका निर्देशक टीकाराम ढकालले बताए।

भर्चुअल बैठकमा युएई, कतार, ओमन, कुवेत, साउदी अरेबिया, बहराइनलगायत खाडी मुलुक एवं मलेसिया र थाइल्यान्डमा अवस्थित नेपाली राजदूत र श्रम सहचारीसहित गृह र परराष्ट्र मन्त्रालयका पदाधिकारी थिए। त्यस्तै, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, कन्सुलर सेवा विभागका प्रतिनिधिको पनि उपस्थिति थियो। निर्देशक ढकालका अनुसार बैठकमा १८ वटा विषयमा छलफल भएको थियो। वैदेशिक रोजगारको क्षेत्रमा कुशासन हटाउनेदेखि भिजिट भिसामा सरकारी नियमलाई समसामयिक रूपमा परिमार्जन गर्ने तयारी छ।

रास्वपा प्रदेश सभापतिहरूले भने- रवि लामिछानेको विकल्प छैन

नयाँ पत्रिका



राष्ट्रिय स्वतन्त्र पार्टीका प्रदेश सभापतिहरूले सभापतिमा रवि लामिछानेको विकल्प नभएको बताएका छन्। मंगलबारदेखि सुरु केन्द्रीय समिति बैठकमा पाँच प्रदेशका सभापतिले लामिछानेकै नेतृत्वमा रास्वपा आगामी निर्वाचनमा होमिनुपर्ने धारणा राखेका हुन्। उनीहरूले अघिल्लो सरकारले सभापति लामिछानेमाथि प्रतिशोध साधेर झुटा मुद्दा लगाएको भन्दै छिटो किनारा गरिदिन नयाँ सरकारसँग माग पनि गरेका छन्।

प्रवक्ता मनीष झाका अनुसार मंगलबार बिहान ८ बजेदेखि सुरु केन्द्रीय समितिको बैठक ११ घण्टासम्म चलेको थियो। बैठक बुधबार पनि बस्नेछ। बैठकमा समसामयिक अवस्थाबारे छलफल भएको थियो। प्रदेश बैठकहरूबाट प्राप्त विवरण प्रस्तुत गरिएको थियो। परिवर्तित अवस्थामा केन्द्रीय सदस्यहरूले धारणा राखेका थिए। बैठकमा पार्टी संगठन एवं विभाग, आगामी निर्वाचन, पार्टीको महाधिवेशनबारे छलफल भई बुधबार निर्णय लिइने प्रवक्ता झाले बताए।

बागमती प्रदेश सभापति डा. अच्युतम लामिछानेले पार्टीको नेतृत्वको विकल्पमा कल्पनासमेत गर्न नसकिने बताए। 'सभापतिको नेतृत्वबारे वैकल्पिक सोच कल्पना गर्न सक्ने विषय होइन,' उनले भने। मधेश प्रदेश इन्चार्ज इन्जिनियर तपेश्वर यादवले सभापति लामिछानेको विकल्प कोही हुन नसक्ने बताए। कोशी प्रदेश सभापति सरिन तामाङले जेन-जी पुस्ताले उठाएको भ्रष्टाचारको मुद्दा लामिछाने सञ्चार क्षेत्र हुँदै राजनीतिमा आएर निरन्तर उठाउँदै लड्दै आएको बताए। लुम्बिनी प्रदेश सभापति देवराज पाठकले रास्वपा उन्नत लोकतन्त्रमा विश्वास गर्ने पार्टी भएको, पार्टी सभापतिबारे छलफल पनि हुने गरेको भन्दै तर विकल्पबारे नसोचेको बताए। सुदूरपश्चिम प्रदेश सभापति इन्जिनियर प्रकाश विष्टले पनि सभापति लामिछानेको विकल्प नभएको बताए।

पत्रकार सम्मेलनमा सहप्रवक्ता प्रतिभा रावलले सभापति रवि लामिछाने नक्खु कारागारबाट निस्किएको विषयमा उठेका प्रश्नमा प्रस्टीकरण दिइन्। उनले कारागार प्रशासनले सुरक्षा दिन सक्दैनौं भनेर पटक-पटक भनेपछि सभापति लामिछाने कागज गरेर छुटेको र स्थिति सामान्य भएपछि फर्किएको बताइन्। 'सुरक्षा चुनौती छ भनेर कार्यवाहक सभापति र पार्टीका नेताहरूलाई फोन आयो। सुरक्षा दिन सक्दैनौं लिएर जानुस् भनेपछि पत्नी निकिता पौडेल जानुभयो। पार्टीका नेताहरू हरि ढकालसहित जानुभयो। लिएर आउनुभयो,' उनले भनिन्, 'पत्रबारे पनि प्रश्न उठ्यो। त्यसको जवाफदेहिता नक्खु कारागारको हुन्छ। प्रश्न भए सम्बन्धित निकायले छानबिन गर्ला। के मिस्टेक भयो, कसरी इस्यु भयो भने उहाँहरूले छान बिन गर्न सक्नुहुन्छ। यो विषयमा अहिलेको जाँचबुझ आयोगले पनि गर्ला।'

काठमाडौं महानगरले दियो २० हजार विद्यार्थीलाई छात्रवृत्ति

४४० विद्यालयले बुझाए विवरण, नबुझाउनेलाई कारबाही गर्ने बालेनको चेतावनी

शान्ता कमली/नयाँ पत्रिका



काठमाडौं महानगरपालिकाले यो वर्ष २० हजारभन्दा धेरै विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको छ। काठमाडौंका मेयर बालेन्द्र शाह बालेनका अनुसार यो संख्या हालसम्मकै उच्च हो।

बालेनले सामाजिक सञ्जालमार्फत दिएको जानकारीअनुसार नयाँ शैक्षिक सत्रको हालसम्म विवरण बुझाउने विद्यालयको संख्या ४४० पुगेको छ, जसअनुसार १६ हजार ९८० जनाले छात्रवृत्ति पाएका हुन्। अझै पनि केही विद्यालयले विवरण नबुझाएका उनको भनाइ छ।

महानगरभित्र रहेका अन्य विद्यालयहरूलाई छिटोभन्दा छिटो विवरण पेस गर्नसमेत बालेनले अनुरोध गरेका छन्। यदि तोकिएको समयभित्र विवरण पेस नगरे उक्त विद्यालयलाई 'बन्द विद्यालय' मानी काठमाडौं महानगरपालिका शिक्षा ऐन, २०७५ बमोजिम दिइएको अनुमति वा स्वीकृति खारेज गर्ने गरी कारबाही गर्ने चेतावनी महानगरपालिकाको छ।

कानुन कार्यान्वयनको पहिलो वर्ष १३ हजार र दोस्रो वर्षमा १९ हजार विद्यार्थीले छात्रवृत्ति पाएका थिए। यस वर्ष कक्षा १ देखि १० सम्मका १६ हजार ९८० र कक्षा ११ का तीन हजार तीन सय दुईजनाले छात्रवृत्ति प्राप्त गरेका छन्। उनीहरूलाई यथाशीघ्र विवरण बुझाउन अनुरोध गर्दै बालेनले विवरण पेस नगर्ने विद्यालयहरू बन्द विद्यालयको रूपमा बुझी शिक्षा ऐन, २०७५ बमोजिम विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्ने गरी कारवाही गर्ने चेतावनी दिएका छन्। साथै, उनले प्राप्त भएको विवरणको पनि अनुगमन गरिने र फरक पाइएमा कानुनबमोजिम कारबाही हुने बताएका छन्।

दुर्गमका ३५ गाउँपालिकालाई एम्बुलेन्स वितरण

काठमाडौं महानगरले दुर्गम क्षेत्रका गाउँपालिकालाई एम्बुलेन्स वितरण गरेको छ। मंगलबार पहिलो चरणमा देशभरिका दुर्गम तथा मापदण्डका आधारमा छनोट गरिएका ३५ वटा गाउँपालिकालाई एम्बुलेन्स वितरण गरिएको काठमाडौं महानगरका स्वास्थ्य विभाग प्रमुख दीपककुमार केसीले बताए।

काठमाडौं महानगरपालिकाले प्रदान गरेको एम्बुलेन्सबाट ग्रामीण स्वास्थ्य सेवामा टेवा पुगेको गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षहरूले बताएका। महानगरपालिकाले वितरण गरेका एम्बुलेन्स लिन मंगलबार राष्ट्रिय सभागृहमा आएका उनीहरूले यस्तो प्रतिक्रिया दिएका हुन्।

सुनसरीको भोक्राहा नरसिंह गाउँपालिकाका अध्यक्ष अजमल अख्तर मियाँ भन्छन्, 'हाम्रा लागि यो ठुलो सहयोग हो।' सोलुखुम्बुको सोताङ गाउँपालिकाका अध्यक्ष खिलराज बस्नेतले भने, 'यो जनता-जनताबिचको मधुर सम्बन्ध विकासको नमुना हो।' बैतडीको सिगास गाउँपालिकाकी उपाध्यक्ष धाना धामी भन्छिन्, 'एम्बुलेन्स सञ्चालनका लागि कार्यविधि बनाउँछौं। कार्यविधिले सबैको पहुँचमा समान अवसर दिनेछ।' महानगरले आव ०८२/८३ को बजेट तथा कार्यक्रममा व्यवस्था गरेअनुसार देशभरका विभिन्न ३५ वटा गाउँपालिकालाई एम्बुलेन्स वितरण सुरु गरेको छ। यसअघि आव ०८०/८१ को बजेटमा समेत निरन्तरता दिइएको कार्यक्रमअन्तर्गत नगर सभाको निर्णयबाट ३५ थान 'बी क्लास' एम्बुलेन्स खरिद गरी वितरण गर्ने तयारी भएको थियो। बोलपत्र प्रक्रियामार्फत श्री अग्नि इन्करपोरेटेड प्रालिसँग सम्झौता भई आपूर्ति भएका एम्बुलेन्सलाई प्राविधिक निरीक्षण टोलीमार्फत परीक्षण गरी प्रतिवेदन प्राप्त भएपछि वितरण प्रक्रिया अघि बढाइएको हो।

आव ०८१/८२ मा समेत आठ करोड १० लाख विनियोजन भई सोही गाउँपालिकामा एम्बुलेन्स सहयोग गरिएको र चालू आव ०८२/८३ को नीति तथा कार्यक्रममा पनि निरन्तरता दिइँदै, बजेट शीर्षक नं २५३१२ मा र आठ करोड १० लाख रकम छुट्याइएको छ। महानगरले प्राप्त अनुरोध तथा मापदण्डका आधारमा छनोट भएका गाउँपालिकाका स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र तथा आधारभूत अस्पताललाई एम्बुलेन्स उपलब्ध गराउने निर्णय गरेको हो। एम्बुलेन्स वितरणका लागि पारदर्शी मापदण्ड बनाई स्वास्थ्य सुविधा अभावमा पिछडिएका स्थानलाई प्राथमिकता दिइएको छ।


अब कता जाला मुलुकको भविष्य ?

‘टेस्टेड’ र अक्षम दलका मुख्य नेतृत्वप्रति जनतामा ठुलो निराशा र आक्रोश भएकाले दलहरूमा व्यापक परिवर्तनको खाँचो छ, निषेध होइन



● मेखराज उदय

अग्रलेख



नेपालको इतिहासमा दुई दिनभित्रै राज्यसत्ता ढलेको यो नै पहिलोपटक हो । जेन-जी पुस्ताको आक्रोश र गैरजिम्मेवार सरकारको आततायी हत्या उन्मादका कारण अन्ततः मुलुक राजनीतिक शून्यता, अन्योल र अन्धकारको भुमरीमा भासिन पुगेको छ । त्यति मात्रै होइन, राष्ट्रको सम्पत्ति ऐतिहासिक भौतिक संरचना र धरोहर ध्वस्त पारिएका छन् । सर्वोच्च अदालत, मुलुकको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार, अन्य अदालत र सरकारी वकिलको कार्यालय तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायत सरकारी कार्यालय खरानीमा परिणत भएका छन् । अत्यन्तै महत्त्वपूर्ण कागजात एवं डेटाको अपूर्व तथा अपूरणीय क्षति भएको छ । यी आदि भन्दा भन्नै महत्त्वपूर्ण चिन्ता र खतराको सवाल भने अर्कै छ, अब मुलुक र संविधानको अवस्था के हुन्छ ? हामीले वर्षौं संघर्ष गरेर, थुप्रै पुस्ताको बलिदानबाट स्थापित गरेका अभूतपूर्व उपलब्धिको भविष्य के हुन्छ ? यसको जवाफ कसले दिने हो ?

करिब डेढ वर्षअघि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र एमालेका अध्यक्ष केपी शर्मा ओलीबिच असामयिक वा हठात् सत्ता गठबन्धन बन्न पुग्यो । गठबन्धनका निहित जटिलता एवं कमजोरीबिच केही मुख्य संशय थिए । पहिलो संशय, दुवै दलको आधिकारिक निर्णयविनै दुई दलका प्रमुखबिचको तत्कालीन आकस्मिकता र स्वार्थबाट त्यो गठबन्धन बन्यो । त्यसैले, दुवै दलका वैधानिक संगठनले गठबन्धनको जिम्मेवारी र स्वामित्व लिने अवस्था बन्न सक्दैनथ्यो र सकेन पनि । दोस्रो संशय, संसद्का सबैभन्दा ठुला दुई दलबिचको सत्ता गठबन्धन संसदीय मूल्य-मान्यता, अभ्यास र परम्पराविपरीत थियो । त्यस्तो गर्नुको मूल कारण दुवै दलका अध्यक्ष र उनका परिवारमाथि लागेका अनेकौं भ्रष्टाचार तथा आर्थिक अनियमितता गरेको आरोपबाट बच्नु एक मात्र स्वार्थ रहेको आमजनताको बुझाइ रह्यो । अन्ततोगत्वा तथ्य पनि त्यही रहेको पुष्टि भयो ।

तेस्रो संशय, प्रथम चरणमा प्रधानमन्त्री बनेका ओली र ‘वेटिङ प्राइममिनिस्टर’ देउवा दुवै सत्तामा परीक्षित र असफल व्यक्ति नै थिए । जसका कारण दुई ठुला दल मिल्दासमेत जनतामा उत्साह छाउन सकेन, बरु निराशा र भरोसाहीनताले उग्र रूप लिन पुग्यो । जसको सोझो परिणाम हामीसामु जगजाहेर भइसकेकै छ ।

एमाले अध्यक्ष तथा प्रधानमन्त्री ओलीले मुलुकको सही नेतृत्व गर्न सकेनन् । प्रधानमन्त्रीको हैसियतमा ओलीले आन्तरिक (देशभित्रका) असन्तुष्टि र जनआक्रोशको वेलैमा निदान खोज्ने इमानदार प्रयास गरेनन् । त्यति मात्रै होइन, उनले भूराजनीतिको प्रभाव, बिग्रिएको छिमेकी मुलुकहरूसँगको सम्बन्ध सुधार्न अधिकतम प्रयास गर्नुको सट्टा उल्टै गैरजिम्मेवार बन्दै छद्म शब्दमा ओठे बोली फर्काउनु मुलुककै लागि आत्मघाती सिद्ध बन्न पुग्यो । स्वदेशी आलोचना, विपक्षीविरोधी शक्ति र स्वरलाई दबाउने र गोली ठोक्ने तथा संवेदनशील छिमेकीविरुद्ध उल्टै छद्म बोलीको प्रयोगमा उनी रमाए । ओली र उनी वरिपरिका स्वार्थ समूहका स्वार्थ, लहड, घमण्ड, भ्रष्टाचार, नालायकीपन र अक्षमताले अन्ततः राष्ट्रले अपूरणीय क्षति व्यहोरेको छ । ०६२/६३ को ऐतिहासिक जनआन्दोलन, माओवादीको १० वर्षे सशस्त्र द्वन्द्व, मधेश विद्रोह, आदिवासी जनजाति, महिला, दलित आदि सम्प्रदायको त्याग, संघर्ष र बलिदानबाट प्राप्त उपलब्धि दाउमा पर्दैछ । संघीय लोकतान्त्रिक गणतन्त्र, धर्म निरपेक्षता र समावेशिता मुख्य उपलब्धि हुन् । स्मरणीय के छ भने, ती उपलब्धिको परिणामका दस्तावेज नै वर्तमान संविधान हो । हेक्का राखियोस्, यो संविधान बचाउन सकिएन भने ०६२ सालमा कांग्रेस, एमालेलगायत तत्कालीन संसद्वादी राजनीतिक दल तथा विद्रोही माओवादीबिच सम्पन्न १२ बुँदे सम्झौतादेखि सुरुवात भई हालसम्मका दीर्घ शान्ति, प्रगतिशील र उन्नत लोकतान्त्रिक व्यवस्था तथा उपलब्धिको जगेर्ना सम्भव छैन । यस्तो दुःखद परिस्थिति आउनुमा निवर्तमान ओली सरकार तथा प्रमुख राजनीतिक दलहरू कांग्रेस, एमाले र माओवादी हैसियतबमोजिम जिम्मेवार छन् ।

निःसन्देह जेन-जी अमुक र असंगठित शक्ति हो । यसका पछाडि कुन शक्तिको भूमिका थियो, छ भन्ने भविष्यमा प्रस्ट हुँदै जानेछ । तथापि, परीक्षित (‘टेस्टेड’) र अक्षम दलका मुख्य नेतृत्वप्रति जनतामा ठुलो निराशा र आक्रोश थियो । विद्रोहले सर्घै सही दिशा लिन्छ र परिणाम प्रगतिशील नै आउँछ भनी सोच्नु मूर्खता हुनेछ । त्यसैले, प्राप्त उपलब्धिको जगेर्ना गर्नु सम्बन्धित सबैको दायित्व हो ।

■ जनआक्रोशको पृष्ठभूमि

पहिलो जनआन्दोलनको सफलतासँगै ०४७ सालमा संविधान जारी गरियो । सो संविधानबमोजिम ०४८ साल वैशाख २९ गते पहिलो प्रतिनिधिसभाको आमनिर्वाचन सम्पन्न भयो । २०५ सदस्यीय तत्कालीन संसद्मा कांग्रेसले ११० सिट जितेर एकल बहुमत ल्यायो । कांग्रेस नेता गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बने । कोइराला क्याबिनेटका गृहमन्त्री थिए, वर्तमान कांग्रेस सभापति शेरबहादुर देउवा । कांग्रेसको आन्तरिक अन्तर्द्वन्द्वका कारण प्रधानमन्त्री कोइरालाले प्रतिनिधिसभा भंग गरी मध्यावधि निर्वाचन घोषणा गरिदिए । ०५१ साल कात्तिक २९ गते प्रतिनिधिसभाको मध्यावधि निर्वाचन सम्पन्न भयो । निर्वाचन परिणामअनुसार एमाले ८८ सिटसहित पहिलो र कांग्रेस ८३ सिटसहित दोस्रो दल बने । एमाले अध्यक्ष मनमोहन अधिकारीको नेतृत्वमा एमालेको अल्पमतको सरकार गठन भयो । अधिकारी क्याबिनेटका गृहमन्त्री थिए, हालका एमाले अध्यक्ष केपी ओली । यसरी गृहमन्त्री हुँदै पाँचपटक प्रधानमन्त्री बनेका देउवा तीन दशकभन्दा बढी समयदेखि हालसम्म मुख्य दल कांग्रेस र सरकारको नेतृत्वमा सक्रिय रहे । उसैगरी, उति नै अवधि ओली एमाले र राज्यसत्तामा सक्रिय छन् । जनताको आक्रोशले सीमा पार गर्नुको खास कारण यही हो ।

> दलका प्रौढ र अक्षम नेतृत्वले अब युवाका लागि ठाउँ खाली गरिदिनैपर्छ । लोकतन्त्रमा व्यक्तिको विकल्प अझ योग्य व्यक्ति र दलको विकल्प नयाँ र अझ योग्य दल मात्र बन्न सक्छन् ।

०४३ चैत १९ गते मोहन वैद्यको नेतृत्वमा नेकपा (मशाल) द्वारा सशस्त्र विद्रोह सुरु गर्ने असफल प्रयास भयो, जसलाई ‘सेक्टर काण्ड’ भनिन्छ । सो विद्रोह असफल बनेपछि वैद्यले नैतिक जिम्मेवारी लिँदै नेतृत्व परित्याग गरे । सेक्टर काण्डमा नफसेका पुष्पकमल दाहालले मशालको नेतृत्व गरे । त्यो मशालकै एक समूह पछि गएर नेकपा माओवादी बन्न पुग्यो, दाहाल बने प्रचण्ड । सशस्त्र द्वन्द्व हुँदै शान्ति प्रक्रिया र तीनपटक प्रधानमन्त्री बनिसकेका दाहाल अझै अविच्छिन्न माओवादी अध्यक्ष छन् । यिनै तीन नेताको नेतृत्वकालमा कांग्रेस, एमाले र माओवादी पोखरीमा जमेको फोहोर पानीजस्तै दुर्गन्धित बन्न पुगे, निरन्तर बग्ने कञ्चन नदी बन्नबाट चुके ।

त्यस्तै डेढ दशक एमालेको मुख्य नेतृत्व महासचिव बनेका पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल हाल नेकपा एकीकृत समाजवादीका अध्यक्ष छन् । उनीविरुद्ध भ्रष्टाचारको मुद्दा अदालतमा विचाराधीन छ । आफूमाथि नीतिगत भ्रष्टाचारको संगीन आरोप लागेको र अदालतमा ३५ लाख धरौटी बुझाएर रिहा भएका नेपालले अझै अध्यक्ष पदमा रहिरहनु लज्जास्पद अवस्था हो । यी अक्षम र प्रौढ नेताहरूको असीमित पदलोलुपताले जनताको धैर्यको बाँध फुटेको छ ।

विडम्बना, जननिर्वाचित संसद् (प्रतिनिधिसभा) विघटन गरिएको छ । पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको नवगठित अन्तरिम सरकारले आगामी फागुन २१ गते नयाँ निर्वाचनको मिति सार्वजनिक गरेको छ । प्रतिनिधिसभा सदस्य नरहेको व्यक्ति र पूर्वप्रधानन्यायाधीशलाई प्रधानमन्त्री बनाउने परिकल्पना हाम्रो संविधानले गरेको छैन । तथापि, कार्की सरकार संवैधानिक व्यवस्थाभन्दा बढी परिस्थितिको आवश्यकताले जन्माएको बाध्यात्मक सरकार हो ।

क्रोध र आक्रोशले ध्वंस र बर्बाद मात्रै गर्न सक्छ, तथापि राष्ट्रहित र समृद्धि ल्याउन, लोकतन्त्र, विधि र थितिको शासन स्थापना गर्नका निम्ति राजनीतिक रूपमा सचेत नागरिक उत्पादन नगरी सम्भव छैन । मासु, चिउरा र रक्सी, नाता, टोलमा बाटो, पानी र बत्ती पुऱ्याउने सामान्य प्रलोभनमा परेर भ्रष्ट, आपराधिक चरित्र तथा पृष्ठभूमि भएका व्यक्तिलाई चुनाव जिताउने नागरिक रहँदासम्म विधि र थितिको शासन स्थापनाको कल्पना गर्न सकिँदैन । संसद् जोगाउन नसके पनि संविधान जोगाउने दायित्व राष्ट्रपति, प्रधानमन्त्री, जेन-जी समूह र राजनीतिक दलहरूको हो । नयाँ निर्वाचनबाट जनअनुमोदित हुने प्रतिनिधिसभाको छिटो गठन हुन जरुरी छ । दलका प्रौढ र अक्षम नेतृत्वले अब नयाँ र समावेशी युवाका लागि ठाउँ खाली गरिदिनैपर्छ । लोकतन्त्रमा व्यक्तिको विकल्प अझ योग्य व्यक्ति र दलको विकल्प नयाँ र अझ योग्य दल बन्न सक्छन् र सक्नु पनि पर्छ । अन्तमा, आगोको एक जीवन्त कथा भनेर यो लेख टुंग्याउँछु ।

कुनै एक बस्तीमा भीषण आगलागी भएछ । आगोले मानिसका अन्न, घर, गोठ, ओड्ने, ओछ्याउने, लगाउने सबै कपडा, गाईवस्तु, श्रीसम्पत्ति जलाइदियो । आगोले जलाउन र डढाउन मिल्ने र सक्नेजति सबै जलाएर राख (खरानी) बनाइदियो । अनि आगोदेखि गाउँलेहरू धेरै क्रोधित बने, घृणा गरे । मनमनै भने, यस (आगो) लाई कहिल्यै हेर्ने नपरोस् । तर, जब साँझ पऱ्यो, सबैलाई भोक लाग्न थाल्यो । डढ्नबाट बचेखुचेका अनाज खोजेर खाना पकाउन फेरि त्यही आगो बाल्नुपर्ने भयो । जति नै रिस उठेको, घृणा जागेको भए पनि आगो नबाली खाना पकाउन सम्भव थिएन । दाउरा जम्मा गरी आगो बालेर खाना पकाउनुपर्ने बाध्यता आइलागेपछि आगोप्रतिको रिस र घृणा आफैं तुहिएर गयो । त्यसैले हेक्का राखौं, दलहरूमा व्यापक परिवर्तनको खाँचो छ, निषेध होइन ।

@TheUday024

---

३ प्रश्न

एकीकृत समाजवादीका पोलिटब्युरो सदस्य एवं प्रचार विभाग उपप्रमुख **दामोदर अर्याल**लाई



जेन-जी आन्दोलनपछि अब एकीकृत समाजवादी कसरी अघि बढ्छ ?

जेन-जीले भ्रष्टाचारको मुद्दालाई प्रमुख एजेन्डा बनाएर ठुलो आन्दोलन गरे । नेपालको इतिहासमा यो एउटा अत्यन्त सफल आन्दोलन हो । तर, यसको समापन त्यति राम्रो हुन नसके पनि तिनले उठाएका मुद्दाको सम्बोधन जरुरी छ । यसको सम्बोधन गर्ने जिम्मा फेरि पनि राजनीतिक दलकै हो । यस्तो काम कुनै स्वतन्त्र, गैरराजनीतिक व्यक्ति वा तिलस्मी मान्छेबाट हुन सक्दैन । आज नेपालमा क्रियाशील राजनीतिक दल सत्तालिप्सामा यति धेरै भ्रष्ट भइसके कि तिनले यही परिस्थितिमा जेन-जीका माग सम्बोधन गर्ने ल्याकत राख्दैनन् । त्यसकारण दलले आफ्नो नीति, संगठन र नेतृत्वमा व्यापक पुनर्गठन गर्न जरुरी छ । हाम्रो पार्टी नेकपा एकीकृत समाजवादी ‘सुशासन र रोजगारी, समाजवादको तयारी’ भन्ने नारासहित अघि बढिसकेको छ । यो नीतिमा देशलाई हिँडाउन सकियो भने धेरैजसो समस्या स्वतः समाप्त हुन्छन् । जेन-जीका माग पूरा गर्न र सोहीअनुकूल नेतृत्व स्थापित गर्न हामी पहिलो पुस्ताका आदरणीय नेतालाई स्वेच्छिक राजनीतिक अवकाशमा जान आग्रह गर्छौं ।

शीर्ष नेतालेयति सजिलै छाड्लान् त ?

हामी अब नेतृत्वमा पुनर्गठन गर्छौं । अन्य राजनीतिक दल पनि यही बाटामा नहिँडी सुख छैन । अन्यथा, ती समाप्त भएर जान्छन् । वाम पार्टीले ढिलो नगरी नीतिमा समीक्षा गर्नुपर्छ । भ्रष्टाचारबाट मक्किएका नेतालाई बिदा गर्नुपर्छ । अन्यथा, इतिहासले कसैलाई क्षमा दिनेछैन । दलभित्रका इमानदार नेता-कार्यकर्ताले यो यथार्थ बुझी दासताबाट माथि उठेर नीति र नेतृत्व फेर्ने हिम्मत गर्नुपर्छ । जेन-जी आन्दोलनले सबक मात्र होइन, दलहरूलाई सच्चिने अवसर पनि दिएको छ । यो अवसर गुमाउनुहुँदैन ।

दलहरूले जेन-जी आन्दोलनको भावनालाई आत्मसात् गर्न के गर्नुपर्छ ?

जेन-जी आन्दोलनको भावना अस्वीकार गरेर अब दलहरू नेपाली राजनीतिमा बाँच्दैनन् । प्रमुख दलका प्रमुख नेताप्रति जेन-जीले सडकमै आएर घृणा व्यक्त गरे । जेन-जीलाई पुनः शान्त बनाउन, लोकतन्त्रप्रति आश्वस्त पार्न र राज्यव्यवस्थाप्रति पुनः विश्वस्त बनाउन दलहरूमा ठुलो परिवर्तन आवश्यक छ । प्रवृत्तिमा मात्र होइन, सुशासन, नीति, संगठन र नेतृत्वमा आमूल परिवर्तन गर्नुपर्छ ।

प्रेरक प्रसंग

सुकरात र उनकी पत्नी

सुकरात ग्रिसका महान् विचारक र दार्शनिक थिए । उनी सडकमा जहाँ उभिन्थे, त्यहाँ मानिसले उनलाई घेरेर विभिन्न प्रकारका प्रश्न सोध्ने गर्थे । कहिलेकाहीं त मानिसहरू छेउ न टुप्पोका प्रश्न पनि सोधेर उनलाई हैरान पार्ने गर्थे । तर, सुकरात यस्ता सबै प्रश्न ध्यान दिएर सुन्थे र बडो शान्त भावले उनीहरूका सम्पूर्ण प्रश्नको जवाफ दिन्थे ।



मानिसद्वारा घेरिइरहने भएकाले सुकरात धेरै समयसम्म घरबाहिर रहन्थे । यसले गर्दा उनकी पत्नी धेरै रिसाउने गर्थिन् । त्यसै पनि उनी बडो कठोर स्वभाव भएकी स्त्री थिइन् । उनी विनाकारण नै सुकरातसँग अनेक बहाना झिकेर झगडा गरिरहन्थिन् । सुकरात बडो शान्त भावले उनका कुरा सुनिरहन्थे । तर, कुनै प्रतिवाद गर्दैनथे ।

एकपटक सुकरातकी पत्नी उनीसित कुनै बहानामा चर्को रिस देखाइरहेकी थिइन् । उनी ठुल्ठुलो स्वरमा सुकरातलाई गाली गरिरहेकी थिइन् । तर, सुकरात एक शब्द नबोली उनको गाली सुनिरहेका थिए । लामो समयसम्म पनि उनकी पत्नीले बोल्न नछाडेपछि सुकरात चुपचाप बाहिर जान लागे ।

यो देखेर उनकी पत्नीको रिसको पारो झनै बढ्यो । छेउमा फोहोर पानीले भरिएको बाल्टिन राखिएको थियो । क्रोधले तिर्मिराउँदै उनले त्यो सबै फोहोर पानी सुकरातको शरीरमा खन्याइदिइन् । उनी शिरदेखि पाउसम्म भिजे । उनको कपडा पनि फोहोर भयो । तैपनि, उनी शान्त भएर बसे, जस्तो कि केही भएकै छैन ।

केही क्षणपछि मुस्कुराउँदै शान्त भावमा सुकरातले भने, ‘यति ठुलो गर्जनपछि आखिर वर्षा त हुनु नै थियो, होइन र ?’

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

एमाले नसिध्याई किन छाड्नु त ?

अझै पार्टी अलि-अलि बाँकी नै छ । त्यसैले, एमालेलाई नसिध्याई किन छोड्थे त यिनले नेतृत्व ?

● कुमार दाहाल

छाड्नहुन्न बा ! बल्लतल्ल जोगिएको जीवनको यो उपहार अझै देश जनता र पार्टीको योगदानका लागि सुम्पिनुपर्छ है ! आर्यघाटसम्मै अध्यक्ष बन्ने, पार्टी र राष्ट्रिय झन्डा ओडेर बिदाइ हुने संस्कार अझै तोड्नुहुन्न, हस् !

● शिवराज बस्नेत

बोलाएर भेटेर कसले यिनलाई सुझाव दिन सक्ला र ? भेटेकाले चाप्लुसीबाहेक अरू गर्न सक्दैनन् । प्रश्न गर्न सक्नेलाई यिनले बोलाउँदैनन्, भेट्दैनन् ।

● पदमकुमार केसी

आफूलाई जे स्वाद लाग्छ, यिनले त्यही गर्छन् । यसमा हामीले टाउको दुखाइरहनु जरुरी छैन ।

● अर्जुनकुमार पन्थी

ओली आफू त सकिए, सकिए, एमालेमा लाग्नेजति सबैको राजनीति नै समाप्त पारिदिए ।

● गंगाराम खनाल



नेतृत्व नछाड्ने ओलीको स्पष्ट सन्देश

जनताका लागि नछाडेको नै राम्रो ! पार्टीले नहटाए जनताले ०८४ मा होइन, ०८२ मै धुलो चटाउँछन् ।

● प्रेमप्रसाद पन्त

हैट ! जय खड्ग

ओली भन्दै अस्ति भर्खर एमालेमा ओलीको विकल्प छैन भन्दै पारित गऱ्या हुन क्यारे ! ठिक गर्दै छन् ओलीले । उनले नजानेको र नदेखेको के नै छ र ? जय जय भन्दै भजन गाउनुपर्छ, एमालेका ‘झोले’हरूले । किनकि, अझै अलिकति नै भए पनि पार्टी बाँकी छ । सिध्याउनुपर्छ यसलाई जसरी नि !

● अमित शर्मा

जब खास आसेपासेबाहेक जनताले ओलीको अनुहारै देख्न चाहँदैनन् भन्ने उनीलगायत सबैलाई थाहा हुँदाहुँदै पनि किन गरेको होला यो मरिहत्ते ?

● दिलीप थापा

किन छोड्ने ? छोड्ने होइन । केपी बा इज केपी बा, अहिले कसैले छोड्न हुँदैन । पुराना पार्टीका पुराना नेतालाई सम्मान गर्ने बानीको विकास गरौं, हामी झोलेजति सबै एक हौं !

● जयराम आचार्य

श्रद्धेय अध्यक्ष केपी शर्मा ओलीले एमालेको पार्टी अध्यक्ष कुनै हालतमा पनि छोड्नुहुँदैन । फागुनमा निर्वाचन आउँदै छ, उहाँले पार्टी अध्यक्ष छोड्नुभयो भने फेरि टिकट कसरी आफ्ना मान्छेलाई बाँड्न सकिन्छ ? यसबाट तमाम नेकपा एमालेका समर्थकभन्दा पनि ओली समर्थकमाथि ठुलो घात हुनेछ । मेरो अहिले पनि समर्थन केपी ओलीमाथि नै छ है ! एमाले पनि त सिध्याउनु छ नि यो देशबाट ! हाम्रो श्रद्धेय अध्यक्षज्यूले नै हो, यस अभियनको नेतृत्व गर्ने । यो देशबाट एमाले विघटन गराउन सक्ने क्षमता भएको अरूमा यति दम छैन ।

● हरिप्रसाद सुवेदी

एमालेमा दोस्रो पुस्ता होइन, दास पुस्ता रहेछन् । दासत्व प्रथा अझै उन्मूलन भएको रहेनछ एमालेमा ।

● भुवन श्रेष्ठ

(नयाँ पत्रिका फेसबुक पेजबाट)

देश डढाउने हजुरबाको सत्ता

राजनीतिमा खासै चासो नराख्ने, तर विज्ञान, प्रविधिको उपयोगले संसारसँग निरन्तर समन्वयमा रहिरहेको पुस्तामा हजुरबा पुस्ताले आस जगाउन



● मनोज सुवेदी

जेन-जी आन्दोलनले देशमा एउटा राजनीतिक तरंग ल्याएको छ । नेपालको राजनीतिक इतिहासमा शासकीय स्वरूप बदल्ने आन्दोलन निकै भए, तर जेन-जी आन्दोलन अलिक फरक छ । यसमा संरचनागत सुधारप्रति नभई शासकप्रतिको असन्तुष्टि देखिन्छ । सन् १९९७ देखि २०१२ बिच जन्मिएको पुस्ता विश्वसँग अलिक नजिक छ । तिनको सोच्ने शैली तुलनात्मक रूपमा भिन्न छ । एउटै व्यक्ति बारम्बार एउटै पदमा दोहोरिइहँदा ती युवा वाक्कदिक्क भएका थिए । त्यसमाथि तिनै अलोकप्रिय अनुहार भ्रष्टाचारमा पनि पटक-पटक मुछिएकाले युवा निराश थिए ।

राजनीतिमा खासै चासो नराख्ने तर विज्ञान, प्रविधिको उपयोगले संसारसँग निरन्तर समन्वयमा रहिरहेको पुस्तामा हजुरबा पुस्ताले आस जगाउन सकेन । हजुरबा पुस्ताले जेन-जी पुस्ताको समस्या बुझ्न र निकास दिन सकेन या चाहेन । जसले बेरोजगार युवाको परिवर्तनको चाहनालाई निरन्तर कुठाघात गरिरह्यो । परिणामतः भ्रष्टाचार र बेथितिको प्रत्यक्ष सिकार भइरहेको यो पुस्ता चुप लागेर बस्न सकेन र आन्दोलनमा होमियो । स्थापित दलका शीर्ष नेतृत्व विशेषतः ०४६ देखि अहिलेसम्म अपवादबाहेक उनै छन् । यिनीहरूबाट उपलब्धिमूलक काम केही भएन । यिनले भ्रष्टाचारलाई प्रोत्साहन गरेर सत्ताको दुरुपयोग गरिरहे । जसले आजका युवालाई आजित बनायो । अहिलेको जेन-जी आन्दोलनको लक्ष्य नै नेतातन्त्र र भ्रष्टतन्त्रको अन्त्य थियो ।

२३ भदौको आन्दोलनको लहरसँगै देशैभरका जेन-जी युवा एकसाथ एउटै स्वर बोलिरहेका थिए । तर विडम्बना, राज्यले कलिला विद्यार्थीको निर्मम र क्रूर हत्या गऱ्यो, जसको जति निन्दा गरे पनि कमै हुन्छ । तैपनि, त्यो सत्ताले हत्यापश्चात् पनि आफ्नो गल्ती स्विकारेन । जेन-जी पुस्तालाई यसले झनै उत्तेजित बनायो । फलस्वरूप २४ गतेको आन्दोलन झनै अनियन्त्रित भयो । जसले गर्दा सरकारी तथा निजी सम्पत्तिमाथि अकल्पनीय क्षति भयो । सिंहदरबारदेखि सर्वोच्च अदालत राजनीतिक दलका पार्टी कार्यालयदेखि नेताका घरसम्म ध्वस्त भए । आन्दोलनमा घुसपैठ भयो भनिए पनि जेन-जीको भ्रष्टाचार र नेतातन्त्रप्रति आक्रोश थियो यो । परिणामतः दलका शीर्ष नेता सेनाको सुरक्षा घेराभित्र बस्न बाध्य भए ।

आन्दोलनको सफलतापछि जेन-जी पुस्ताको प्रतिनिधिमार्फत प्रधानमन्त्री चयन गरी प्रतिनिधिसभा विघटन गरियो । यसले प्रत्यक्ष देखाउँछ कि जेन-जीले शासकीय स्वरूप परिवर्तन नभई व्यक्ति र व्यवहार परिवर्तन गर्न खोजेका हुन् । जेन-जी आफू कुनै पनि पदमा बस्न नचाहनुले योभन्दा स्वच्छ आन्दोलनको भावना अरू हुने सक्दैन ।

यतिखेर स्थापित दलले संसद् विघटनको प्रतिरोधदेखि आफू सुध्रिने आश्वासनसमेत दिइरहेका छन् । तर, जेन-जीले पत्याइरहेका छैनन् । दलका युवा नेताले आफ्नो दल सच्चिने र आन्दोलनको भावनाअनुरूप अघि बढ्ने आश्वासन त दिएका छन् । तर विडम्बना, स्थापित दलका शीर्ष नेतालाई विस्थापित गर्ने जेन-जीको चाहना भने अझै पूरा भएको छैन ।

दलहरूमा नेतृत्व परिवर्तनको मुद्दा उठान भए पनि ठोस कदम भने चालिएको छैन । वा भनौं, नेतृत्वले आफैं राजीनामा दिइसकेको अवस्था छैन । यसको स्पष्ट सन्देश हो कि स्थापित दलका शीर्ष नेता अझै पनि आन्दोलनप्रति गम्भीर छैनन् । सबैले आआफ्नै नेतृत्वमा दल सञ्चालन गर्ने स्पष्ट सन्देश दिएको पाइयो । जेन-जी आन्दोलनले दल र उसको विचारप्रति आक्रोश देखाएन । जति पनि पार्टी कार्यालय तोडफोड र नेताका



घरमा आगजनी भए, ती सबै निन्दनीय घटना भए पनि त्यसका दलका शीर्ष नेताको शासकीय रबैया नै मुख्य रूपमा जिम्मेवार देखिन्छ । जेन-जी आफू सरकारमा सहभागी हुन चाहन्न । उसको कुनै स्वार्थ पनि छैन । उसको एउटै मात्र स्वार्थ छ, आफ्नो भावनाअनुरूप दल र तिनको सरकारले काम गरिदियोस् । र, विद्यमान समस्या समाधान गर्दै जाओस् ।

यतिखेर न दलका युवा पुस्तामा नेतृत्वलाई विस्थापन गर्ने सामर्थ्य देखिन्छ, न हजुरबा पुस्ताले आफू हट्ने सन्देश नै दिन्छन् । जेन-जीको स्पष्ट सन्देश छ, लोकतान्त्रिक व्यवस्थामा दलहरूकै भूमिका सक्रिय हुन्छ, जति नै दलप्रति आक्रोश व्यक्त गरे पनि शासन गर्ने दल र तिनका प्रतिनिधिले नै हो । अझ नेपालको सन्दर्भमा यिनै स्थापित दलले नै हो । स्थापित दलका शीर्ष नेता विस्थापित नभएसम्म देशको राजनीति निरन्तर अस्थिर हुने र युवाको आक्रोश बढ्दै जानेमा सन्देह छैन । युवा पुस्ताको स्पष्ट सन्देश छ- हजुरबा पुस्तालाई सक्रिय राजनीतिबाट विस्थापित गरियोस्, तिनले गरेको भ्रष्टाचारबारे छानबिन होस्, युवा भावनाअनुरूप सत्ता अघि बढोस् ।

दुःखका साथ भन्नुपर्छ यति धेरै क्षति हुँदा समेत कुनै स्थापित दलका शीर्ष नेताले स्वतःस्फूर्त युवालाई मार्गप्रशस्त गर्ने कुनै पनि सन्देश दिइरहेका छैनन्, आन्दोलनलाई घुसपैठ र बाह्य शक्तिको ढाडस दिइरहेका छन्, जेन-जी पुस्तालाई राजनीतिप्रति वितृष्णा हुनुको मुख्य कारण शीर्ष दलका शीर्ष नेताहरूको अनुहार नै हो । जेन-जी पुस्ताले खासै राजनीतिप्रति चासो पनि लिएको थिएन । तर, उसले दुई दिन राजनीति गरिदिँदा युवा पुस्ता राजनीतिबाट अलग छैन भन्ने स्पष्ट सन्देश दिएको छ र नेतृत्वलाई बेजोड खबरदारी गरेको छ । सच्चिने या सकिने दुई विकल्पमा सीमित गरिदिएको छ ।

हालको अवस्थामा जेन-जी पुस्ताँग दुइटा विकल्प शेष छन्, अहिलेको अन्तरिम सरकारद्वारा भ्रष्टाचारको व्यापक छानबिन गरी निर्मूल पार्ने र आउने चुनावमार्फत राजनीतिमा अक्षम ठहरिएका अनुहारलाई लोकतान्त्रिक विधिमार्फत विस्थापित गराउने । मलाई लाग्छ, युवाले दुई दिनको आन्दोलनबाट भ्रष्टाचारी र शीर्ष नेतृत्वको मानसिकता जरैदेखि खल्बलिएको छ । अब एक दिन मतदानमार्फत योग्य सक्षम व्यक्तिलाई निर्वाचित गराऊँ । योग्य व्यक्ति अघि बढौं र नेतृत्व लिन तयार होऔं ।

(सुवेदी गण्डकी विश्वविद्यालयका नेविसंघ सभापति हुन्)

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

चार्ली कर्कको हत्यापछि अमेरिकामा म्याकार्थीवादको नयाँ युग

सन् १९५० को दशकमा अमेरिकामा राजनीतिक प्रतिद्वन्द्वीहरूलाई देशद्रोही देखाउन आधारहीन आरोप लगाउने अभ्यासले व्यापकता पाएको थियो, जसलाई 'म्याकार्थीवाद'को नामले चिनिन्छ

- स्यानन ब्रिन्क्याट
- फ्रान्क मोल्स
- गेल क्रिमिन्स

स्यानन सनसाइन कोस्ट विश्वविद्यालयका राजनीति तथा अन्तर्राष्ट्रिय सम्बन्ध विषयका वरिष्ठ अध्यापक हुन् । फ्रान्क क्विन्सल्यान्ड विश्वविद्यालयका राजनीति विज्ञानका वरिष्ठ अध्यापक हुन् । गेल सनसाइन कोस्ट विश्वविद्यालयका सह-प्राध्यापक हुन् ।



> जब छिमेकी नै एक-अर्कासँग डराउनुपर्ने अवस्था आउँछ, संवाद बन्द हुन्छ, तब द्वन्द्व तथा हिंसाको सम्भावना बढ्छ । अमेरिकाको वर्तमान वातावरणबारे हुने बहसमा जर्मनीमा फासीवादको उदय र अर्को गृहयुद्धको सम्भावनामाथि खुलेर छलफल हुन थालेको छ ।

संयुक्त राज्य अमेरिकाको डिजिटल संसारमा अहिले व्यापक धरपकट भइरहेको छ । र, यो मुख्यतः उग्र दक्षिणपन्थी अभियन्ता चार्ली कर्कको हत्यापछि उनका पुराना आलोचकप्रति लक्षित देखिन्छ । निश्चित विचारधाराका आलोचकहरूको आवाज दबाउन केन्द्रित यस अभियानमा अमेरिकी इतिहासको सबैभन्दा अँध्यारो अध्यायमध्ये एक प्रतिध्वनित भइरहेको छ । कर्कको सार्वजनिक रूपमा आलोचना गर्ने वा उनको मृत्युप्रति असंवेदनशील टिप्पणी गर्ने व्यक्तिहरूले अहिले धम्की पाइरहेका छन् र कामबाट बर्खास्त भइरहेका छन् । त्यस्तै, तिनको व्यक्तिगत सूचना इन्टरनेटमा भन्डाफोर भइरहेको छ ।

यस अभियानअन्तर्गत कयौं शिक्षक र प्राध्यापक बर्खास्त भइसके । बर्खास्त नभएकामाथि अनुशासनको कारबाही चलिरहेको छ । कर्क नश्लवादी, महिलाविरोधी र नवनाजी रहेको भनेर पोस्ट गरेकाहरूसमेत कारबाहीमा परेका छन् । कर्कको हत्याबारे टिप्पणी गर्ने पत्रकारविरुद्धसमेत कदम चालिएको छ । यस अभियानको पछिल्लो सिकार बनेका छन्, रात्रिकालीन टेलिभिजन टक सो 'जिम्मी किमेल लाइभ'का सञ्चालक जिमी किमेल ।

'एक्सपोज चार्लिज मर्डर्स (चार्लीका हत्याराहरूको पर्दाफास गरौं)' एउटा वेबसाइट नै खोलेर कर्कबारे आलोचनात्मक टिप्पणी गरेका व्यक्तिहरूको नाम, ठेगाना र काम गर्ने स्थानसम्बन्धी सूचना पोस्ट भइरहेको थियो । व्यापक आलोचना भएपछि मात्र ती सूचना हटाइए । यस्तो कार्य प्रोत्साहित गर्नेमा स्वयं अमेरिकाका उपराष्ट्रपति जेडी भान्ससमेत छन् । उनले समर्थकलाई 'त्यस्ता व्यक्तिलाई सार्वजनिक गर्नुस्, तिनका रोजगारदाताको पनि पर्दाफास गर्नुस्,' भनेर आह्वान गरेका थिए । यो उग्र दक्षिणपन्थी जमातले चलाइरहेको 'क्यान्सेल कल्चर' हो, जुन अमेरिकाले सन् १९५० को दशकको म्याकार्थी युगयता यो स्तरमा देखेको थिएन ।

'म्याकार्थीवाद'को जन्म

अहिलेको अवस्था बुझ्न अमेरिकाको सामूहिक स्मृतिमा धमिलिँदै गएको 'म्याकार्थी युग' कसरी सुरु भयो र यसले अमेरिकामा कस्तो प्रभाव पाऱ्यो भनेर बुझ्नु महत्त्वपूर्ण हुन्छ । आखिरमा, दार्शनिक जर्ज सान्तायानाको एउटा भनाइ छ- 'जसले विगत सम्झन सक्दैनन्, उनीहरू यसलाई दोहोऱ्याउन विवश हुन्छन् ।'

सन् १९५० को दशकमा अमेरिकामा राजनीतिक प्रतिद्वन्द्वीहरूलाई देशद्रोही देखाउन आधारहीन आरोप लगाउने अभ्यासले व्यापकता पायो । 'म्याकार्थीवाद' भनेर चिनिने यो अभ्यासअन्तर्गत विरोधीहरूविरुद्ध ठुलो दुष्प्रचार गरिन्थ्यो र सार्वजनिक अपमान गरिन्थ्यो । रिपब्लिकन सिनेटर जोसेफ म्याकार्थीले अमेरिकी संस्थामा कम्युनिस्टहरू र विध्वंसकहरू निकाल्न व्यापक अभियान चलाएका थिए । उनैको नामबाट अभियानलाई म्याकार्थीवाद भन्न थालियो ।

अभियानका क्रममा सन् १९४० को दशकको अन्त्यदेखि १९५० को दशकको सुरुवातसम्म सार्वजनिक र निजी दुवै क्षेत्रका धेरै मानिस प्रताडित गरिए । मुद्दा चलाइयो । तल्लो सदनको 'अन-अमेरिकिन एक्टिभिटी कमिटी' र सिनेटको 'पर्मानेन्ट सब-कमिटी अन इन्भेस्टिगेसन' अगाडि धेरैलाई सवाल-जवाफमा उभ्याइयो । यस अवधिमा लाखौं संघीय कर्मचारीले देश र शासनप्रति 'बफादार' रहेको भन्ने अनुसन्धान फारम भर्नुपरेको थियो । सयौं कर्मचारी या त बर्खास्त गरिए वा काममा लिनुअघि नै रोकिए । सयौं हलिउड सेलिब्रिटीको नाम कालोसूचीमा राखिएको थियो । म्याकार्थीवादी अभियानकै क्रममा सरकारमा काम गरिरहेका यौनिक अल्पसंख्यक समुदायलाई समानान्तर रूपमा लक्षित गर्ने काम भएको थियो, जसलाई 'ल्याभेन्डर स्केयर' नामले चिनिन्छ ।

आज इन्टरनेटमा नाम खुलाउने अभ्यास (अंग्रेजीमा 'डक्सिङ') जस्तै, सरकारी सुनुवाइमा बोलाइएकाहरूलाई कम्युनिस्टप्रति सहानुभूति राख्नेहरूको नाम खुलाउन भनिएको थियो । अनुसन्धानकर्ताले मिडियालाई सम्भावित साक्षीको सूची दिने गर्थे । त्यति वेला ठुला औद्योगिक प्रतिष्ठानले संविधानको 'पाँचौं संशोधन' औंल्याउदै सुनुवाइमा बस्न अस्वीकार गर्ने कर्मचारीलाई कामबाट बर्खास्त गर्ने धम्की दिएका थिए ।

म्याकार्थीवादको सबैभन्दा ठुलो असर सार्वजनिक बहसमा परेको थियो । त्यसले अमेरिकी राजनीतिमा यति गहिरो अविश्वास विकास भयो कि मानिसहरू अरूले असहमति जनाउन सक्ने फरक विचार व्यक्त गर्न डराउन थाले । सन् २००० को दशकको सुरुमा जब संसदीय सुनुवाइका पुराना रेकर्ड सार्वजनिक गरिए । त्यतिवेला 'पर्मानेन्ट सब-कमिटी अन इन्भेस्टिगेसन'ले तत्कालीन सुनुवाइ 'अमेरिकाको राष्ट्रिय विगतको एक हिस्सा हुन्, जुन हामी न त बिर्सन सक्छौं, न त पुनः कार्यान्वयन हुन अनुमति दिन सक्छौं' भनेको थियो ।

ट्रम्पको नेतृत्वमा अर्को राजनीतिक प्रतिशोधको शृंखला

आज फेरि ट्रम्प प्रशासनको प्रेरणामा दक्षिणपन्थीहरूले म्याकार्थीवादको झल्को दिने अभियान चलाएका छन् । 'शत्रु हामीमाझ नै छन्' भन्ने डर जगाइँदै छ । सरकारी काममा सरिक आलोचकको नाम राखी कालोसूची सार्वजनिक गरेर म्याकार्थीकालीन अभ्यास दोहोऱ्याइँदै छ । सामाजिक सञ्जालको युगमा यस्तो सूचीको विस्तार विगतको भन्दा निकै तीव्र हुन सम्भव बनाएको छ । व्यापक अमेरिकी यसको चपेटामा परेका छन् ।

कर्कको हत्या हुनुअघि नै म्याकार्थीवादी पुनरुत्थानको संकेत देखिन थालेका थिए । ट्रम्पले अमेरिकी प्रशासनमा विविधता, समानता र समावेशिताका लागि लागू 'डाइभर्सिटी, इक्विट एन्ड इन्क्लुसिभ (डिइआई)' कार्यक्रम खारेज गर्ने आदेश दिएपछि नागरिक संस्थाहरू, विश्वविद्यालयहरू, निगमहरू र कानुन फर्महरूलाई पनि उस्तै कदम उठाउन दबाब दिइयो । ट्रम्पको आदेश नपछ्याउने निकायविरुद्ध अनुसन्धान वा संघीय कोष फ्रिजको धम्की आउन थाल्यो । गत हप्ता मात्र बर्कलेस्थित क्यालिफोर्निया विश्वविद्यालयले दबाबबिच यहुदीविरोधी गतिविधिमा संलग्न भएको आरोप लागेका कर्मचारीको नाम प्रशासनलाई हस्तान्तरण गरेको स्विकारेको छ ।

सुरुमा ट्रम्प प्रशासनबाट सुरु भएको म्याकार्थीवाद विभिन्न दक्षिणपन्थी समूहले अँगाल्न थाले । 'क्यानरी मिसन' भनिने समूहले प्यालेस्टिनी अधिकारको वकालत गर्ने ग्रिन-कार्डधारीको नाम सार्वजनिक गर्न थाल्यो । कर्कको आलोचना गर्ने व्यक्तिको पर्दाफास गर्न सरिक समूहले आफ्नो कार्यलाई 'अमेरिकाविरोधी' कामबाट देशलाई बचाउने प्रयासका रूपमा प्रस्तुत गरेका छन् । यस्तो भाष्यले पूरै समाजलाई 'असल मानिस' र भ्रष्ट 'वामपन्थी अभिजात वर्ग' गरी दुई समूहमा ध्रुवीकरण गरेको छ ।

यसअघि जुन महिनामा डेमोक्राटिक सांसद मेलिसा होर्टम्यानको राजनीतिक हत्या भएको थियो । त्यस हत्याप्रति दक्षिणपन्थीले उस्तै प्रतिक्रिया नजनाउनुले तिनको दोहोरो मापदण्ड प्रकट हुन्छ । त्यस्तै, दोहोरो मापदण्ड कर्कको घृणित दाबीहरूको प्रतिरक्षामा देखिएको छ । उदाहरणका लागि, कर्कले एकपटक पुलिसद्वारा मारिएका अश्वेत व्यक्ति जर्ज फ्लोयडलाई 'बेकामे' भनेका थिए, जसलाई उनको समर्थक प्रतिरक्षा गरिरहेका छन् ।

अहिलेको वातावरणमा, सहानुभूति कुनै वेला कर्कले भनेजस्तो 'बनिबनाउ कृत्रिम र नयाँ युगको शब्द' होइन । तर, ट्रम्पको युद्धमा यसको प्रयोग एकदम छानी-छानी प्रयोग भइरहेको छ । यसले खतरा थप बढाउँछ । जब छिमेकी एक-अर्कासँग डराउनुपर्ने अवस्था आउँछ, संवाद बन्द हुन्छ, तब द्वन्द्व तथा हिंसाको सम्भावना बढ्छ । अमेरिकाको वर्तमान वातावरणबारे कुरा गर्दा जर्मनीमा फासीवादको उदय र अर्को गृहयुद्धको सम्भावनामाथि खुलेर छलफल हुन थालेको छ ।

शालीनताको वातावरण ?

म्याकार्थीवाद र ट्रम्पवादबिचका समानता स्पष्ट र डरलाग्दा देखिन्छन् । दुवै युगमा असहमतिलाई देशद्रोहीका रूपमा व्याख्या गरिन्थ्यो । यो अझै कति अगाडि जान सक्छ, म्याकार्थी युगजस्तै अहिलको अवस्थामा पनि आंशिक रूपमा ट्रम्पको रणनीतिहरूप्रति सार्वजनिक प्रतिक्रियामा निर्भर गर्छ । सन् १९५४ सम्म पुग्दा म्याकार्थीले सेनामाथि समेत साम्यवादप्रति नरम भएको आरोप लगाउन थाले । त्यसपछि म्याकार्थीमाथि आमभरोसा घट्न थाल्यो र उनको प्रभाव पनि सँगै घट्न थाल्यो । एक बिन्दुमा सेनाका वकिलले म्याकार्थीविरुद्ध भनेको यो लाइन निकै चर्चित बन्न पुगेको थियो :

आजका दिनसम्म, सिनेटर, मैले तपाईंको क्रूरता वा तपाईंको लापरबाहीबारे ख्याल गरेको रहनेछु..., के तपाईंमा शालीनता भन्ने कुनै भावना छैन ?

म्याकार्थीवादको नयाँ संस्करणविरुद्ध एकीकृत, सामूहिक सामाजिक दबाब दिँदै लोकतान्त्रिक मूल्यमा फर्किएन भने अमेरिकी सार्वजनिक जीवन थप कठिन हुन सक्छ । असहमतिले यसलाई सुरक्षा प्रदान गर्छ । यी सिद्धान्तलाई त्याग्नु भनेको अधिनायकवादतर्फको बाटो हिँड्नु हो ।

द कन्भर्सेसनबाट

इतिहासमा आज



सन् १९७० : चन्द्रमा पुगेर पृथ्वी फर्किने पहिलो अन्तरिक्षयान बनेको 'लुना १६' प्रक्षेपणको १२ दिनपछि यसै दिन पृथ्वीमा अवतरण गऱ्यो । यानले सय केजी तौलबराबरको चन्द्रमाको माटो र पत्थर ल्याएको थियो ।

सन् १४९३ : क्रिस्टोफर कोलम्बस स्पेनको कादिजबाट अमेरिकी महादेशको दोस्रो यात्रामा निस्किए । स्थायी बस्ती बसाउने गरी यस अभियानमा कोलम्बससँग १७ जहाजमा करिब १२ सयजना सहभागी भएका थिए ।

सन् १७८९ : अमेरिकी कंग्रेसले 'जुडिसिअर एक्ट' पारित गर्दै देशको संविधान र संघीय कानुन लागू गर्न संघीय न्यायिक प्रणालीको जग हाल्यो ।

सन् १९४८ : सोइचिरो होन्डाले जापानको हामामात्सु भन्ने स्थानमा होन्डा मोटर कम्पनी स्थापना गरे ।

सन् १९५० : यमनबाट पचास हजार यहुदीलाई इजरायल स्थानान्तरण गर्न इजरायल सरकारले चलाएको 'अप्रेसन म्याजिक कार्पेट' आज सम्पन्न भयो ।

सन् १९५२ : अमेरिकी फास्ट-फुड रेस्टुराँ चेन 'केन्टुकी फ्राइड चिकेन (केएफसी)'ले युटाहको साल्ट लेक सिटीमा आफ्नो पहिलो फ्रेन्चाइज खोल्यो ।

सन् १९६० : विश्व बैंकसँग आबद्ध रहने गरी 'इन्टरनेसनल डिभलपमेन्ट एसोसियसन (आइडिए)' औपचारिक रूपमा सुरु भयो । एजेन्सीको मुख्य उद्देश्य विश्वको सबैभन्दा विपन्न देशको आर्थिक वृद्धि प्रवर्द्धन गर्ने थियो ।

सन् १९६० : विश्वको पहिलो आणविक ऊर्जाबाट चल्ने युद्धपोत 'युएसएस इन्टरप्राइज'को अमेरिकाको भर्जिनियामा समुद्घाटन भयो ।

सन् १९९३ : लामो गृहयुद्धपछि देशमा राजतन्त्र पुनर्स्थापना भएसँगै नरोद्म सिंहानुक यसै दिन कम्बोडियाका राजा थपना गरिए ।

सन् १९९६ : संयुक्त राष्ट्र संघले १४ दिनअघि अँगालेको आणविक परीक्षण रोक्नेसम्बन्धी सन्धि 'कम्प्रेहेन्सिभ न्युक्लियर टेस्ट ब्यान ट्रिटी'मा राष्ट्रपति बिल क्लिन्टनले हस्ताक्षर गरेसँगै अमेरिका सन्धिमा हस्ताक्षर गर्ने पहिलो देश बन्यो ।

सन् २०१५ : पोप फ्रान्सिस अमेरिकी संसद्मा सम्बोधन गर्ने पहिलो पोप बने ।

फ्रान्ससहित थप ६ देशले दिए प्यालेस्टिनी राज्यलाई औपचारिक मान्यता

न्युयोर्क/ फ्रान्ससहित ६ देशका नेताले प्यालेस्टिनी राज्यलाई मान्यता दिएको घोषणा गरेका छन् । न्युयोर्कमा वार्षिक रूपमा आयोजना हुने संयुक्त राष्ट्र संघको महासभाको बैठकअघि आयोजित एक उच्चस्तरीय शिखर सम्मेलनमा सोमबार फ्रान्ससँगै, एन्डोरा, बेल्जियम, लक्जमबर्ग, माल्टा र मोनाकोले प्यालेस्टाइनलाई राज्यको मान्यता दिएका हुन् ।

अघिल्लो दिन मात्र अस्ट्रेलिया, क्यानडा, पोर्चुगल र बेलायतले औपचारिक रूपमा प्यालेस्टिनी राज्यलाई मान्यता दिने कदम चालेका थिए । योसँगै ती देश यस वर्षको अप्रिलसम्म औपचारिक रूपमा प्यालेस्टाइन राज्यको मान्यता दिइसकेका १४७ सँगै उभिएका छन् । तीन युरोपेली देश स्पेन, नर्वे र आयरल्यान्डले गत वर्ष प्यालेस्टाइन राज्यको मान्यता दिएका थिए । त्यसै समय स्पेनले गाजामा युद्धका लागि इजरायलमाथि प्रतिबन्धसमेत घोषणा गरेको थियो । अब प्यालेस्टाइन राज्यलाई मान्यता दिने अन्तर्राष्ट्रिय समुदायको हिस्सा ८० प्रतिशतभन्दा बढी पुगेको छ । यसले इजरायलले गाजामा जारी राखेको नरसंहारको युद्ध रोक्न कूटनीतिक दबाब बढेको छ । त्यस युद्धमा गाजाका ६५ हजार ३०० भन्दा बढी प्यालेस्टिनी मारिइसकेका छन् भने पूरै क्षेत्र विशाल भग्नावशेषमा परिणत भएको छ । म्याक्रोंले न्युयोर्कमा सम्पन्न शिखर सम्मेलनमा बोल्ने क्रममा प्यालेस्टाइन राज्यको शासनका लागि 'नवीकरण गरिएको प्यालेस्टिनी प्राधिकरण'को ढाँचाको रूपरेखा प्रस्तुत गरेका थिए । युद्धपछि बन्ने त्यस्तो संरचनालाई 'अन्तर्राष्ट्रिय स्थिरीकरण बल'को सुरक्षा दिँदै शासन सम्हाल्न मद्दत गर्ने म्याक्रोंले बताए ।

दक्षिण कोरियाको जन्मदरमा आएको अभूतपूर्व गिरावटले के संकेत गर्छ ?

बच्चा जन्माउनु आफ्नो करिअर, स्वतन्त्रता र आर्थिक हितलाई तिलाञ्जली दिनुजस्तै भएकाले दक्षिण कोरियाली महिलाहरू बच्चा जन्माउन चाहँदैनन्

कम प्रजनन दरले ओइसिडी (आर्थिक सहयोग र विकास संगठन देशहरूको एउटा मञ्च) का विकसित अर्थतन्त्रमा खतराको घण्टी बजाइरहेको छ, जहाँ औसत प्रतिमहिला १.५ जन्ममा गिरावट आएको छ । यो जनसंख्या घट्न नदिन आवश्यक प्रतिस्थापन दरभन्दा पनि निकै कम हो । जापानलाई प्रायः जोखिमहरूको उदाहरणका रूपमा उद्धृत गरिने गरिन्छ, जसमा ढिलो वृद्धि, तनावपूर्ण सार्वजनिक वित्त र गहिरो पुस्तागत विभाजन समावेश छ । तर, प्रतिमहिला १.२ जन्ममा, जापान अझै पनि दक्षिण कोरियाभन्दा राम्रो प्रजनन भएको देशमा पर्छ । दक्षिण कोरियाको जन्मदर विश्वमै सबैभन्दा कम अर्थात केवल ०.७५ मा झरेको छ ।





● ली जोङ ह्वा

कोरिया विश्वविद्यालयका अर्थशास्त्रका प्राध्यापक ह्वा एसियाली विकास बैंकका पूर्वप्रमुख अर्थशास्त्री र दक्षिण कोरियाका राष्ट्रपतिका अन्तर्राष्ट्रिय आर्थिक मामिलाका पूर्ववरिष्ठ सल्लाहकार हुन् ।

हालैका अध्ययनले शिक्षा, रोजगारी, आवास, बाल हुकाईको उच्च लागत र लैंगिक मान्यतामा दीर्घकालीन परिवर्तनलाई दक्षिण कोरियाको प्रजनन क्षमता पतनको मुख्य कारकको रूपमा पहिचान गरेको छ । युनबी सोङ नामक संस्थासँगको मेरो आफ्नै अनुसन्धानले यी धेरै निष्कर्षलाई पुष्टि गर्छ । महिलामा बढ्दो शैक्षिक प्राप्ति र श्रम-शक्ति सहभागिता, विवाहको परिवर्तनशील धारणासँगै प्रजनन क्षमता घटाउनमा विशेष रूपमा शक्तिशाली भूमिका खेल्ने अनुसन्धानले देखाएको छ ।

दक्षिण कोरियामा विवाहभन्दा बाहिर चार प्रतिशतभन्दा कम जन्म हुने भएकाले विवाह अनिवार्य रूपमा बच्चा जन्माउनका लागि एक पूर्वसर्त हो । विगत ३५ वर्षमा शिक्षित विवाहित जोडीमा प्रजनन दरमा थोरै परिवर्तन आएको छ । कलेज-शिक्षित महिलाले अझै पनि लगभग १.७ बच्चा जन्माएका छन् । परिवर्तन भएको कुरा के हो भने धेरै कम महिला विवाह गर्न चाहन्छन् । सन् १९९०-२०२० सम्म २५-४९ वर्ष उमेरका विवाहित महिला ९० प्रतिशत थिए । तर, अहिले ६९ प्रतिशतमा झरेको छ । विश्वविद्यालय तहका शिक्षित महिलामा विवाह दर अझ कम छ, यस अवधिमा ८१ प्रतिशतबाट घटेर ६१ प्रतिशतमा झरेको छ । विश्वविद्यालय डिग्री प्राप्त गर्ने महिला सन् १९९० मा १२ प्रतिशत रहेकामा अहिले ७२ प्रतिशत पुगेका छन् । यसले समग्र विवाह दरमा र प्रजनन क्षमतामा तीव्र गिरावटलाई दर्साउँछ ।

यो प्रवृत्तिलाई उल्ट्याउने उपाय खोजिरहेकाहरूका लागि प्रश्न यो हो कि दक्षिण कोरियाली महिलामा बढ्दो शैक्षिक उपलब्धि किन कम विवाह दरसँग सम्बन्धित छ ? यसको जवाफ आंशिक रूपमा परम्परागत लैंगिक मान्यताको विरासतमा अन्तरनिहित छ । उदाहरणका लागि धेरै महिलाले आफ्ना पुरुष पार्टनरसँग समान वा उच्चस्तरको शिक्षा भएको अपेक्षा गर्छन् । विश्वविद्यालयबाट शिक्षित लगभग ८५ प्रतिशत महिलाले डिग्री भएका पुरुषसँग विवाह गर्छन् । महिलाको विश्वविद्यालय भर्ना पुरुषको भन्दा अगाडि बढिरहेका वेला उनीहरूको सम्भावित पतिहरूको समूह भने घटिरहेको छ ।

महिलाहरूलाई यो पनि थाहा छ कि यदि उनीहरूले विवाह गरे भने उनीहरू सम्भवतः धेरैजसो बेतलबी घरायसी श्रमका लागि जिम्मेवार हुनेछन् । १५ देखि ६४ वर्ष उमेरका दक्षिण कोरियाली महिलाले यस्तो काममा प्रतिदिन औसत २१५ मिनेट बिताउँछन्, जबकि पुरुषहरूले यो काममा केवल ४९ मिनेट खर्च गर्छन् । धेरै सन्तान जन्माउँदा महिलाहरूको घरायसी श्रमको मात्रा मात्र बढ्छ ।

यसैबिच, आमाहरूले आफ्नो करियर त्याग्न तीव्र सामाजिक दबाबको सामना गर्छन् । हालैको सर्वेक्षणअनुसार लगभग ६५ प्रतिशत दक्षिण कोरियाली विश्वास गर्छन् कि जब उनीहरूका आमा घरबाहिर काम गर्छन्, तब बच्चाहरूले पीडा भोग्छन् । यो दर संयुक्त राज्य अमेरिकामाभन्दा बढी (३१ प्रतिशत) हो । उच्च शिक्षित र करियर-उन्मुख महिलाहरूको लागि यी दबाबलाई उच्च अवसरमा परिणत गर्छन् । विशेषगरी, आफ्ना सम्भावित पार्टनर कम शिक्षित छन् वा उनीहरूको भन्दा खराब करियरको सम्भावना हुने अवस्थामा महिलाहरू उच्च अवसरको खोजीमा हुन्छन् ।

अनि दक्षिण कोरियामा पारिवारिक जीवन सुरु गर्ने धेरै जोडीहरूका लागि आर्थिक लागत पनि अत्यन्तै उच्च छ । सामाजिक मान्यताहरूले विवाह गर्नुअघि दम्पतीले घर किन्नुपर्छ भनेर निर्देशन दिन्छन् । तर, सियोल र अन्य महानगरीय क्षेत्रमा घरजग्गाको मूल्य बढ्दै जाँदा अभिभावकको सहयोग नभएका अधिकांश युवाका लागि घरको स्वामित्व प्राप्त गर्न असम्भव हुन्छ । र, उच्च विश्वविद्यालयमा भर्नाका लागि तीव्र प्रतिस्पर्धाको अर्थ सन्तानलाई सफलतापूर्वक स्थापित गर्न सामान्यतया उनीहरूको शिक्षामा ठुलो लगानी आवश्यक पर्दछ । सन् २००७ देखि ०२२ बिचमा सियोलमा ट्युसनमा घरायसी खर्च प्रतिवर्ष लगभग पाँच प्रतिशतले बढ्यो ।

संक्षेपमा भन्नुपर्दा दक्षिण कोरियाली महिलाका लागि बच्चा जन्माउनु भनेको प्रायः आफ्नो करियर, स्वतन्त्रता र आर्थिक हितलाई तिलाञ्जली दिनुजस्तै हो । तर, यो त्यस्तो हुनु आवश्यक छैन । लक्षित नीतिहरूको विस्तृत प्याकेजले दक्षिण कोरियाको प्रजनन दरलाई जापानको स्तर (प्रतिमहिला १.२ जन्म) मा पुऱ्याउन सक्ने हाम्रो संरचनात्मक विश्लेषणले सुझाएको छ ।

यी नीतिले नवविवाहित जोडीका लागि सस्तो आवासमा पहुँच विस्तार र प्रारम्भिक बाल हेरचाहमा अनुदान दिएर र अभिभावकको बिदा बढाएर परिवार सुरु गर्ने प्रत्यक्ष लागत घटाउनुपर्छ । दक्षिण कोरियाको परिवार सम्बन्धित सहयोगमा सार्वजनिक खर्च ओइसिडीमा सबैभन्दा कम रहेकाले यी पहलको लागतलाई निषेधात्मक मान्नु हुँदैन ।

साथै, दक्षिण कोरियाले लैंगिक समानतालाई प्रवर्द्धन गर्ने सुधार पनि कार्यान्वयन गर्नुपर्छ । यसमा बाबुहरूलाई बाल हेरचाह र घरेलु श्रमको बोझ हलुका पार्न प्रोत्साहन स्थापना गर्ने, परिवारभित्र महिलाको मोलमोलाइ गर्ने शक्तिलाई बलियो बनाउने उपाय र ज्याला र पदोन्नतिमा भेदभाव हटाउन श्रमबजार सुधार समावेश छन् । कार्यस्थलको लचिलोपनमा पनि सुधार गर्नुपर्छ, ताकि आमाबाबुले करिअर र पारिवारिक जीवनबिच स्वस्थ सन्तुलन कायम गर्न सकून् ।

अन्तमा, दक्षिण कोरियाले आफ्नो कन्फ्युसियनवादी पारिवारिक परम्पराको बन्धन तोड्नुपर्छ । यस परम्पराले जोडीहरूलाई शारीरिक सम्पर्क गर्नुअघि विवाह गर्नैपर्ने आवश्यकता ठान्छ (बच्चा जन्माउनु त परको कुरा) । तसर्थ, विविध पारिवारिक संरचनाको बढ्दो सामाजिक र कानुनी स्वीकृतिले धेरै जोडीलाई बच्चा जन्माउन सहज बनाउन सक्छ । साथै, अन्य कदम चाल्न सकिन्छ । उदाहरणका लागि पुरुषहरूको श्रमशक्ति सहभागितालाई सीमित गर्न सकिन्छ वा बालबालिकाको शिक्षामा घरेलु लगानी घटाउन सकिन्छ । यो जोखिम कम गर्न दक्षिण कोरियाले आफ्नो शिक्षा प्रणालीको दक्षता सुधार गर्नुपर्छ र निरन्तर प्राविधिक प्रगतिमा ठुलो लगानी गर्नुपर्छ ।

दक्षिण कोरियाको प्रजनन संकटले आर्थिक अवरोध मात्र नभई सामाजिक मान्यता र महिलाको आवश्यकता र आकांक्षाबिचको बढ्दो खाडललाई पनि प्रतिबिम्बित गर्छ । यो खाडललाई कम गर्ने साहसी, समन्वित सुधारहरूले मात्र देशले प्रजनन क्षमतालाई त्यस्तो स्तरमा बढाउन सक्छ, जुन प्रतिस्थापनभन्दा कम भए पनि जनसांख्यिकीय पतनलाई रोक्न सक्छ ।

प्रोजेक्ट सिन्डिकेटबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार ८ असोज ०८२

चाडबाडकेन्द्रित उपभोग बढ्दा आयातमा वृद्धि

आयातलाई बढ्दो रेमिट्यान्सले भरथेग गर्दै आइरहेको छ, तर श्रम गन्तव्य मुलुकहरूले नेपाली कामदारलाई भिसामा अवरोध गर्दा रेमिट्यान्स गुम्ने चिन्ता

आयात बढेर खुसी भइहाल्नुपर्ने अवस्था छैन

● **प्राडा पुष्कर बज्राचार्य**, अर्थशास्त्री



पछिल्लो समय नेपाली कामदारलाई श्रम गन्तव्य मुलुकहरू जस्तै, युएईले भिसा नदिएको विषय आइरहेको छ। अहिलेको विदेशी मुद्रा सञ्चितिको प्रमुख स्रोत भनेको रेमिट्यान्स नै हो। भविष्यमा अरू देशले पनि भिसा नदिने अवस्था आयो भने रेमिट्यान्सको स्रोत नै बन्द हुन्छ। त्यसैले आयात बढेर खुसी भइहाल्नुभन्दा रेमिट्यान्सको स्रोतलाई गुम्न नदिनेतर्फ पहल गर्नुपर्ने हुन्छ।

पवन तिमिल्सिना/नयाँ पत्रिका

आसन्न चाडबाड दसैं-तिहार र छठलाई केन्द्रित गरेर बजारमा वस्तुको माग बढ्न थालेको छ। नेपाली बजारमा दसैं-तिहार र छठमा बढी वस्तु उपभोग हुने भएकाले साउन र भदौमा व्यवसायीहरूले बढी आयात पनि बढाएका छन्। भन्सार विभागका अनुसार आर्थिक वर्ष ०८२/८३ को पहिलो दुई महिनामा (साउनदेखि भदौसम्म) तीन खर्ब पाँच अर्ब १५ करोड रुपैयाँको वस्तु आयात भएको छ। गत आर्थिक वर्ष ०८१/८२ को पहिलो दुई महिनामा दुई खर्ब ६२ अर्ब ५४ करोडको आयात भएको थियो। यो अघिल्लो वर्षभन्दा १६.२३ प्रतिशतले आयात बढेको हो।

भदौमा मात्रै एक खर्ब ६२ अर्ब रुपैयाँबराबरको वस्तु आयात भएको छ। गत वर्ष भदौमा एक खर्ब ३४ अर्बको मात्रै सामान भित्रिएको थियो। भदौ महिनाकै आयातमै वृद्धि हुनुले चाडबाडकेन्द्रित व्यापारमा वृद्धि भएको स्पष्ट हुन्छ। तर, आयात-निर्यातको असन्तुलनले गर्दा व्यापारघाटा भने बढ्न थालेको छ। गत आवको दुई महिनामा दुई खर्ब ३७ अर्ब व्यापारघाटा भएकोमा चालू आवको सोही अवधिमा ८.५९ प्रतिशतले बढेर व्यापार घाटा दुई खर्ब ५७ अर्ब कायम भएको छ।

रेमिट्यान्सको स्रोत गुम्ने चिन्ता

अहिलेको आयातमा भएको वृद्धिले आर्थिक गतिविधि चलायमान हुन थालेको संकेत गरेको छ। यद्यपि, व्यापार घाटा बढ्दै गएमा दीर्घकालीन रूपमा परनिर्भरता कायम हुन नदिन चनाखो भने हुनुपर्ने अर्थशास्त्री प्राडा पुष्कर बज्राचार्यको विश्लेषण छ। नेपालमा आयातलाई भरथेग गर्ने विदेशी मुद्राको प्रमुख स्रोत रेमिट्यान्स हो। प्रमुख श्रम गन्तव्य मुलुक संयुक्त अरब इमिरेट्स (युएई)बाट नेपाली कामदारलाई दिने भिसामा अवरोध भएपछि रेमिट्यान्सको स्रोत गुम्दै जाने चिन्ता बढाएको छ। बज्राचार्यले भने, 'पछिल्लो समय नेपाली कामदारलाई श्रम गन्तव्य मुलुकहरू जस्तै, युएईले भिसा नदिएको विषय आइरहेको छ। अहिलेको विदेशी मुद्रा सञ्चितिको प्रमुख स्रोत भनेको रेमिट्यान्स नै हो। भविष्यमा अरू देशले पनि भिसा नदिने अवस्था आयो भने रेमिट्यान्सको स्रोत नै बन्द हुन्छ। त्यसैले आयात बढेर खुसी भइहाल्नुभन्दा रेमिट्यान्सको स्रोतलाई गुम्न नदिनेतर्फ पहल गर्नुपर्ने हुन्छ।'

अहिलेको आयातमा भएको वृद्धिले आर्थिक गतिविधि चलायमान हुन थालेको संकेत गरेको छ। यद्यपि, व्यापार घाटा बढ्दै गएमा दीर्घकालीन रूपमा परनिर्भरता कायम हुन नदिन चनाखो भने हुनुपर्ने अर्थशास्त्री प्राडा पुष्कर बज्राचार्यको विश्लेषण छ। नेपालमा आयातलाई भरथेग गर्ने विदेशी मुद्राको प्रमुख स्रोत रेमिट्यान्स हो। प्रमुख श्रम गन्तव्य मुलुक संयुक्त अरब इमिरेट्स (युएई)बाट नेपाली कामदारलाई दिने भिसामा अवरोध भएपछि रेमिट्यान्सको स्रोत गुम्दै जाने चिन्ता बढाएको छ। बज्राचार्यले भने, 'पछिल्लो समय नेपाली कामदारलाई श्रम गन्तव्य मुलुकहरू जस्तै, युएईले भिसा नदिएको विषय आइरहेको छ। अहिलेको विदेशी मुद्रा सञ्चितिको प्रमुख स्रोत भनेको रेमिट्यान्स नै हो। भविष्यमा अरू देशले पनि भिसा नदिने अवस्था आयो भने रेमिट्यान्सको स्रोत नै बन्द हुन्छ। त्यसैले आयात बढेर खुसी भइहाल्नुभन्दा रेमिट्यान्सको स्रोतलाई गुम्न नदिनेतर्फ पहल गर्नुपर्ने हुन्छ।'



अहिलेको आयातमा ९.८८ प्रतिशतको वृद्धि

समग्र आयातमा भइरहेको वृद्धिमा कच्चा खानेतेलले मद्दत पुगेको देखिन्छ। तर, कच्चा खानेतेलबाहेकको आँकडा हेर्ने हो भने आयातमा ९.८८ प्रतिशतको वृद्धि भएको छ।

कच्चा खानेतेलबाहेक चालू आर्थिक वर्षको भदौसम्ममा दुई खर्ब ७९ अर्ब २६ करोड रुपैयाँको वस्तु आयात भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा दुई खर्ब ५४ अर्ब १४ करोडको आयात भएको थियो। अर्थात्, यो दुई महिनामा खानेतेलबाहेककै २५ अर्ब १२ करोडभन्दा बढीको वस्तु आयात भएको छ।

यद्यपि, कुल आयातमा कच्चा खानेतेलको हिस्सा भन्ने बढ्दो देखिन्छ। गत आवको पहिलो दुई महिनाको कुल आयातमा कच्चा खानेतेलको हिस्सा ३.१९ प्रतिशत मात्रै थियो। तर, चालू आवको सोही अवधिमा यो हिस्सा बढेर ८.४८ प्रतिशत कायम भएको छ। नेपालमा व्यावसायिक खेती नहुने भए पनि नेपाली उद्योगीले अर्जेन्टिना, इन्डोनेसिया, युक्रेन, रसियाजस्ता तेस्रो मुलुकबाट कच्चा तेल आयात गरेर प्रशोधन गर्दै भारततर्फ निर्यात गरिरहेका छन्।

कुल आयातको ४७.८५ प्रतिशत वीरगन्ज नाकाबाट

दुई महिनाको कुल आयातमा वीरगन्ज नाकाबाट भएको आयातले ४७.८५ प्रतिशत हिस्सा ओगटेको छ। वीरगन्जबाट एक खर्ब ४६ अर्बको वस्तु आयात भएको छ। दोस्रो ठुलो आयात भैरहवाबाट ४८ अर्ब २२ करोडको छ। विराटनगरबाट ४१ अर्ब ४९ करोड, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट ३१ अर्ब ६३ करोडको वस्तु जाँचपास भएर आयात भएको छ। नेपालगन्जबाट ११ अर्ब २१ करोडको वस्तु आयात भएको छ।

निर्यात हुनेमा पनि वीरगन्ज नाका नै अगाडि छ। यो नाकाबाट १६ अर्ब ७८ करोडको वस्तु निर्यात भएको छ। यो कुल निर्यातको ३५.४७ प्रतिशत हो। विराटनगरबाट १४ अर्ब २४ करोडको वस्तु निर्यात भएको छ। त्रिभुवन विमानस्थलबाट ६२ करोड २२ लाख र भैरहवाबाट ४७ करोड ९० लाखको निर्यात भएको छ।

■ आयात-निर्यातमै भटमासको तेल अग्रस्थानमा

२१ अर्ब ६४ करोडको आयात हुँदा २० अर्ब ४१ करोडको प्रशोधित भटमासको तेल निर्यात

नेपालमै व्यावसायिक खेती हुने कृषिजन्य उद्योग र स्वदेशी कच्चा पदार्थमा आधारित ठुला उद्योग पर्याप्त नभएकाले आयात-निर्यातमा खाने तेलकै वर्चस्व देखिन्छ। यो दुई महिनामा २१ अर्ब ६४ करोड रुपैयाँको कच्चा भटमासको तेल आयात हुँदा २० अर्ब ४१ करोडको प्रशोधित भटमासको तेल निर्यात भएको छ। यो अवधिमा ३७ अर्ब ७९ करोड रुपैयाँको पेट्रोलियम पदार्थ आयात भएको छ। जसमा १४ अर्ब ९१ करोडको डिजेल, १० अर्ब ५८ करोडको पेट्रोल, नौ अर्ब ४३ करोडको खाना पकाउने एलपी ग्यास र दुई अर्ब ८५ करोडको हवाई इन्धन आयात भएको छ। आठ अर्ब ८७ करोडको स्मार्ट फोन आयात भएको छ। सात अर्ब ७५ करोडको फलामजन्य वस्तु, ६ अर्ब ८५ करोडको ६ सय एमएमसम्मको हट रोल्ड आइरन, चार अर्ब ३९ करोडको औषधिजन्य वस्तु, तीन अर्ब ७० करोडको एक सय ५० सिसीसम्मका एसेम्बल नगरिएका मोटरसाइकल र तीन अर्ब १२ करोडको सुन आयात भएको छ।



सर्वाधिक निर्यात हुनेमा भटमासको तेलपछि गलैँचा छ। एक अर्ब ५८ करोडको गलैँचा निर्यात भएको छ। नेपाली गलैँचाको अमेरिका, जर्मनी, बेलायत, इटालीजस्ता देशहरूमा उच्च माग छ। एक अर्ब ३८ करोडको सूर्यमुखी तेल निर्यात भएको छ। एक अर्ब ३१ करोडको पाम तेल निर्यात भएको छ। एक अर्ब १९ करोडको फेल्ट, एक अर्ब दुई करोडको जुटको फेब्रिक र ८८ करोड ७४ लाखको धागो (८५ प्रतिशतसम्म पोलिस्टर भएको) निर्यात भएको छ।

संक्षेप

नेप्से ५८ अंकले बढ्यो



काठमाडौं/ मंगलबार नेप्से परिसूचक दोहोरो अंकले बढेको छ। नेप्से ५८.६३ अंक (२.२३ प्रतिशत)ले बढेर दुई हजार ६८२.२५ विन्दुमा कायम भएको हो। त्यस्तै, 'क' वर्गका कम्पनीको कारोबारमापक सेन्सेटिभ इन्डेक्स पनि १.९९ प्रतिशतले वृद्धि भएको छ। कारोबारमा आएका तीन सय २८ कम्पनीका एक करोड १३ लाख ५३ हजार कित्ता सेयर खरिद-बिक्री हुँदा पाँच अर्ब २९ करोड २७ लाख ७३ हजारको कारोबार भएको छ। मंगलबार नेप्सेका सबै उपसूचकमा हरियाली छाएको छ। जलविद्युत् र निर्जीवन बिमा समूह तीन प्रतिशतभन्दा धेरैले वृद्धि हुँदा विकास बैंक, वित्त, होटेल तथा पर्यटन, जीवन बिमा, लघुवित्त र अन्य समूह दुई प्रतिशतभन्दा धेरैले उकालो लागेका छन्।

'निजी क्षेत्रलाई हेर्ने दृष्टिकोण परिवर्तन आवश्यक छ'

काठमाडौं/ नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्रलाई हेर्ने दृष्टिकोण परिवर्तन हुन आवश्यक रहेको बताएका छन्। नेपाल आर्थिक पत्रकार समाज (सेजन)को नवनिर्वाचित कार्यसमितिलाई मंगलबार महासंघमा स्वागत गर्दै अध्यक्ष ढकालले निजी क्षेत्र सबैभन्दा ठुलो रोजगारदाता भए पनि हरेक आन्दोलनमा निजी क्षेत्र निसानामा पर्नु गम्भीर विषय भएको बताएका हुन्।

अर्थतन्त्रमा ८१ प्रतिशत र रोजगारीमा ८६ प्रतिशत योगदान गरिरहेको निजी क्षेत्रका व्यवसायीले असुरक्षा महसुस गर्नुपरेको उनको गुनासो छ। अध्यक्ष ढकालले जेन-जीको आन्दोलनका क्रममा भएको घुसपैठमा देशभरि भएका तोडफोड र आगजनीले हालसम्म उपलब्ध तथ्यांक र सूचनाअनुसार करिब ८० अर्ब रुपैयाँबराबरको निजी क्षेत्रमा क्षति भएको प्रारम्भिक आकलन गरिएको उनले जानकारी दिए।

दसैंभर बिपी र अरनिको राजमार्गमा टिपर चलाउन रोक

काठमाडौं/ दसैंभरि बिपी र अरनिको राजमार्गमा टिपर सञ्चालनमा रोक लगाइएको छ। ३० भदौमा बसेको जिल्ला सुरक्षा समिति काभ्रेको बैठकले यस्तो निर्णय गरेको हो। निर्णयअनुसार असोज ६ असोजदेखि २२ गतेसम्म काभ्रेपलाञ्चोक जिल्लाभित्रको बिपी र अरनिको राजमार्गमा टिपर चलाउन पाइँदैन। सडकमा हुने सवारी चाप र त्यसबाट हुन सक्ने सम्भावित दुर्घटना घटाउन सो निर्णय गरेको जिल्ला प्रशासनले जनाएको छ। घटस्थापनादेखि पूर्णिमासम्म टिपर चलाउनमा पूर्ण रोक लगाएको प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले बताए।

भारत र चीन आर्थिक सहकार्य गर्न तयार

काठमाडौं/ अर्थमन्त्री रामेश्वरप्रसाद खनालले नेपालका लागि भारतका राजदूत नवीन श्रीवास्तव र र चीनका राजदूत छङ सोङसँग मंगलबार छुट्टा-छुट्टै शिष्टाचार भेट गरेका छन्।

अर्थमन्त्री खनालले भारतीय राजदूतसँगको भेटमा देशको पछिल्लो विषम अवस्थामा छिमेकी मुलुकलगायत दातृ मुलुकसँगको आर्थिक साझेदारीको निरन्तरताको आवश्यकता औंल्याए। भटेमा राजदूत श्रीवास्तवले भारत नेपालको सबभन्दा नजिकको छिमेकी भएका नाताले पनि यस विषम परिस्थितिमा समेत सबै किसिमको सहयोगका लागि आफूहरू नेपालको साथमा रहेको उल्लेख गरे।

त्यसैगरी, चीनका राजदूत सङसँगको भेटमा अर्थमन्त्री खनालले नेपाल र चीन बैंकिङ क्षेत्रमा साझेदारीलाई थप प्रगाढ बढाउन, चीनको बैंकको शाखा नेपालमा स्थापना, नेपालबाट भएको निकासीको भुक्तानी सरलीकरणको पहल गरिदिन तथा चिनियाँ लगानीकर्तालाई नेपालमा लगानीका लागि प्रोत्साहित गर्नसमेत चिनियाँ राजदूतलाई अनुरोध गरे। राजदूत सङले चीनले नेपाललाई गर्दै आएको सहयोग निरन्तर रहने बताए। उनले चीनको सहयोगमा निर्माणाधीन परियोजना सन्तोषजनक रहेकोमा खुसी व्यक्त गरे।

'युएईबाहेक अन्य मुलुकमा भिसा समस्या छैन'

काठमाडौं/ अध्यागमन विभागले मंगलबार दिउँसो युएई, कतार, ओमान, कुवेत, सउदी अरेबिया, बहराइनलगायतका खाडी मुलुक तथा मलेसिया र थाइल्यान्डमा अवस्थित नेपाली राजदूत र श्रम सहचारीसहित गृह मन्त्रालय र परराष्ट्र मन्त्रालयका पदाधिकारीसँग भर्चुअल बैठक गरेको छ। सो बैठकमा युएईसहितका खाडी मुलुकले भिजिट र वर्किङ भिसामा कडाइ गरेकोबारे छलफल भएको विभागका महानिर्देशक रामचन्द्र तिवारीले जानकारी दिए।

युएईमा भिसिट र वर्किङ भिसामा कडाइ गरे पनि आधिकारिक जानकारी भने नदिएकोबारे राजदूत तेजबहादुर क्षेत्रीले जानकारी गराएको महानिर्देशक तिवारीले बताए। 'युएईमा केही आन्तरिक समस्या रहेको जानकारी भयो, तर अन्य देशका राजदूतहरूले भने नेपालीलाई भिसा दिने कुरामा कडाइ गरेकोबारे उल्लेख गर्नुभएन,' उनले भने। त्रिभुवन विमानस्थलबाट पनि मलेसिया, साउदी अरेबिया, कतारलगायतका देशमा युवा गइरहेको उनले जानकारी दिए।

छलफलमा श्रम आप्रवासनसँग सम्बन्धित समस्यालाई सम्बोधन गर्न दीर्घकालीन रणनीति आवश्यक भएकाले विदेशस्थित नियोगहरूको भूमिका बढाउनुपर्ने निष्कर्ष निकालिएको छ। त्यस्तै, भिसिट भिसामा विदेश जाने नेपालीलाई अनिवार्य बिमाको दायरामा ल्याउने निर्णय पनि भएको छ। विदेशमा विभिन्न उद्देश्यले गएर समस्यामा परेका व्यक्तिको उद्धारका लागि विदेशस्थित नियोगहरूमा उद्धार कोषको स्थापना गर्ने विषयमा समेत छलफल भएको विभागले जनाएको छ। घरेलु कामदार पठाउन मिल्ने गरी कानुन बनाउन पहल गर्नेबारे पनि छलफल भएको छ।

अनौपचारिक माध्यमबाट घरेलु कामदारका लागि विदेश जाँदा दुःख पाउने र नेपाली नियोगले पनि सहयोग गर्न नसक्ने अवस्था छ। त्यस्तै, युएईले भिसामा कडाइ गर्दा ओमान हुँदै लैजान सक्ने जोखिम भएकाले सतर्कता अपनाउन छलफल भएको छ।

Government of Nepal
Ministry of Urban Development
Urban Resilience and Livability Improvement Project
Project Implementation Unit
Janakpurdham, Dhanusha, Madhesh Province
Package No.: URLIP/JNK/CS/03
Email: urlipjanakpurdham@gmail.com; Ph. No.: +977-9854021083

Notice for Opening of Financial Proposal

Date of Publication: 2082-06-08 (24th September 2025)

In reference to the Request for Proposal (RFP) published in Naya Patrika (National Daily Newspaper) on 2081/10/27 (9th February 2025) for the selection of Supervision and Design Consultant (SDC) of Infrastructure (Road, drainage, footpath, road furniture improvement) and Revitalization of heritage and cultural sites in Janakpur Sub-Metropolitan City, the Project Implementation Unit announces that the following consulting firms have been declared technically qualified. All technically qualified firms are hereby invited to attend the Financial Proposal Opening in accordance with RFP ITC Clause 23.1 and Rule 78 of the Public Procurement Regulation 2064 as per the details below:

S.N.	Name and Address of Qualified Firms from Technical Evaluation Consulting Firms	Opening Details
1.	ITECO Nepal (P) Ltd. (Nepal) in association with Digicon Engineering Consult Pvt. Ltd. (Nepal), Parth Consultancy Pvt. Ltd. (Nepal), and Total Management Services (Nepal)	**Date:** 2082/06/20 (6th October 2025) **Time:** 1:00 PM **Venue:** Project Implementation Unit, Janakpurdham
2.	Joint Venture between Building Design Authority (Nepal), B.N. Consultancy Pvt. Ltd. (Nepal), and Udaya Consultancy (P.) Ltd. (Nepal) in association with Rajdevi Engineering Consultant Pvt. Ltd. (Nepal) and Urban Infrastructure International Consultancy (P) Ltd. (Nepal)	
3.	Joint Venture between MSV India Private Limited (India), Engineering Consultancy for Constructive Development Efforts in Nepal (Nepal), and CEMAT Consultants (P) Ltd. (Nepal)	
4.	Joint venture between Theme Engineering Servises Pvt. Ltd. and COEMANCO Nepal Pvt. Ltd. In association with Malla & Group Engineering Associates Pvt. Ltd.	
5.	SILT Consultants (P.) Ltd. (Nepal)	

जेन-जी आन्दोलनले गरेको आर्थिक क्षतिबाट निजी क्षेत्र निराश

अर्थतन्त्रको जग नै हल्लिने गरी भएको ध्वंसात्मक गतिविधिबाट जिडिपीको ५ प्रतिशत क्षति भएको अनुमान, आर्थिक पुनरुत्थान र सुशासन कायम गर्न मनोबल जुटाउँदै व्यवसायी

नयाँ पत्रिका

जेन-जी आन्दोलनका क्रममा भौतिक संरचनामा भएको क्षतिले निजी क्षेत्रमा चरम निराशा पैदा गरेको व्यवसायीले बताएका छन्। क्षतिग्रस्त संरचनाको पुनर्निर्माणमार्फत आर्थिक पुनरुत्थान र सुशासन स्थापना गर्ने दिशामा सहकार्य गर्न तयार रहेको पनि निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाहरूले प्रतिबद्धता जनाएका छन्। आर्थिक पत्रकार संघ (नाफिज)ले मंगलबार गरेको अन्तर्क्रियामा उद्योग परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेले आन्दोलनका कारण कुल गार्हस्थ्य उत्पादन (जिडिपी)को ५ प्रतिशतसम्म नोक्सान भएको जानकारी दिए। उनले स्वदेशी तथा विदेशी लगानी तत्कालका लागि रोकिएको समेत बताए।

उद्योग वाणिज्य महासंघले गरेको प्रारम्भिक अध्ययनमा करिब ८० अर्बको क्षति भएको अनुमान छ। उद्योग वाणिज्य महासंघका उपाध्यक्ष हेमराज ढकालले जेन-जी आन्दोलनले गरेको क्षतिबाट आर्थिक रूपमा ठुलो क्षति पुगेको र अर्थतन्त्रलाई पनि धक्का दिएको बताए।

चेम्बर अफ कमर्सका निवर्तमान अध्यक्ष राजेन्द्र मल्लले आन्दोलन सकिए पनि व्यवसायीमा अझै डर बाँकी रहेको बताए। उनले देशको आर्थिक अवस्था ५-६ वर्ष पछाडि धकेलिएको पनि बताए।

चेम्बरका उपाध्यक्ष दीपक मल्होत्राले हाल समस्यामा परेका उद्योगीलाई रिफाइनान्सिङको व्यवस्था मिलाउनुपर्ने बताए। 'अहिलेको समस्या भूकम्प तथा कोभिड-१९ को भन्दा फरक भएकाले यसलाई प्राथमिकतामा राखेर हेर्नुपर्छ,' उनले भने। नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालका अध्यक्ष करण चौधरीले सवारीसाधनको बिक्री बढाउन ऋण नीति फेर्न आवश्यक रहेको बताए। उनले राजस्व संकलनको चुनौती सम्बोधन गर्न 'लोन टु भ्यालु रेसियो'को व्यवस्था तत्काल परिवर्तन गर्नुपर्ने माग गरे। 'अहिलेको सबैभन्दा ठुलो चुनौती राजस्व संकलन देख्छु,' अध्यक्ष चौधरीले भने, 'अटो क्षेत्रले सबैभन्दा बढी राजस्वमा योगदान दिँदै आएको थियो। दसैंको समयमा कुल अटो बजारको ६० प्रतिशत बिक्री हुने गरेकोमा आन्दोलनले घट्दा राजस्व पनि घट्छ।'

राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापाले सरकारका तर्फबाट आर्थिक पुनरुत्थानमा काम गर्नुपर्ने सुझाव दिए। 'सरकारले वित्तीय स्थिति बिग्रिन नदिन केही प्याकेज दिने घोषणा गरिसकेको छ। अब सरकारले यी कुरालाई निरन्तरता दिँदै आर्थिक पुनरुत्थानमा काम गर्नुपर्ने आवश्यक छ,' उनले भने।

अधिवक्ता सेमन्त दाहालले चुनावपछि पनि सरकार संक्रमणकालीन मात्रै हुन सक्ने जोखिम रहेको बताए। 'चुनावपछि पनि संक्रमणकालीन सरकार बन्न सक्ने अवस्था देखिन्छ। संक्रमणकालमा प्रवेश गर्दै गर्दा सीमित परिधिमा बसेर आर्थिक पक्षलाई कसरी सम्बोधन गर्न सक्छौं भन्ने कुरा महत्त्वपूर्ण छ,' उनले भने।

■ व्यवसायीको मनोबल उकास्ने प्रयत्न भइरहेको सरकारी दाबी

अन्तर्क्रियामा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव रामप्रसाद घिमिरेले अहिलेको कठिन अवस्थालाई सम्बोधन गर्न ब्युरोक्रेसी कानुन देखाएर नभाग्ने बताए। उनले अन्तरिम सरकारले भौतिक क्षतिको पुनर्निर्माण साथै असुरक्षित महसुस भइरहेको विषय सम्बोधन गर्नुपर्ने पनि बताए। 'आधारभूत विषयमा अध्यादेश ल्याएरै भए पनि कानुनी सुधार गर्नुपर्छ। यसमा प्रतिबद्धता देखाउनुपर्छ,' सचिव घिमिरेले भने। भन्सार नाका तत्काल सुचारु गर्ने तथा अवरुद्ध नाका सञ्चालनमा ल्याएर व्यापारमा सहजीकरण गरिरहेको उनले बताए।

अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयले निजी क्षेत्रसँग मिलेर राहत र सहुलियत प्याकेज, सुरक्षा र सुशासनमा केन्द्रित रहेको बताए। 'आर्थिक पुनरुत्थानका कार्यक्रम बढी प्राथमिकतामा छन्। नेपालमा लगानी सुरक्षित छ भन्ने सन्देश दिनुपर्नेछ,' उनले भने। निजी क्षेत्रको सुझावअनुसार सहुलियत कर्जा निकास, कर तिर्ने म्याद थप, तातोपानी नाका सञ्चालन, सरकारी खर्च कटौतीलगायतका काम भइरहेको उनले जानकारी दिए। राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. रामशरण खरेलले व्यवसायीको मनोबल उकास्न विभिन्न किसिमका सहुलियत प्रदान गर्ने योजनामा रहेको बताए। मनोबल उकास्न सहुलियतपूर्ण दरमा कर्जा प्रवाहलगायतका काम थालिने उनले जानकारी दिए।

● **वीरेन्द्रराज पाण्डे**
अध्यक्ष, उद्योग परिसंघ



उद्योगहरूमा कुल जिडिपीको ५ प्रतिशत असर पुगेको छ, लगानीकर्तालाई सुरक्षा दिन सरकारले काम गर्नुपर्छ। अब छिट्टै माथि उठ्नका लागि वित्त र मौद्रिक नीतिबाट के-कस्तो सुविधा दिन सकिन्छ, सरकारले त्यसतर्फ ध्यान दिन आवश्यक छ।

● **हेमराज ढकाल**, उपाध्यक्ष, उद्योग वाणिज्य महासंघ



आन्दोलनले लगानीकर्तालाई निरुत्साहित गर्ने काम गरेको छ, आन्दोलनपछि हामीले सरकारसँग पनि संवाद गरेका छौं। सरकारले प्रोत्साहन गर्ने प्रतिबद्धता गरेको छ। अहिले हामी खरानी टकटक्याएर अगाडि त बढौंला, तर फेरि यस्तै विध्वंस नहोला भन्ने के ग्यारेन्टी छ ?

● **राजेन्द्र मल्ल**, निवर्तमान अध्यक्ष, चेम्बर अफ कमर्स



अहिलेको अवस्थामा सरकारले व्यवसायीलाई डराउनुपर्दैन भन्ने खालको सुरक्षा प्रत्याभूति दिलाउनुपर्नेछ। युवालाई स्वदेशमै रोजगारी सिर्जना गर्न सबै पक्षले पहल गर्नुपर्नेछ।

चाडबाडमा गोदरेजको योजना 'मनैदेखि वाउ !'

काठमाडौं/ यस वर्षको दसैं, तिहार र छठ पर्वलाई विशेष बनाउन गोदरेज एप्लायन्सेसले 'मनैदेखि वाउ' योजना सार्वजनिक गरेको छ। योजनाअन्तर्गत ग्राहकले गोदरेजका विभिन्न अत्याधुनिक उत्पादनको खरिदमा आकर्षक उपहार, क्यासब्याक र सहज सुविधा पाउनेछन्।



ग्राहकले साइड बाई साइड रेफ्रिजेरेटर किन्दा एउटा वाटर डिस्पेन्सर उपहार पाउनेछन्। त्यसैगरी, फ्रोन्ट लोड वासिङ मेसिनमा एरियल ६ केजी सरफ, टप-ट्विन टब वासिङ मेसिनमा तीन केजी एरियल सरफ र एयर कन्डिसनरको खरिदमा निःशुल्क जडान सुविधा पाउनेछन्। यसका साथै साढे ३१ हजारसम्मको क्यासब्याक, फ्री डेलिभरी र सहज किस्ताबन्दी सुविधा पनि पाइने कम्पनीले जनाएको छ। यो योजनाले ग्राहकलाई चाडपर्वमा परिवारसँग खुसी बाँड्न, घरलाई नयाँ आधुनिक उपकरणले सजाउन र थप सुविधा उपभोग गर्न प्रेरित गर्ने कम्पनीको विश्वास छ। भारतीय गोदरेज इन्टरप्राइजेज ग्रुपअन्तर्गतको यस कम्पनीले फ्रिज, वासिङ मेसिन, एयर कन्डिसनर, माइक्रोवेभ, डिप फ्रिजर, एयर कुलरलगायतका उपकरण उत्पादन गर्दै आइरहेको छ। यी उपकरणलाई चौधरी ग्रुपअन्तर्गतको सिजी इलेक्ट्रोनिक्सले नेपाली बजारमा उपलब्ध गराउँदै आएको छ।

एनएमबिका ग्राहकलाई याडिया स्कुटर किन्दा छुट

काठमाडौं/ चाडपर्वमा आफ्ना ग्राहकलाई थप सुविधा प्रदान गर्ने उद्देश्यका साथ एनएमबि बैंक लिमिटेडले याडिया इलेक्ट्रिक स्कुटरको आधिकारिक वितरक कुजु, नेपालसँग सहकार्य गरेको छ।

जसअन्तर्गत एनएमबि बैंकका ग्राहकले याडिया ब्रान्डका स्कुटर खरिद गरेर बैंकको कार्ड, मोबाइल बैंकिङ वा क्युआरमार्फत भुक्तानी गर्दा पाँच हजार रुपैयाँ छुट प्राप्त गर्न सक्नेछन्। चाडपर्वको समयमा मात्र लागू हुने उक्त छुट कुजु नेपालद्वारा सञ्चालित याडिया सोरुमहरूमा उपलब्ध हुने बताइएको छ। यस छुटले वातावरणमैत्री सवारीसाधनतर्फ ग्राहकको आकर्षणलाई बढावा दिने अपेक्षा गरिएको छ। छुट प्राप्त गर्न ग्राहकले भुक्तानी गर्नुअघि सोरुमलाई जानकारी गराउनुपर्नेछ र एनएमबि बैंकको डिजिटल भुक्तानी माध्यम प्रयोग गर्नुपर्नेछ।

एनएमबि बैंकले यस सहकार्यबाट आफ्ना ग्राहकलाई थप लाभ प्रदान हुनुका साथै देशमा हरित ऊर्जा र दिगो सवारी प्रवर्द्धनमा टेवा पुग्ने विश्वास लिएको छ। साथै, बैंकले नगदरहित कारोबारलाई प्रवर्द्धन गर्न यस्ता ग्राहकमैत्री योजना निरन्तर ल्याउँदै आएको छ। बैंकले हाल देशभर दुई सय दुई शाखा, एक सय ८७ एटिएम र नौवटा विस्तारित काउन्टरमार्फत वित्तीय सेवा प्रदान गरिरहेको छ।

वार्षिकोत्सवमा प्राइम बैंकको रक्तदान

काठमाडौं/ प्राइम कमर्सियल बैंक लिमिटेडले आफ्नो १८औं वार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रम गरेको छ। बैंकले ७ असोजमा केन्द्रीय कार्यालय कमलपोखरी काठमाडौंसहित कोशी प्रदेश कार्यालय विराटनगर, मधेश प्रदेश कार्यालय वीरगन्ज, गण्डकी प्रदेश कार्यालय पोखरा, लुम्बिनी प्रदेश कार्यालय बुटवल, कर्णाली प्रदेशको छिन्चु शाखा सुर्खेत र सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, कैलालीमा रक्तदान कार्यक्रम सम्पन्न गरेको हो।

उक्त कार्यक्रममा बैंकका कर्मचारी तथा शुभेच्छुक गरी चार सय ६३ जनाले रक्तदान गरेका थिए। सो कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत सञ्जीव मानन्धरले सम्पूर्ण रक्तदाता तथा प्राविधिकलाई धन्यवाद दिए। मानव जीवन रक्षाका लागि अत्यावश्यक रगत संकलन गर्ने कार्यक्रम आयोजन गर्न पाएकामा खुसी लागेको पनि उनले बताए। बैंकले आगामी दिनमा पनि विभिन्न सामाजिक सेवाका कार्य गर्दै जाने बताएको छ।

माइक्रो इन्टरनेसनलले ल्यायो डब्लुपिसीका नयाँ डिजाइन

काठमाडौं/ माइक्रो इन्टरनेसनल नेपालले उच्च गुणस्तर, टिकाउ र नवीन समाधानसहित डब्लुपिसीका अत्याधुनिक डिजाइन ल्याएको छ। कम्पनीले भित्री र बाहिरी ठाउँ रूपान्तरण गर्न भित्तालगायतका ठाउँलाई आकर्षक बनाउन सकिने सामग्री ल्याएको हो। भित्ता प्यानल, भुइँ, फर्निचर र खेलकुद उपकरणहरूमा आवासीय र व्यावसायिक वातावरण दुवैलाई बढाउने उच्चस्तरीय शिल्प कौशल र अत्याधुनिक डिजाइनहरू प्रदान गर्ने कम्पनीको भनाइ छ। कम्पनीको



लक्ष्य दिगो, स्टाइलिस र दीर्घकालीन समाधान प्रदान गरेर भित्री र बाहिरी डिजाइनलाई पुनः परिभाषित गर्नु रहेको छ।

कम्पनी ग्राहकको अद्वितीय आवश्यकता पूरा गर्ने वातावरणमैत्री सामग्री, उत्कृष्ट शिल्प कौशल र अनुकूलित डिजाइन प्रदान गर्न प्रयासरत रहेको बताइएको छ। उच्च-गुणस्तरको भित्री भाग पहुँचयोग्य, टिकाउ र आश्चर्यजनक बनाउन उत्कृष्टता र नवीनता प्रतिबिम्बित गर्ने विश्वास लिएको कम्पनीका सञ्चालक विकास न्यौपानेले जानकारी दिए। भित्री ठाउँ, व्यावसायिक सम्पत्ति वा बाहिरी क्षेत्र स्तरोन्नति, प्रमाणित गुणस्तर र विश्वसनीयताका लागि उद्योगले सेवा दिइरहेको उनले बताए।

एंकरको ब्रान्ड एम्बासडरमा खड्का



काठमाडौं/ विश्वमा पहिलोपटक शाकाहारी टुथपेस्ट ल्याउने कम्पनी एंकरको ब्रान्ड एम्बासडरमा शुभेक्षा खड्का नियुक्त भएकी छिन्। कम्पनीले नेपालमा आक्रामक बजार प्रवर्द्धनको रणनीतिसहित अन्तर्राष्ट्रिय छवि भएकी खड्कालाई ब्रान्ड एम्बासडर नियुक्त गरेको हो। कम्पनीले आफ्ना उत्कृष्ट उत्पादन प्रवर्द्धन गर्न ब्रान्ड एम्बासडर नियुक्त गर्दै आएको छ। कम्पनीले सहुलियत मूल्यमा उच्च गुणस्तरका टुथपेस्ट, टुथब्रस, साबुन र अन्य पर्सनल केयर प्रडक्ट्स उत्पादन गर्दै आएको छ। यी उत्पादन नेपाली उपभोक्तामाझ छिटो लोकप्रिय हुने कम्पनीको विश्वास रहेको छ।

मोटरसाइकल हराएको सूचना

२०८२।०६।०६ गते बागमती प्रदेश ०२-०४४प९८२३ नं. को रातो कालो रङको २२० सिसिको बजाज प्लसर मोटरसाइकल चाँ.गु.न.पा.-१ दुवाकोट महाङ्गाल चोकबाट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८५४०२२७५५ मा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

नाम : भूपेन्द्र बस्नेत
ठेगाना : चाँगुनारायण-१, भक्तपुर
इन्जिन नं : DKXCNC37158
च्यासिस नम्बर: MD2A13EX9NCL82814

मोटरसाइकल हरायो

मिति २०८२/६/१ गते अन्दाजी बेलुका २०:३० बजेको समयमा ललितपुर जिल्ला ललितपुर म.न.पा.-४, भनिमण्डल स्थित पाकिङबाट मेरो निम्न व्यहोरा भएको कालो रंगको 200CC NS पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : हुलास अटो काफ्ले (विवेक खड्का)
मो.सा.नं.: बा.प्र. ०२-०५२ प ८९१७
चेसिस नं.: MD2A36FX7RCE97592
इन्जिन नं.: ZLXCRE86082
सम्पर्क न.: 9803478375

लिलाम बढाबढको सूचना

होटल डेला अन्नपूर्ण प्रा.लि.ले नेशनल ट्रेडिङ्ग लिमिटेड हाल नेपाल आयल निगम लिमिटेडको स्वामित्वमा रहेको गोदाम, टेकुमा लामो समयदेखि भण्डारण गरिराखेको क्यासिनो अन्नाका सामानहरू बुझिलिन आउन सम्बन्धित पक्षलाई पत्र पठाएर र सार्वजनिक सूचना प्रकाशित गरेर समेत पटक-पटक अनुरोध गरे तापनि सम्बन्धित पक्ष उक्त सामानहरू बुझि लिन नआएकाले कानुनी/लिलामी प्रक्रिया अगाडि बढाउनु पर्ने भएकाले सो सामानहरू कवाडी अवस्थामा रहेको जानकारी गराउँदै जे जस्तो अवस्थामा छ, त्यस्तै अवस्थामा उक्त सामानहरू उठाई लिएर जान इच्छुक व्यक्तिहरूले यो सूचना प्रकाशित मितिले ३ दिनभित्र परिचय खुल्ने आवश्यक कागजातहरू र बोल कबोल मूल्यसहित Tender राख्नका लागि आव्हान गरिएको छ। मिति २०८२/०६/१२ गते आइतबार दिनको १ बजे प्राप्त Tender हरू खोलिने हुँदा सो मिति र समयमा होटल परिसरमा उपस्थित हुनका लागि जानकारी गराउँदै यो सूचना प्रकाशित गरिएको छ।

होटल डेला अन्नपूर्ण प्रा.लि.
दरबार मार्ग, काठमाडौं
मोबाइल नं. ९८०१००२००३

Invitation for Sealed Bids

(Date of Publication: 9th September, 2025)
(Second Date of Publication: 24th September, 2025)

Mahalaxmi Bikas Bank Limited a leading national level development bank invites sealed bids from interested and eligible firm/ company for Supply and Deployment of Comprehensive Reconciliation System (CRS)

Terms and Conditions:

- The bid documents can be purchased within office hours (9:30 AM till 5:30 PM) from the office of General Service Department, Head Office, Thapathali upon payment of non-refundable fee of NPR 3,000.00 (NPR Three Thousand Only) for each service on or before 7th day of the first date of publication of this notice.
- Bid document fee should be deposited in the following account of our Bank:
  » Account Number: 999-20401010201
  » Account Name: Miscellaneous Deposit Receipt
- Sealed Bids must be submitted within office hours on or before 7th day of the date of publication of this notice. Documents received after this deadline will be rejected.
- Bids must be valid for a period of 90 days from the date of bid opening.

Minimum Eligibility Criteria:

1. Bidder must be in operation for 5 years or above.
2. Bidder must have yearly turnover of NPR 10 million or above for immediate last FY and should have been profit-making since last five year.
3. Proposed solution must have been implemented and live in three (3) or more Banking and Financial Institutions (BFIs) in Nepal.

The bids shall be opened at 3:00 PM on next working day of the last date of bid submission.

If the last date of purchasing, submission and opening of the bid falls on a public holiday, it shall be extended to the next working day.

The Bank reserves the right to accept partly or reject any or all proposals without assigning any reason whatsoever.

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५३६८७१९

सामान्य प्रशासन विभाग थापाथली, काठमाण्डौं
फोन नं. ०१-५९११५१९, Ext.: ४०२, ४०४

सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

सनी सेक्यूरिटिज कम्पनी लि.

बार्षिक साधारण सभा वस्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०६/०८

श्री सम्पूर्ण शेयरधनी महानुभावज्यू

सनी सेक्यूरिटिज कम्पनी लि.को मिति २०८२ साल आश्विन ७ गते बसेको संचालक समितिको वैठकको निर्णयानुसार कम्पनीको अठारौं वार्षिक साधारण सभा निम्न विषयहरू उपर छलफल गरी निर्णय गर्नका लागि निम्न मिति, समय र स्थानमा वस्ने भएकोले उपस्थितिको लागी हार्दिक अनुरोध गर्दछु।

मिति : २०८२ साल आश्विन २९ गते बुधबार (१५ अक्टोवर २०२५)
समय : अपरान्ह ३:०० वजे
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, नक्साल, काठमाडौं

छलफलका विषयहरू :

क) सामान्य प्रस्ताव

१. संचालक समितिको तर्फवाट अध्यक्षज्यूद्वारा प्रस्तुत आ.ब.२०८१/०८२ को अठारौं वार्षिक प्रतिवेदन पारित गर्ने।
२. लेखा परिक्षकको प्रतिवेदन सहितको २०८२ साल आषाढ मसान्तको वासलात, सोहि मितिमा समाप्त आ.व. २०८१/८२ को आयव्यय हिसाव र नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरू छलफल गरी पारित गर्ने।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८२/८३ को लेखा परिक्षण कार्यको लागी लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।
४. संचालक समितिले प्रस्ताव गरे वमोजिम २५ प्रतिसतका दरले नगद लाभांश प्रदान गर्ने निर्णय पारित गर्ने।

ख) विविध।

संचालक समितिको निर्णयानुसार

हार्दिक श्रद्धाञ्जली



स्व. श्रीमती जानकी देवी प्रधानाङ्ग
जन्मः वि.सं. १९९३ बैशाख २८ गते
स्वर्गारोहणः वि.सं. २०८२ भाद्र २७ गते

तपाईंको स्वर्गारोहणको आज १३औं दिनको पुण्यतिथिमा हृदय देखि नै दिवंगत आत्माको चिरशान्तिको लागि श्री परमेश्वरसंग प्रार्थना गर्दै हामी समस्त परिवारजन तपाईंमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। तथा यस आसोचको समयमा हामी प्रति समवेदना प्रकट गर्नुहुने समस्त महानुभावहरू प्रति पनि हार्दिक कृतज्ञता व्यक्त गर्दछौं।

देवरानी
श्रीमती कमल प्रधानाङ्ग

भाई / बुहारीहरू
श्रीमती भुवन राजभण्डारी
श्री ध्रुब मान सिंह/कृष्णेश्वरी राजभण्डारी
श्री भरत मान सिंह/सुभद्रा राजभण्डारी

छोरा / बुहारीहरू
श्री शैलेन्द्र बहादुर/राजेश्वरी अमात्य
श्रीमती रीता अमात्य
श्री अजय बहादुर/शैलजा प्रधानाङ्ग

छोरी ज्वाईंहरू
श्रीमती मन्जु/रमेशमान सिंह मास्के
श्रीमती दीपा/महेश गोर्खाली
श्रीमती मीनू/भद्र नारायण पिया
श्रीमती अनुजा/उत्तम सिन्या
श्रीमती तनुजा/बिजेन्द्र श्रेष्ठ

नाती / बुहारी / नातीनी / ज्वाईंहरू
श्री अरविन्द्र बहादुर/अन्जना अमात्य
श्रीमती अनीमा/ज्ञानेन्द्र हयोंजु
श्रीमती नीमा/विनीत राजभण्डारी
श्रीमती डा. रोशी/संकेश सुवेदी
श्री दिपेश/डा. रन्जिता गोर्खाली
श्री समरेन्द्र/सेफिना मास्के
श्रीमती डा. श्रद्धा गोर्खाली
श्रीमती इना/जय श्रेष्ठ
श्री शेखर/प्रमिला मास्के
श्रीमती डा. ऐशा/सुबिन श्रेष्ठ
श्रीमती स्मीता/अनिश चौहान
श्री आदित्य/मौरिन पिया
श्री रोमेन्द्र बहादुर/रिचा अमात्य
श्री अरनीको/शुभेच्छा पिया
श्रीमती नितिका/प्रतिक अमात्य
श्री विख्यात श्रेष्ठ
श्री निजित सिन्या

नाती / नातीनीहरू
सुश्री निभा प्रधानाङ्ग
श्री शौर्य बहादुर प्रधानाङ्ग
श्री नेभान बहादुर प्रधानाङ्ग

एवं समस्त परिवारजन

एन्फाको परिमार्जित क्यालेन्डरमा महिला टोलीलाई प्राथमिकता

एन्फाले मंगलबार सार्वजनिक गरेको क्यालेन्डरअनुसार महिला खेलाडी तीनवटा मैत्रीपूर्ण खेलमा सहभागी हुँदा पुरुष टोलीले एएफसीको आधिकारिक प्रतियोगितामा मात्र प्रतिस्पर्धा गर्नेछ



श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)ले एकै वर्ष दुईपटक वार्षिक क्यालेन्डर सार्वजनिक गरेको छ। एन्फाले मंगलबार घरेलु तथा अन्तर्राष्ट्रिय प्रतियोगितासहित नयाँ क्यालेन्डर सार्वजनिक गरेको हो। गत वैशाखमा धुलिखेलमा भएको साधारणसभामा एन्फाले वार्षिक गतिविधितसहितको क्यालेन्डर सार्वजनिक गरेको हो। गत वैशाख २६ मा वर्ष २०८२ को क्यालेन्डर अनुसार एन्फाले कुल ३५ कार्यक्रम सार्वजनिक गरेको थियो। नयाँ क्यालेन्डरमा १५ खेल समावेश छन्।

योपटक एन्फाले पुरुषभन्दा महिला सहभागी खेललाई पहिलो प्राथमिकतामा राखेको छ। एन्फाले महिला फुटबलरलाई सक्रिय बनाउन घरेलु तथा अन्तर्राष्ट्रिय खेलहरू थपेको छ। महिला टोलीले केही अन्तर्राष्ट्रिय फुटबल खेल्नेछन्। एन्फाले महत्त्वपूर्ण फुटबल प्रतियोगिताका रूपमा रहेको नेपाल सुपर लिग (एनएसएल) सूचीबाट हटाइएको छ। यसअघिको क्यालेन्डरमा एनएसएल समावेश गरिएको थियो। तीन वर्षदेखि हुन नसकेको सहिद स्मारक 'ए' डिभिजन लिगको स्थानमा पुरुष खेलाडीहरूले एनएसएल लिगमा आबद्ध हुँदै आफूलाई सक्रियता बनाइरहेका छन्।

तर, एनएसएल लिग क्यालेन्डरमै समावेश हुँदा अब व्यावसायिक फुटबल खेल्ने सपना बोकेका खेलाडीहरूले यो वर्ष त्यत्तिकै बस्नेछन्। एन्फाका प्रवक्ता सुरेश शाहले एनएसएल लिग आफूहरूको नभएकाले क्यालेन्डरमा समावेश नगरेको बताएका छन्। 'एनएसएल लिग एन्फाले आयोजना गर्ने होइन,' शाहले भने, 'यसको आयोजक अर्कै हो। उहाँहरूले नै प्रतियोगिताको मिति तय गर्नेछ। हामीले अन्य फुटबल प्रतियोगितासँग नजुध्ने गरी मिति दिन्छौं।'

प्रवक्ता शाहले चौथो संस्करणको एनएसएलका आयोजकलाई प्रतियोगिता गर्न सेप्टेम्बरदेखि नोभेम्बरसम्म समय दिएको बताए। एन्फाले नयाँ क्यालेन्डरलाई संशोधन गरिएको जनाएको छ। 'यो नयाँ क्यालेन्डर तत्काल कार्यान्वयन हुने रूपमा सार्वजनिक गरिएको हो,' उनले भने, एन्फाको वार्षिक क्यालेन्डर छँदै छ। त्यसमा केवल केही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा थपिएको हो।'

परिमार्जित गरिइएको क्यालेन्डर २४ असोज देखि १७ चैतसम्म १५ प्रतियोगिता समावेश छ। प्रवक्ता शाहले अन्तर्राष्ट्रिय विन्डोअनुसार फुटबल प्रतियोगिताका खेल तालिका मिलाउनुपर्ने भएकाले फेरिएको बताए। एन्फाले यो वर्ष 'ए' डिभिजन लिगसहित एन्फा महिला च्याम्पियनसिप, सहिद स्मारक महिला लिग, महिला सुपर लिग, एन्फा प्रेसिडेन्ट लिग, एन्फा महिला लिग, 'सी' डिभिजन लिग, एन्फा यु-१६ युथ र १८ लिगजस्ता घरेलु फुटबलका कार्यक्रम आयोजना गर्ने मिति सार्वजनिक गरेको छ।

तीनवटा मैत्रीपूर्ण खेल

एन्फाको परिमार्जित क्यालेन्डरमा नेपाली राष्ट्रिय महिला फुटबल टोलीले विशेष प्राथमिकतामा पाएको छ। चैतसम्मको क्यालेन्डर सार्वजनिक हुँदा महिला टोलीले तीन अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेल्नेछ। एन्फाका अनुसार महिला टोलीले पहिलो मैत्रीपूर्ण खेल ९ कात्तिकमा भारतको सिक्किममा घरेलु टोली भारतसँग खेल्नेछ। ८ देखि १६ मंसिरसम्म इन्डोनेसियामा हुने त्रिदेशीय मैत्रीपूर्ण प्रतियोगितामा महिला टोली सहभागी हुनेछ। सो प्रतियोगितामा नेपालले १० मंसिरमा इन्डोनेसियाविरुद्ध पहिलो खेल खेल्नेछ। १६ मंसिरमा चाइनिज ताइपेईसँग नेपालले दोस्रो खेल खेल्ने तालिका छ।

महिला खेलाडी अन्तर्राष्ट्रिय मैदानमा सक्रिय रहँदा पुरुष राष्ट्रिय टोलीका कुनै अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेल छैन। पुरुष टोलीले एएफसीका आधिकारिक प्रतियोगितामा खेल्नेछ। नेपाली पुरुष टोलीले २१ भदौमा बंगलादेशसँग मैत्रीपूर्ण खेल खेलेको थियो।

सबै कार्यक्रम समयमै हुन्छ

● **सुरेश शाह**, प्रवक्ता, एन्फा



एन्फाले यो तत्काल कार्यान्वयन हुने कार्यक्रम सार्वजनिक गरेको हो। हाम्रो वार्षिक क्यालेन्डर छँदै छ। ती पनि कार्यान्वनय हुनेछन्। केही अन्तर्राष्ट्रिय विन्डोअनुसार तालिका मिलाउनुपर्ने भएकाले समयचाहिँ फेरिएको छ। हामी आर्थिक वर्ष ०८२/८३ भित्र सबै प्रतियोगिता निर्धारित समयमै पूरा गर्छौं। एनएसएल लिगको विषयमा आयोजकले कुनै एजेन्डा नै ल्याउनुभएन। फेरि यो हामीहरूको कार्यक्रम होइन। उहाँहरूले प्रतियोगिता आयोजना गर्ने मिति मान्नुभयो भने हामी अन्य फुटबल प्रतियोगितासँग नजुध्ने गरी समय दिन्छौं।

'ए' डिभिजन लिग ६ महिना चल्ने

एन्फाले ०७९ साल देखि आयोजना गर्न नसकेको सहिद स्मारक 'ए' डिभिजन लिगको सुरु र समाप्तिको मिति सार्वजनिक गरेको छ। होम एन्ड अवे फर्म्याटमा आयोजना हुने 'ए' डिभिजन लिग यस वर्षको ९ पुस देखि ०८३ को २६ असारसम्म चल्ने एन्फाले जनाएको छ। यो लिग ६ महिनासम्म चल्ने छ। एन्फाले मोसफलमा समेत लिग आयोजना हुने जनाउँदा यसको मैदान भने तोकेको छैन। लिगमा सहभागी १४ क्लबहरूले होम एन्ड अवे अनुसार हुने 'ए' डिभिजन लिगमा प्राविधिक समस्या आउने जनाएका छन्।

एन्फाले 'ए' डिभिजन लिग आयोजना र अन्य गतिविधिको निर्णय गर्न २६ असोजमा क्लबका अध्यक्ष र महासचिवहरूलाई बैठकमा बोलाएको छ। जेन-जी आन्दोलका कारण स्थगित भएको एन्फा यू-१६ लिग सुचारु हुने भएको छ। नयाँ क्यालेन्डरअनुसार यो लिग अब १६ कात्तिकदेखि ६ मंसिरसम्म चल्नेछ। यसैगरी, ललित स्मृति यू-१८ युथ लिग २९ मंसिरदेखि सुरु हुने जनाएको छ। तर, ललित स्मृति लिग कहिले सकिने एन्फाले टुंगो लगाएको छैन। यो खेल एन्फा कम्प्लेक्समा हुनेछ।

फुटसलका कार्यक्रम नै छैन

एएफसीले एएफसी फुटबल च्याम्पियनसिपको छनोट प्रतियोगितामा सहभागी नभएको एन्फालाई १० हजार डलर जरिवाना गरेको थियो। फुटसलले कारबाहीमा परेको एन्फाले परिमार्जित गरेको क्यालेन्डरमा कुनै पनि खेल समावेश गरेको छैन। गत वैशाखको क्यालेन्डरमा भने समावेश थियो। एन्फाले यसअघि फुटसल क्वालिफायर्सको पहिलो राउन्ड र दोस्रो राउन्ड हुने भनिएको थियो। फुटसलकै शीर्ष डिभिजन लिग २०२५ तेस्रो कार्यक्रम हो। यो जुलाईदेखि अगस्टसम्म सञ्चालन हुनुपर्ने थियो। एन्फा इन्टरकलेज फुटसल र एन्फा महिला फुटसल च्याम्पियनसिप अघिल्लो क्यालेन्डरमा थियो। एन्फाले इन्टरकलेज २ देखि २७ नोभेम्बरसम्म गर्ने भनेको थियो। महिला फुटसल पनि डिसेम्बरमा हुनुपर्ने थियो। अहिले यो छैन।

डेम्बेलेले पहिलोपटक जिते बालोन डिअर

सन् २०२४/२५ को सिजनमा ओस्मान डेम्बेलेले पिएसजीबाट ५३ खेलमा ३५ गोल र १४ असिस्ट गरेका थिए



एजेन्सी

फ्रेन्च क्लब पेरिस सेन्ट जर्मेन (पिएसजी)का स्ट्राइकर ओस्मान डेम्बेलेले पहिलोपटक बालोन डिअर उपाधि जितेका छन्। गत वर्ष पिएजीलाई ट्रेबेल उपाधि दिलाउने क्रममा डेम्बेलेले उत्कृष्ट प्रदर्शन गरेका थिए। २८ वर्षीय फ्रेन्च स्ट्राइकर डेम्बेलेले २०२४/२५ को सिजनमा पिएसजीबाट ५३ खेलमा ३५ गोल र १४ असिस्ट गरेका थिए। उनको प्रभावशाली प्रदर्शनमा पिएसजीले युरोपियन च्याम्पियन्स लिग, फ्रेन्च लिग वान र फ्रेन्च कपको उपाधि जितेको थियो। साथै, उनी २१ गोलका साथ लिग वानमा संयुक्त शीर्ष गोलकर्ता बनेका थिए। गत वर्ष डेम्बेले फ्रेन्च शीर्ष डिभिजन र च्याम्पियन्स लिग प्लेयर अफ दी इयर पनि घोषित भएका थिए।

डेम्बेलेले बालोन डिअर उपाधि जित्दा बार्सिलोनाका १८ वर्षीय लामिन यामाल दोस्रो स्थानमा रहे। यद्यपि, यामालले कोपा ट्रफीका रूपमा उत्कृष्ट युवा खेलाडीको अवार्ड जितेका छन्। यसपटकको बालोन डिअर अवार्डमा शीर्ष १० मध्ये पाँच खेलाडी पिएसजीका थिए। पिएजीका भिटिन्हा (तेस्रो), अचराफ हाकिमी (छैटौं), जियानलुइगी डोनारुम्मा (नवौं) र नुनो मेन्डेस (दसौं) स्थानमा रहे। लिभरपुलका मोहम्मद सलाह चौथो र चेल्सीका इंग्ल्यान्डका कोल पाल्मर आठौं स्थानमा रहेका छन्। गत सिजन पिएसजीलाई तीन प्रमुख उपाधि दिलाएका लुइस एनरिक वर्षको उत्कृष्ट प्रशिक्षक बनेका छन्।

सन् २०१७ मा डेम्बेलेलाई स्पेनिस क्लब बार्सिलोनाले बोरुसिया डर्टमन्डबाट अनुबन्ध गरेको थियो। पिएसजीले उनलाई २०२३ मा ४३.५ मिलियनमा पाउन्ड अनुबन्ध गरेको थियो। उनले फ्रान्सको राष्ट्रिय टोलीबाट २०२४-२५ को जितमा सात खेलमा दुई अन्तर्राष्ट्रिय गोल गरेका थिए। बालोन डिअर अवार्ड जित्ने डेम्बेले समग्रमा छैटौं फ्रेन्च खेलाडी हुन्। फ्रान्सका लागि अन्तिमपटक करिम बेन्जेमाले सन् २०२२ मा यो अवार्ड हात पारेका थिए।

आर्सनलका स्ट्राइकर भिक्टर ग्योकेरेसले २०२४-२५ मा युरोपेली फुटबलमा क्लब र देशका लागि सर्वाधिक गोल गर्ने खेलाडीलाई दिइने गेर्ड मुलर ट्रफी जितेका छन्। उनले गत वर्ष पोर्चुगिज क्लब स्पोर्टिङका लागि ५२ खेलमा ५४ गोल र स्विडेनका लागि ६ नेसन्स लिग खेलमा नौ गोल गरेका थिए। इटालियन गोलरक्षक डोनारुम्माले उत्कृष्ट गोलरक्षकको उपाधि हात पारे। २६ वर्षीय डोनारुम्माले पिएसजीका लागि ४७ खेलमा १७ क्लिनसिट राखे। यसै सिजन उनी म्यानचेस्टर सिटीमा २६ मिलियन पाउन्डमा आबद्ध भएका थिए।

बालोन डिअर विजेता २०२५

उत्कृष्ट पुरुष	**ओस्मान डेम्बेले** (फ्रान्स)
उत्कृष्ट महिला	**एइताना बोनमती** (स्पेन)
उत्कृष्ट युवा पुरुष	**लामियन यमाल** (स्पेन)
उत्कृष्ट युवा महिला	**फिकी लोपेज** (स्पेन)
उत्कृष्ट गोलरक्षक पुरुष	**जयानलुजी** (इटाली)
उत्कृष्ट महिला गोलरक्षक	**हाना हाम्पटन** (इंग्ल्यान्ड)
उत्कृष्ट पुरुष स्ट्राइकर	**भिक्टोर ग्योकेरेस** (स्विडेन)
उत्कृष्ट महिला स्ट्राइकर	**इवा पाजोर** (पोल्यान्ड)
उत्कृष्ट प्रशिक्षक पुरुष	**लुइस एन्रिक** (स्पेन)
उत्कृष्ट महिला प्रशिक्षक	**सरिना विगमान** (नेदरल्यान्ड्स)
उत्कृष्ट पुरुष टोली	**पिएसजी** (फ्रान्स)
उत्कृष्ट महिला टोली	आर्सनल (इंग्ल्यान्ड)

बोनमतीले गरिन ह्याट्रिक

बार्सिलोनाकी स्टार आइताना बोनमतीले लगातार तेस्रोपटक महिला बालोन डिअर जितेकी छिन्। यसपटक बोनमतीलाई इंग्ल्यान्डकी गोलरक्षक हान्ना ह्याम्पटनले चुनौति दिएकी थिइन्। बोनमतीले उपाधिमाथि ह्याट्रिक गर्न सहज नभएको बताइन्। 'तेस्रोपटक यहाँ उभिँदा अझै विश्वास लागिरहेको छैन। म बार्सिलोनाप्रति सधैँ ऋणी छु,' उनले भनिन्। गत सिजनमा बार्सिलोनाको महिला टोलीले ट्रेबल उपाधि जितेको थियो। युरोपियन च्याम्पियन्स लिगमा बार्सिलोना उपविजेता बनेको थियो। महिला फुटबलमा लगातार पाँचौं वर्ष बार्सिलोनाकै खेलाडीले बालोन डिअर जितेका छन्।

एनरिक बने वर्षको उत्कृष्ट प्रशिक्षक

पिएसजीलाई ट्रेबल उपाधि दिलाएका प्रशिक्षक एनरिक वर्षको उत्कृष्ट प्रशिक्षक बने। एनसिकले अवार्ड जित्न बार्सिलोनाका हान्सी फ्लिक, लिभरपुलका आर्ने स्लट, चेल्सीका एन्जो मारेस्का र नेपोलीका अन्टोनियो कन्टेलाई पछि पारे। एन्रिकले पहिलोपटक पिएसजीलाई च्याम्पियन्स लिग दिलाएका थिए। पिएसजीले फ्रेन्च लिग १, फ्रेन्च कप र फ्रेन्च सुपर कपसमेत हात पारेको थियो। यो उपलब्धि हासिल गर्ने पिएसजी पहिलो फ्रेन्च क्लब हो।

नेपाली क्रिकेट टोलीको अब नयाँ जर्सी

नयाँ पत्रिका

नेपाल क्रिकेट संघ (क्यान)ले नेपाली क्रिकेट टोलीको नयाँ जर्सी सार्वजनिक गरेको छ। क्यानले नयाँ जर्सीमा पहिलेको भन्दा केही परिमार्जन गरिएको छ। अहिलेको जर्सी गाढा नीलो र रातो रङ छ। नयाँ जर्सीमा काँधमा नेपालको झन्डाको चन्द्र र सूर्यअंकित छन्। यसको बिचमा प्रायोजक नासा सेक्युरिटिजको लोगो छ। नेपाली खेलाडीले नयाँ जर्सीमा वेस्ट इन्डिजविरुद्धको टी-२० आई सिरिजमा प्रतिस्पर्धा गर्नेछ। वेस्ट इन्डिजविरुद्ध प्रतिस्पर्धा गर्न नेपाली टोली युएईमा पुगिसकेको छ। नेपालले पहिलोपटक आइसिसी टी-२० विश्वकपको दुईपटक च्याम्पियनसँग प्रतिस्पर्धा गर्न लागेको हो। यसअघि आइसिसीको टेस्ट मान्यताप्राप्त राष्ट्रहरू आयरल्यान्ड, बंगलादेश र दक्षिण अफ्रिकाविरुद्ध नेपालले प्रतिस्पर्धा गरिसकेको थियो। गत वर्ष अमेरिका र वेस्ट इन्डिजले आयोजना गरेको आइसिसी टी-२० विश्वकपमा नेपालले दक्षिण अफ्रिका र बंगलादेशविरुद्ध प्रतिस्पर्धा गरेको थियो।



नयाँ जर्सीमा गाढा नीलो र रातो रङको प्रयोग भएको छ। त्यस्तै, एकतर्फको काँधमा नेपालको झन्डाको चन्द्र र अर्कोतर्फको काँधमा सूर्यअंकित छ। त्यस्तै, जर्सी स्पोन्सर नासा सेक्युरिटिजको लोगो जर्सीको बिच भागमा कायम छ। जर्सीको तल्लो भागमा सगरमाथाको संकेत गर्ने चित्र पनि समावेश छ। यसअघि नेपालको नाम लेख्दा पहँलो रङको प्रयोग भएकोमा नयाँ जर्सीमा सेतो रङकै प्रयोग भएको छ।



आइएलटीको अक्सनमा आश्विन महँगो खेलाडी

एजेन्सी

भारतीय राष्ट्रिय क्रिकेट टोलीका पूर्वखेलाडी रविचन्द्रन आश्विन आइएलटी टी-२० सिरिजको अक्सनमा महँगा खेलाडीका रूपमा सूचीकृत भएका छन्। गत वर्ष मात्र उनले विश्वकै महँगो तथा चर्चित फ्रेन्चाइज इन्डियन प्रिमियर लिग (आइपिएल)बाट सन्न्यास लिएका थिए। आइपिएलबाट सन्न्यास लिएपछि उनी पहिलोपटक अन्य टी-२० सिरिजमा आबद्ध हुन खोजेका हुन्।

दुबईमा १ अक्टोबरमा हुने आइएलटीको अक्सनमा आश्विनले आफ्नो मूल्य एक लाख २० हजार अमेरिकी डलर राखेका छन्। अक्सनमा आश्विनलाई कुनै पनि सहभागी टोलीले अनुबन्ध गरे उनी आइपिएलबाहेक अन्य फ्रेन्चाइज लिग खेल्ने पहिलो भारतीय खेलाडी बन्नेछन्। आइएलटीले मंगलबार लिगका लागि आठ सय खेलाडीले अक्सनमा नाम दर्ता गराएको जनाएको छ। भारतबाट थप २४ खेलाडीले पनि नाम समावेश गरेका छन्। सबै खेलाडीको सूची प्राप्त भएपछि अक्सन हुनेछ। ६ टोली सहभागी हुने चौथो संस्करणको आइएलटी टी-२० लिग सन् २०२६ को २ डिसेम्बरदेखि ४ जनवरीसम्म चल्ने छ। आश्विनले आफू अनुबन्ध भए पूरै सिजन खेल्ने जनाएका छन्। 'जीवनमा पहिलोपटक आइपिएलपछि अन्य लिगमा आबद्ध हुने प्रयास गरिरहेको छु,' उनले भने, 'यो लिगमा पूरै समय बिताउनेछु।'

२१ खेलाडीसम्म किन्न पाउने

आयोजकले ६ फ्रेन्चाइज टोलीलाई आइएलटीमा थोरैमा १९ तथा धेरैमा २१ खेलाडीसम्म अनुबन्ध गर्न पाउने जनाएको छ। अक्सनबाट १९ जन खेलाडी टोलीले किन्न सक्नेछन्। त्यसपछि फ्रेन्चाइज टोलीले थप चारजना खेलाडी वाइल्ड कार्डबाट भित्र्याउन सक्छन्। आइएलटीमा युएईका चार, कुवेत र साउदी अरेबियाबाट समान एकजना खेलाडी अनिवार्य रूपमा भित्र्याउनुपर्ने नियम बनाइएको छ। यसैगरी, एसोसिएट राष्ट्रका दुई खेलाडी पनि अनिवार्य रूपमा अनुबन्ध गर्नुपर्ने आयोजकले जनाएको छ। सहभागी टोलीले अक्सनमा धेरैमा आठ लाख अमेरिकन डलर खर्च गर्न छुट दिइएको छ। एक खेलाडीले अक्सनमा आफूलाई धेरैमा एक लाख ५० हजार अमेरिकी डलरसम्म मूल्य राख्न पाउनेछ। सोही नियमअनुसार आश्विनले आफ्नो मूल्य तोकेका हुन्।

चार क्लबको चासो

आश्विनले आइपिएलपछि विश्वका अन्य चर्चित लिगमा आबद्ध भएर प्रतिस्पर्धा गर्ने योजना बनाएका छन्। युएईको आइएलटीपछि उनले अस्ट्रेलियाको बिगबासमा आबद्ध हुन सक्ने जनाएका छन्। आइपिएलपछि बिगबास दोस्रो महँगो टी-२० फ्रेन्चाइज लिग हो। यसमा आबद्ध सिड्नी थन्डर, होबार्ट हुरिक्यान्स, सिड्नी सिक्सेज तथा एडिलेड स्ट्राइकले आश्विन अनुबन्ध गर्न प्रक्रिया सुरु गरेको भारतीय एजेन्सीले जनाएको छ। यी चारमध्ये सिड्नी थन्डर र सिड्नी सिक्सेजले उनलाई महँगो रकम खर्चन तयार छन्। अहिलेसम्म भारतको राष्ट्रिय टोलीमा आबद्ध भएका क्रिकेटरले बिगबास खेलेका छैनन्। तर, अन्य फ्रेन्चाइज लिगमा भने सीमित भारतीय क्रिकेटरले प्रतिस्पर्धा गरेका छन्।

सन् २०२३ मा दक्षिण अफ्रिकाको एसए टी-२० लिगमा दिनेश कार्तिकले प्रतिस्पर्धा गरेका थिए। सन् २०२४ को जनवरीमा अम्वाती राइडुले क्यारेबियन लिग खेले। उनी सेन्ट किट्समा आबद्ध भएका थिए। कुनै समय आइपिएलकै स्टार खेलाडीमा रहेका रोविन उथप्पा तथा युसुफ पठानले दुबई क्यापिटल्सबाट आइएल टी-२० लिग खेलेका थिए। सन् २०२३ मा सुरेश रैनाले अबुधाबीबाट प्रतिस्पर्धा गरे। रैनाले टी-१० लिग खेलेका हुन्।

■ यू-१७ टोलीको सेमिफाइनल तयारी



काठमाडौं/ नेपालले साफ यू-१७ च्याम्पियनसिपको सेमिफाइनलमा बिहीबार बलियो प्रतिद्वन्द्वी भारतको सामना गर्दै छ। भारतविरुद्ध प्रतिस्पर्धा गर्नुअघि नेपालले मंगलबार श्रीलंकाको कोलम्बोमा अभ्यास गरेको छ। समूह 'बी'को अन्तिम खेलमा पाकिस्तानलाई ३-२ ले हराउँदै भारत समूह विजेता बनेको छ। यससँगै समूह 'बी'को उपविजेता नेपालले भारतलाई प्रतिद्वन्द्वीका रूपमा पाएको हो। नेपालका प्रशिक्षक सञ्जित श्रेष्ठले भारतविरुद्ध खेलाडी मानसिक रूपमा तयार भएको बताएका छन्। प्रतियोगितामा भारत सर्वाधिक ६ पटकको च्याम्पियन हो। नेपाल चारपटकको उपविजेता हो।

खेल संक्षेप

झापा महिला गोल्डकपको विजेताले १० लाख पाउने

काठमाडौं/ झापा महिला गोल्डक पको विजेता टोलीले १० लाख रुपैयाँ पाउने भएको छ। आयोजक गोल्डकप समितिले मंगलबार पहिलो तथा दोस्रो हुने टोलीको पुरस्कार धनराशि सार्वजनिक गरेको हो। मोसफलमा आयोजना हुने सर्वाधिक पुरस्कार राशिको झापा महिला गोल्डकप प्रतियोगिता १५ देखि २२ कात्तिकसम्म हुनेछ। उपविजेताले पाँच लाख रुपैयाँ पाउनेछ। आयोजकका अनुसार सर्वोत्कृष्ट खेलाडीले १ एक लाख ५० हजार रुपैयाँ प्राप्त गर्ने छन्। यसैगरी, उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर, स्ट्राइकर, उदीयमान खेलाडी, प्रशिक्षक र उच्च गोलकर्ताले जनही २५ हजार रुपैयाँ पुरस्कार पाउनेछन्। प्लेयर अफ दी म्याचलाई १५ हजार रुपैयाँ दिइनेछ। शिवशताक्षीको दुधे रंगशालामा हुने प्रतियोगितामा ८ टोलीले भाग लिनेछन्। त्रिभुवन आर्मी, नेपाल एपिएफ र नेपाल पुलिस क्लबले प्रतिस्पर्धा गर्ने निश्चित गरेका छन्।

JHAPA WOMEN'S GOLD CUP

नेपोली सिरिएको शीर्ष स्थानमा

रोमा/ नेपोलीले पिसा एफसीलाई ३-२ ले हराउँदै इटालियन सिरिज 'ए' लिगको शीर्ष स्थान कब्जा जमाएको छ। लिगमा लगातार चार जित निकालेको नेपोलीले १२ अंक जोडेको छ। पिसाले चार खेलमा एक अंक बनाएको छ। यो टोली अंकतालिकाको १९औं स्थानमा छ। अर्मान्डो म्याराडोना रंगशालामा सोमबार राति भएको खेलमा नेपोलीलाई जित दिलाउन विली गिलमोर, लियोनार्दो स्पिनाजोला र लोरेन्जो लुकाले समान एक गोल गरेका थिए। पिसाका लागि एम बाला र लारेनले गोल गरे। खेलको ७३औं मिनेटमा नेपोली २-१ ले अगाडि थियो।

मार्सेलेको रोमाञ्चक जित

पेरिस/ मार्सेले फ्रेन्च लिग वानमा सोमबार राति पेरिस सेन्ट जर्मेन (पिएसजी)लाई १-० ले निराश बनाएको छ। लिगमा पहिलो हारको सामना गरेको साबिक विजेता पिएसजीले पाँच खेलमा १२ अंक जोडेको छ। पिएसजी दोस्रो स्थानमा छ। नौ अंकका साथ मार्सेले छैटौं स्थानमा उक्लिएको छ। भेलोड्रोम रंगशालामा नायफ एगुएर्डले मार्सेलेलाई जित दिलाउन एकमात्र गोल गरेका थिए। उनले खेलको पाँचौं मिनेटमा गोल गरेका हुन्। मेसन ग्रिनउडको प्रहारलाई पिएसजीका गोलरक्षक लुकास सेभालियरले रोकेका थिए। रिबाउन्ड बललाई एगुएर्डले गोल गरे।

६ टोलीले भित्र्याए ८४ खेलाडी

काठमाडौं/ तिलोत्तमा क्रिकेट लिग (टिसिएल)को अक्सनमा ६ फ्रेन्चाइज टोलीले ८४ खेलाडी भित्र्याएको छ। फ्रेन्चाइज आधारितमा हुने टी-२० क्रिकेट लिगमा ६ टोलीले अक्सनमार्फत समान १४ खेलाडी अनुबन्ध गरेको आयोजक तिलोत्तमा क्रिकेट विकास समितिले जनाएको छ। प्रत्येक टोलीका कप्तान र मार्की खेलाडीले १० हजार रुपैयाँ प्राप्त गरेका छन्। बाँकी खेलाडीले पाँच हजार रुपैयाँ पाएको आयोजकले जनायो।

द रिभाइभलियन्सको कप्तान सिद्धार्थ ढकाल र मार्की खेलाडी प्रिन्स पाल रहेका छन्। खेलसिकी ओर्कासको कप्तानी अन्जिला पाठकले गर्नेछिन्। उनी ६ टोलीमध्ये एक मात्र महिला कप्तान हुन्।

उनको टोलीमा मार्की खेलाडी सुशान्त सुवेदी रहेका छन्। बुटवल डायनामाइटको कप्तानी सागर गैरेले गर्नेछन् भने मार्की खेलाडी सुप्रीम कँडेल रहेका छन्। नेपथ्य इगलको कप्तान लक्ष्मण कुम्हाल र मार्की खेलाडी समीर अली रहेका छन्। विश्व लायन टर्टल्सको कप्तानी आशुतोष पाण्डेले गर्नेछन्। उनको टोलीको मार्की खेलाडी शुभम खनाल रहनेछन्। पी-२ केडीको कप्तानी सागर भण्डारीले गर्नेछन् भने मार्की खेलाडीमा रुद्रांश भट्टराई छन्। प्रतियोगिता १९ असोजदेखि एक्स्ट्राटेक ओभल क्रिकेट ग्राउन्डमा सुरु हुनेछ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com